नेपाल

# निर्वाचन समाचार सम्प्रेषण

## प्रशिक्षक प्रशिक्षण निर्देशिका-२०७०



राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक)
National Election Observation Committee (NEOC)

# निर्वाचन समाचार सम्प्रेषण

## प्रशिक्षक प्रशिक्षण निर्देशिका–२०७०

राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक)
**National Election Observation Committee (NEOC)**

**Disclaimer:**

"This publication has been produced with the assistance of the European Union. The contents of this publication are sole responsibility of the assessment team and/ or NEOC and can in no way be taken to reflect the views of the European Union."

# निर्वाचन समाचार सम्प्रेषण
## प्रशिक्षक प्रशिक्षण निर्देशिका-२०७०


| | | |
|---|---|---|
| **सम्पादन** | : | डा. गोपाल कृष्ण सिवाकोटी |
| **लेखक** | : | देविका तिमिल्सिना/भोजराज तिमल्सिना |
| **विशेष सहयोग** | : | भवानी प्रसाद खरेल<br>कृष्ण प्रसाद सुवेदी<br>दीपिका नाइडू<br>विनोदकुमार विश्वकर्मा<br>गीता बिष्ट<br>विकल श्रेष्ठ |
| **प्रकाशक** | : | राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) |
| **प्रकाशित मिति** | : | भाद्र २०७० |
| **प्रकाशित प्रति** | : | २०० |


| | | |
|---|---|---|
| **सर्वाधिकार ©** | : | नियोकमा सुरक्षित |


| | | |
|---|---|---|
| **आर्थिक सहयोग** | : | यूरोपियन युनियन |
| **ले आउट/डिजाइन** | : | युनिग्राफिक्स, फोनः ०१ ६९१ २१५२/९८५ ११२ १८२६ |
| **मुद्रण** | : | गङ्गा जमुना प्रेस प्रा. लि., फोनः ०१ ४३८ ६९३४ |

# निर्वाचन समाचार सम्प्रेषणको सेरोफेरोमा



२०७० मंसिर ४ गते सम्पन्न हुने संविधानसभाको निर्वाचन नजिकिँदै आएको सन्दर्भमा राष्ट्रिय निर्वाचन पर्यवेक्षण समितिले मुलुकभर पर्यवेक्षण कार्यक्रम सम्पन्न गर्न र नागरिकमा मतदान गर्ने आफ्नो अधिकार सशक्त रुपले प्रयोग गर्न पाउने वातावरणको सिर्जना गर्ने दृष्टिकोणले निर्वाचन समाचार सम्प्रेषण प्रशिक्षक प्रशिक्षण निर्देशिका प्रकाशन गरिएको छ। प्रशिक्षकहरू स्वयम्मा स्वतन्त्र, निष्पक्ष तथा योग्य र जानकार भएमा मात्र निर्वाचन क्षेत्रमा खटिने अन्य सञ्चारकर्मीहरू प्रभावकारी ढंगले शिक्षित एवं दीक्षित बनाइ निर्वाचन समाचार संप्रेषण जस्तो अत्यन्त महत्वपूर्ण अभियानलाई प्रभावकारी बनाउन सकिने कुरा स्वतः सिद्ध छ। यिनै निर्दिष्ट उद्देश्य परिपूर्तिको निमित्त प्रकाशन गरिने यस पुस्तिकाले अवश्य नै सहयोग पुऱ्याउन सक्नेछ भन्ने कुरामा आफू विश्वस्त रहेको सबैमा अनुरोध गर्न चाहन्छु।

**सूर्यप्रसाद श्रेष्ठ**
**अध्यक्ष**
**राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक)**

# विषय सूचि


- राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) : एक झलक १
- प्रशिक्षक वा सहजकर्ताले ध्यान दिनुपर्ने कुराहरू ३
- संविधान र संविधानसभा ७
- निर्वाचन र सूचनाको हक ११
- सामाजिक लिङ्गभेद १४
- निर्वाचनको स्वतन्त्रतासम्वन्धी अन्तर्राष्ट्रिय व्यवस्था १६
- निर्वाचन पर्यवेक्षण र सञ्चार १९
- रिपोर्टिङका विषयवस्तु ३२
- संविधानसभा सदस्य निर्वाचन आचार संहिता–२०७० ३४
- पत्रकार आचारसंहिता, संशोधित तथा परिमार्जित–२०६४ ४५
- नियोक आचारसंहिता ५०
- संविधानसभा सदस्य निर्वाचन पर्यवेक्षण प्रतिवेदनको नमूना ५३
- अनुसूचिहरू

  अनुसूची – १ : सवारी साधान प्रयोग गर्ने निस्सा ५५

  अनुसूची – २ : निर्वाचन खर्चको सीमा ५६

  अनुसूची – ३ : निर्वाचन खर्चको विवरण (दफा ९६ उपदफा (१, २ र ३) सँग सम्बन्धित) ५७

  अनुसूची – ४ : निर्वाचन खर्चको विवरण (दफा ९६ उपदफा (३) सँग सम्बन्धित) ५८

- सन्दर्भ सामाग्रीहरु ५९
- नियोक केन्द्रीय कार्यसमिति तथा सचिवालय/स्वयंसेवक ६०

# राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक): एक झलक

राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) को स्थापना २०४८ मा भएको हो। नेपालको इतिहासमा यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग र समर्थनमा संस्थागत हिसावले निर्वाचन पर्यवेक्षणको थालनी २०४८ को आम निर्वाचनदेखि नै गर्न थालेको हो। नेपालका मानव अधिकार संस्थाहरूको पहलमा स्थापित यस संस्थाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा आफ्नो पहिचान बनाएको छ।

एशियन नेटवर्क फर फ्रि इलेक्सन (ANFREL) को नियोक संस्थापक सदस्य हो। यसको कार्यसमितिमा नियोक निर्देशक मण्डलको रूपमा सन् २००८ देखि रहेको छ। अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण अभियानहरूमा यसले सक्रियतापूर्वक सहभागिता जनाईरहेको छ।

## घोषित नीति

नियोक मानव अधिकारको विश्वव्यापी घोषणापत्रको मर्म र भावनाको सम्मान गर्दछ र निर्वाचनको निष्पक्षताको विश्वव्यापी अवधारणाको अनुसरण गर्दछ। सम्बद्ध सबै निकाय र संस्थाले निर्वाचनको निष्पक्षता र स्वतन्त्रतामा ठोस सहयोग पुग्ने कदम चाल्नुपर्दछ भन्ने हाम्रो मान्यता छ। लोकतन्त्रमा विश्वास गर्ने र निर्वाचनको माध्यमबाट सत्ता सञ्चालन गर्न आँतुर सबै राजनीतिक पार्टीहरूलाई निर्वाचनलाई बाधा पार्ने गरी कुनै हिंसात्मक गतिविधि नगर्न र निर्वाचन स्वतन्त्र, भयरहित र तटस्थ रूपमा सम्पन्न गराउन कानून, नीति निर्देशन र अन्तर्राष्ट्रिय मान्य सिद्धान्तको अनुसरण गर्न आग्रह गर्दछ। यसका साथै स्वतन्त्र निर्वाचनले मात्र भ्रष्टाचार र हत्या-हिंसाबाट मुलुकले मुक्ति पाउने तथा राजनीतिक शक्तिहरूले वैद्यता हासिल गर्ने भएकाले नियोक सम्बद्ध सबैसँग मतदाताले भय एवं हिंसारहित वातावरणमा निर्वाचन सम्पन्न गराउनु पर्ने मान्यता राखेको छ।

## आधारभूत उद्देश्यहरू

१. निर्वाचन पर्यवेक्षणका लागि कटिबद्ध राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ-संस्थाहरूका कार्यलाई एकीकृत र समन्वयात्मक रूपमा सञ्चालन गर्न साझा थलोका रूपमा रही समन्वयकारी भूमिका खेल्नु।
२. निर्वाचनपूर्व, निर्वाचनका दिन र निर्वाचनपश्चात्का सम्पूर्ण निर्वाचन क्रियाकलापको पर्यवेक्षण गर्नु।
३. निर्वाचनको स्वतन्त्रता कायम गर्न व्यापक जनचेतना अभिबृद्धि गरी विश्वसनीय निर्वाचन सम्पन्न गराउने अभियानमा संलग्न रहनु।
४. निर्वाचन प्रणाली, राजनीतिक विकास र लोकतन्त्रको सुदृढीकरण सम्बन्धी अध्ययन/अनुसन्धान गर्नु।

## अन्य सांगठनिक प्रावधानहरू

१. पाँच विकास क्षेत्रमा ६ वटा क्षेत्रीय समितिको व्यवस्था (मध्यमाञ्चलमा दुई क्षेत्र)
२. प्रत्येक क्षेत्रीय समितिमा एकजना क्षेत्रीय संयोजकको व्यवस्था
३. पचहत्तर जिल्ला समितिहरू र हरेक जिल्लामा एक एक जना जिल्ला संयोजकको व्यवस्था
४. देशभरमा दशहजार भन्दा बढी पर्यवेक्षकहरू एकैपटक परिचालन गर्ने व्यवस्था

## नियोकका उपलव्धिहरू

राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) को संयोजकत्वमा सर्वप्रथम २०४८ सालको प्रथम आमनिर्वाचनमा ९२ अन्तर्राष्ट्रिय र ३००० भन्दा बढी राष्ट्रिय पर्यवेक्षकले निर्वाचन प्रक्रियाको पर्यवेक्षण गरेका थिए। त्यसभन्दा अघि जनमत संग्रहपश्चात् पञ्चायती निर्वाचनको पर्यवेक्षण गर्न निर्वाचन पर्यवेक्षण नागरिक समितिको गठन

गरी पञ्चायती निर्वाचनकोसमेत पर्यवेक्षण गरिएको थियो । २०५१ को मध्यावधि निर्वाचनमा नियोकले १६५ विदेशी र ५,००० भन्दा बढी स्वदेशी पर्यवेक्षक परिचालन गरी निर्वाचन पर्यवेक्षण सम्पन्न गरेको थियो । त्यसैगरी, दुई चरणमा सम्पन्न २०५६ को आमनिर्वाचनमा नियोकले ८५ अन्तर्राष्ट्रिय र ६,००० भन्दा बढी स्वदेशी पर्यवेक्षकबाट पर्यवेक्षण सम्पन्न गरेको थियो। २०५९ को आमनिर्वाचनको घोषणासँगै नियोकको पुनर्गठन गरिएता पनि राजतन्त्रको अवाञ्छित हस्तक्षेप र अत्यन्तै विषम राजनीतिक परिस्थितिका कारण घोषित मितिमा आम निर्वाचन हुन सकेन। २०६४ सालमा सम्पन्न संविधानसभा चुनावमा नियोकद्वारा करिब १२,००० पर्यवेक्षक तथा सोही संख्यामा स्वयंसेवक एवं करिब चार दर्जनको संख्यामा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूको संयोजन र परिचालन गरी सशक्त, व्यापक एवं प्रभावकारी रूपमा पर्यवेक्षण गरिएको थियो। यसैगरी नियोकले निर्वाचन आयोगद्वारा संचालित फोटो सहितको नामावली दर्ता कार्यक्रमको राष्ट्रव्यापी रुपमा पर्यवेक्षण सम्पन्न गरी प्रतिवेदन सार्वजनिक गरेको छ। यसको अलावा नियोकको पहलमा "भावी संविधानमा निर्वाचन प्रलाणीको रुपरेखा" विषयक राष्ट्रव्यापी वहस कार्यक्रम सम्पन्न गरी प्राप्त सुझाव र सिफारिस संविधान सभा लगायत राजनीतिक दलहरू समक्ष पेश गरेको थियो। आसन्न संविधानसभा निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र र तटस्थरूपले सम्पन्न गराउन राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाजका सदस्यहरू समेतसँग देशका विभिन्न भागमा चरणबद्ध छलफल र विचार विमर्श जारी राखेको छ । संविधानसभा निर्वाचनलाई भयरहीत एवं पारदर्शी बनाउन तथा संविधान सभा सम्बन्धी जनचेतना अभिबृद्धि गर्न निर्वाचन शिक्षाको माध्यमबाट मुलुकभर विभिन्न कार्यक्रम संचालन गरिदैं छ ।

आसन्न संविधान सभा निर्वाचनको पर्यवेक्षण गर्नु चुनौती र अवसर बीचको अत्यन्तै ठूलो प्रयास हुनेछ । नियोकलाई यस प्रकृतिको निर्वाचन पर्यवेक्षणको अनुभव प्राप्त भइसकेको छ यद्यपी सामान्यतः आवधिक रूपमा हुने संसदीय निर्वाचन जस्तो यो निर्वाचन अवश्य पनि  होइन । काम र कार्यविधिका हिसाबले समेत यसका लागि कठोर अभ्यास एवं लगातारको समर्पण चाहिने स्पष्ट छ । नयाँ नियम-कानुन, निर्देशिका तथा निर्वाचन प्रणाली र प्रविधिलाई मतदाता समक्ष सरलीकृत ढंगले प्रस्तुत गर्न थप कसरत गर्नु परेको छ । यसको निम्ति नियोकले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय पर्यवेक्षण समूहहरूसँग समन्वयकारी भूमिका समेत खेलिरहेको छ।

नियोकले निर्वाचन आयोग, राजनीतिक दलहरू, सरकार, नागरिक समाज तथा अन्तर्राष्ट्रिय समुदायले समेत निर्वाचनको पूर्व तयारीमा निभाइरहेको भूमिकालाईसमेत पर्यवेक्षणको दायरामा राखेको छ। खास गरेर मतदाता नामावली दर्ता र नागरिकता राजनीतिक पार्टीहरूले निर्वाचन कार्यक्रमका क्रममा जारी गरिने घोषणापत्र, उम्मेदवार छनौट, उम्मेदवारी दर्ता, ऐन कानून निर्वाचनमा गर्ने खर्च, निर्वाचन अभियानमा गरिने व्यवहार तथा मतदातालाई  सुसूचित पार्न गरिएका कार्यकोसमेत अत्यन्त नजिकबाट पर्यवेक्षण गरिरहेको छ । निर्वाचन पर्यवेक्षण जस्तो महत्वपूर्ण कार्य एक्लै सम्भव हुँदैन । त्यसैले यस्तो गहन कार्य सम्पादन गर्न नागरिक समाजबाट प्रशस्त समूहहरू तयार हुन सक्दछन् र आफ्नो तर्फबाट स्वतन्त्र रूपमा पर्यवेक्षण गर्न सक्दछन् । यस भगिरथ कार्यलाई राजनीतिकरण गरिनु हुँदैन, राजनीतिक दृष्टिकोणबाट हेरिनु हुँदैन भन्ने नियोकको मान्यता छ । पर्यवेक्षकहरूको स्वतन्त्रता, व्यावसायिकता दक्षता र तटस्थता कायम हुनु पर्छ भन्ने नियोकको अवधारणा जगजाहेर छ।

नियोकद्वारा आमन्त्रित एवं संयोजन गरिएका अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू सन् २००५ मा पारित UN Declaration of Principles for International Election Observation and Code of Conduct for International Election Observers तथा राष्ट्रिय पर्यवेक्षकहरू सन् २०१० मा पारित Global Network of Domestic Election Monitors (GNDEM) का सिद्धान्तद्वारा निर्देशित भइ पर्यवेक्षण कार्यमा संलग्न हुनेछन् । नियोकद्वारा परिचालन हुने क्षेत्रीय, जिल्ला स्तरीय तथा निर्वाचन क्षेत्र स्तरीय पर्यवेक्षकहरूको अतिरिक्त विगतमा झैं राष्ट्रिय स्तरमा विशिष्ट व्यक्तिहरूबाट समेत मुलुकका विभिन्न क्षेत्रहरूमा निर्वाचन पर्यवेक्षण गरिने विशेष संयन्त्र निर्माण गरिने छ।

# प्रशिक्षक वा सहजकर्ताले ध्यान दिनु पर्ने विषय

## FACILITATOR (सहजकर्ता) को गुण र सीपहरू

| | | | |
|---|---|---|---|
| F | – | Forward | अग्रसर |
| A | – | Aware | सचेत |
| C | – | Capable | क्षमतावान |
| I | – | Intelligent | वौद्धिक |
| L | – | Laborious | मेहनती |
| I | – | Innovative | खोज गर्ने |
| T | – | Tactful | चलाख |
| A | – | Active | सक्रिय |
| T | – | Transferable | आदान-प्रदान गर्ने |
| O | – | Organizer | संगठक |
| R | – | Reliable | विश्वासिलो |




### सहजकर्ताको क्षमता

- एउटा असल सहजकर्ता विषयको विज्ञ नै हुनपर्छ भन्ने छैन ।
- एउटा सहजकर्तासित आन्तरिक र बाह्य समूह बनाउने क्षमता, द्वन्द्व समायोजन, रणनीतिक योजना आदि जस्ता क्षमताहरू हुन्छन्।
- सहजकर्ताले एजेण्डा र प्रक्रियाहरूलाई मौखिक रुपमा परिभाषित गर्न सघाउँछ।
- एउटा दक्ष सहजकर्ताले समुदायले स्वीकारेका नियमहरूलाई पालना गर्छ।
- कक्षा कोठा भित्र र बाहिर दुबै ठाउँमा सहभागीको लागि उपलब्ध हुनुपर्छ। त्यसैले सहजकर्ताको भूमिका सहभागीका लागि अभिमानपूर्ण देखिदैनन्। सहजकर्ता जहिले पनि छलफल र उपलब्धीलाई निर्देश गरिरहन्छ।
- असल सहजकर्ता असल सञ्चारकर्मी पनि हुन्छ।
- सहभागी-सहभागीबीच छलफल चलाउन प्रोत्साहित गर्छ, न कि आफू र सहभागीहरूबीच।

### काम गर्ने क्षमता विकास

तालिममा समूहसित काम गर्दा धेरै प्रकारका परिस्थितिको सामना गर्नुपर्छ। अथवा विभिन्न किसिमका व्यक्तित्वहरूसँग काम गर्नुपर्छ। त्यस्तो अवस्थामा सहजकर्ताले बढी संयमित र चलाखीपूर्ण तरिकाले व्यवहार गर्नुपर्छ।

- कतिपय सहभागीलाई आक्रामक हुँदा र बढी बहस गर्दा सन्तोष लाग्नसक्छ।
- सहजकर्तामा क्षमता कमजोर छ र त्यो भन्दा म बढी जान्दछु भन्ने घमण्ड कसैमा हुन्छ
- नियन्त्रणमा लिने स्वाभावको सहभागी भएमा विचार गर्नुपर्छ किनकि उसको प्रयास सम्भवतः तपाईलाई गलत साबित गराउने हुनसक्छ।

- सहभागीले कानेखुसी गर्छ र के भइरहेको छ भन्नेबारे महत्व राख्दैन र प्रशिक्षकको प्रस्तुतिप्रति व्यङ्ग्य गर्छ भने त्यो बेलामा तपाई सहजीकरण गर्न बन्द गर्नुस् र सबैजना चूप लागेर हेर्न थालेपछि अनुमति लिएर पुनः बोल्न थाल्नुहोस्।
- चुपचाप बस्ने सहभागी भएमा; उसलाई सजिलो प्रश्न सोध्नुहोस्, उसलाई बोल्न प्रोत्साहित गर्नुहोस्, उदाहरण दिंदा त्यस्तो व्यक्तिको नाम उल्लेख गरेर दिनुहोस् र उसको आत्मविस्वास बढाउने प्रयास गर्नुहोस्।
- साथसाथै पुनः कडा प्रश्न गर्ने, (नाम सहित उच्चारण गरेर), उसले नबोलेमा जसले जान्दछ उसलाई नाम सहित बोलाउँदै जवाफ माग्नु होस्। यसले पनि सहजीकरणमा मद्दत गर्छ।

## प्रवचनका गुणहरू

- एउटा प्रशिक्षकले प्रवचन दिँदा प्रस्तुती र विषयवस्तुमा दखल राख्नुपर्छ।
- प्रवचन त्यो सत्रको उद्देश्यभित्र हुनुपर्छ।
- परिचय पनि रोचक हुनुपर्छ।
- दिएको समयको ख्याल राख्नुपर्छ।
- प्रवचन सूचनामूलक हुनुपर्छ।
- प्रवचन सहभागीहरूको बुझाईसित मिल्ने हुनुपर्छ।
- प्रवचन लामो छ भने, त्यस्तोमा सहभागीलाई पनि समावेश गर्नुपर्छ।
- बस्ने प्रक्रियालाई मिलाएर सबै सहभागीहरूसित आँखा जुधाएर बोल्नुपर्छ।
- शारीरिक हाउभाउ सहभागीलाई आकर्षित गर्ने किसिमको हुनुपर्छ।
- विषयको गाम्भिर्यतालाई बुझ्नुपर्छ।
- प्रवचन गर्दा सरल भाषामा गर्नुपर्छ।

## रोचक परिचय

- सबैको नाम भन्ने।
- बल कोर्टमा फ्याकी परिचय गर्ने।
- जोडा मिलाउने।
- उखान टुक्काबाट जोड मिलाउने।
- आँखा बन्द गरी अर्को व्यक्ति छोएर परिचय गर्ने।
- नामको अगाडि विशेषणको प्रयोगसहित परिचय गर्ने।

## प्रशिक्षण विधी

- सामूहिक छलफल
- प्रवचन
- कथा वाचन
- मस्तिष्क मन्थन
- प्रश्नोत्तर

- घटना अध्ययन
- खेल खेल्ने
- अभिनय
- गीत गाउने
- स्थलगत भ्रमण
- भिडियो प्रर्दशन

**सम्भव भएसम्म स्रोत साधन**

- सूचना/योजना
- कोष
- भिडियो, रेकर्डर र क्यामरा

**सहभागीतामूलक तालिम व्यवस्था**

सहजकर्ता र सहभागीहरू साथै सहभागी सहभागीहरू बीच आदान-प्रदान गर्ने व्यवस्था।

**मस्तिष्क मन्थन**

सहजकर्ताले सहभागीहरूलाई आफूलाई त्यो बारेमा केही थाहा छैन भन्ने भान देखाउँदै सहभागीहरूसित प्रश्न गर्छन। त्यसमाथि सहभागीहरूले खुलेर छलफल गरे नगरेको र जवाफ दिन सके नसकेको परिक्षण गर्छन।

**यो प्रक्रिया प्रयोग**

- सहभागीलाई कुनै एक विषयमा प्रश्न गर्नुहोस्।
- सहभागीहरूलाई त्यो प्रश्नको जवाफ लेख्न लगाउनुहोस्।
- सबैले लेखेका विषयलाई छलफल गराउनुहोस्।
- कुनैलाई पनि अस्वीकार नगर्नुहोस्।
- फेरी समूहमा यसलाई छलफल गराउनुहोस्।
- त्यसपछि जुन त्यति सान्दर्भिक नभएका विषयलाई एकातिर राख्नुहोस्।
- सहभागीहरूकै सहयोगमा स्पष्ट गर्दै यसलाई प्रष्ट गर्नुहोस्।

**सहजकर्ताले ध्यान दिनुपर्ने कुरा :**

- सहजकर्ताले विषय बुझेको हुनुपर्छ।
- प्रतिवेदन सजिलो, सरल र बुझ्न सक्ने हुनुपर्छ।
- समय, तालिमको तिथी, मिति र ठाउँ सहभागीहरू सित परामर्श गरी तय गर्नुपर्छ।
- गोलो आकारमा बस्ने व्यवस्था मिलाउनुपर्छ।
- उद्देश्य बारे प्रष्ट पार्दै सहभागीसित छलफल चलाउनु पर्छ।
- सहभागीहरूले बुझेका छैनन् भन्ने धारणा राख्नु हुन्न।
- सहभागीलाई विषयबारे प्रशस्त छलफल गर्ने समय दिनु पर्छ।
- छलफललाई अन्त्य सम्म रोचक बनाउनुपर्छ।
- सहज वातावरण बनाउनु पर्छ।
- समयमा नै शुरु र अन्त्य गर्नुपर्छ।
- हरेक विषय र त्यसको उदेश्य बारे जानकारी गराउनुपर्छ।
- सबैलाई विषयबारे बुझ्न समय दिनु पर्छ।

- तालिमका लागि आवश्यक पद्धति प्रयोग गर्नु पर्छ।
- श्रव्यदृष्य लाई प्रयोग गर्नु पर्छ।
- हरेक सहभागीका सम्बन्धमा ध्यान दिनु पर्छ। उसले कति प्रगति गर्न सक्यो, बुझ्नु पर्छ।

**सहजीकरण प्रक्रिया**

- मस्तिष्क मन्थन (Brainstorming)
- समुह छलफल (Group Discussion)
- भूमिका निर्वाह (Role Play)
- प्रवचन (Lecture)

**संविधान निर्माणमा जनसहभागिता तथा नागरिक समाजको दायित्व**

- संविधानदसभाको उद्देश्य जनताको सहभागितामा संविधान निर्माण गर्ने प्रक्रिया हो।
- प्रत्येक नागरिकले आफ्नो भावना, इच्छा र चाहना प्रकट गर्नको लागि संविधानसभाको निर्वाचन प्रक्रियामा सहभागिता जनाउन आवश्यक हुन्छ।
- संविधानसभाको निर्वाचनको महत्व र प्रक्रिया बुझ्न/जान्न सबै नागरिकहरूले चासो राख्नुको साथै अग्रसर हुनु पर्दछ।
- प्रत्येक नागरिकहरूले स्थानीयस्तरमा पनि राजनीतिक दलहरू एवं तिनीहरूका भातृ संगठनहरूसँग अन्तरक्रिया/छलफल गरी संविधानसभाको महत्वको बारेमा स्पष्ट हुन आवश्यक छ।
- स्थानीयस्तरमा कार्यरत नागरिक समाज एवं गैरसरकारी संस्थाहरू समक्ष नबुझेको कुराहरू सोध्ने र आफूलाई लागेका कुराहरू सुझावको रूपमा पनि राखेर संविधानसभाबारे स्प्ट हुन सकिन्छ।
- संविधानसभाको निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष एवं धाँधली रहीत सम्पन्न गर्न मद्दत पुऱ्याउनु हरेक नागरिकको कर्तव्य तथा जिम्मेवारी हुन्छ।
- प्रत्येक नागरिकले संविधानसभाको निर्वाचनवारे सुसूचित भई सचेत र सजग भई निर्वाचनमा भाग लिई आफूलाई मन पर्ने उम्मेदवार र दललाई मतदान गर्नुपर्दछ।
- प्रत्येक नागरिकको प्रत्येक मतले राज्यको भावी रूपरेखा र स्वरूप निर्धारण गर्नमा महत्वपूर्ण भूमिका खेल्दछ।
- सबै वालिग नेपाली नागरिकहरूले कुनै स्वार्थ, डर, धाक-धम्की, र प्रलोभनमा नपरी स्वतन्त्रता पूर्वक आफ्नो मत दिई राज्यको लोकतान्त्रिक संविधान निर्माण गर्ने कार्यमा सहभागी भएर असल नागरिकको कर्तव्य, जिम्मेवारी र भूमिका निभाउनु पर्दछ।
- आफूसाथै आफ्ना परिवार, छर-छिमेकी, साथीभाइहरूलाई पनि कुनै डर, धाक, धम्की र लोभमा नफसी संविधानसभामा भाग लिनको लागि सुझाव र सल्लाह दिनु पनि असल नागरिकको कर्तव्य हुन आउँदछ।

# संविधान र संविधानसभा

सामान्य अर्थमा संविधान देशको मूल कानून हो। संविधान भन्दा माथि कोही हुँदैन। देशका सबै कानूनहरू संविधान अन्तर्गत बन्दछन्। संविधानले देशको सरकार, कानून बनाउने निकाय, न्याय सम्पादन गर्ने निकाय तथा सुरक्षा लगायतका विषयहरूमा आवश्यक व्यवस्था गरेको हुन्छ। ती निकायहरूको अधिकार र कर्तव्यलाई व्यवस्थित गरेको हुन्छ। देशको नीति र व्यवस्थाबारे संविधानमा उल्लेख गरिएको हुन्छ। शासन व्यक्तिको होइन विधिको हुनुपर्दछ भन्ने धारणाले नै संविधानलाई ठूलो र सर्वोच्च कानून एवम् मूल कानून मानेको हो।

### संविधानको परिभाषा

संवैधानिक कानूनका प्रोफेसर के.सी ह्वेरका अनुसार "संविधान देशको सम्पूर्ण शासन प्रणाली सञ्चालन गर्न जम्मा गरिएको नियमहरूको संग्रह हो। जसले सरकारको स्थापना एवम् सञ्चालनका साथै सरकारलाई नै शासन गर्दछ।" थोमस पेनको भनाइमा "संविधानले सरकारलाई वैधानिकता दिन्छ। सरकार संविधानको उपज हो। सरकार जनताले बनाउँदछन्। त्यसैले सविधान बनाउने सरकारको काम होइन।"

### नेपालमा संवैधानिक विकासक्रम

- नेपाल सरकार बैधानिक कानून, २००४
- नेपालको अन्तरिम शासन विधान, २००७
- नेपाल अधिराज्यको संविधान, २०१५
- नेपालको संविधान, २०१९
- नेपाल अधिराज्यको संविधान, २०४७
- नेपालको अन्तरिम संविधान, २०६३

### संविधान निर्माणका क्रममा संविधानसभा

संविधान कसरी बन्छ भन्ने बारेमा विश्वमा एकै प्रकारको अभ्यास पाइँदैन। संसारमा हालसम्म संविधान दुई प्रकारले निर्माण हुँदै आएको पाइन्छ :

- विज्ञहरूको समूह गठन गरी संविधान मस्यौदा समिति वा संविधान आयोग वा संविधान सुझाव आयोग आदि नाम दिएर निर्माण गर्ने।
- संविधानसभा गठन गरी जनताबाट चुनिएका प्रतिनिधिहरूद्वारा संविधान निर्माण गर्ने।

विश्वका ४० भन्दा बढी देशले चुनिएका जनप्रतिनिधिद्वारा त्यहाँको संविधान निर्माण गरेका छन् अर्थात संविधानसभाले संविधान बनाएको छ। हाम्रो देशमा भने अहिलेसम्म बनेका संविधान विज्ञ समूहले सीमित वर्ग र क्षेत्रसँग छलफल गरेर निर्माण गरेको हुनाले जनताले आफैं आफ्नो संविधान आफ्ना चुनिएका प्रतिनिधि मार्फत बनाउन पाउनु पर्दछ भन्ने आवाजले मूर्तरूप लिइरहेको छ। प्रतिनिधि मार्फत संविधान बनाउँदा पनि विज्ञ समूहको निर्माण गरी संविधान लेखनको कार्य गरिन्छ।

**संविधानका प्रकार**
संविधानको वर्गीकरण वा किसिम छुट्याउने कार्य संविधान निर्माण भइसके पछि मात्र गरिन्छ। कुनै संविधान कस्तो प्रकारको संविधान हो भन्ने बारेको वर्गीकरण त्यसको निर्माण प्रक्रिया, स्वरूप, राज्यको प्रणाली आदिको आधारमा गरिन्छ। विश्वमा हाल सम्म निम्न प्रकारका संविधान प्रमुख रूपमा प्रचलनमा छन् :

- लिखित र अलिखित संविधान
- एकात्मक र संघात्मक संविधान
- राजतन्त्रात्मक र गणतन्त्रात्मक संविधान
- संसदीय र अध्यक्षात्मक संविधान
- कठोर र लचिलो संविधान

नेपाली राजनीतिक इतिहासमा भएको सशस्त्र द्वन्द्व र वि.सं. २०६२/६३ को जनआन्दोलनले हालसम्म राजाद्वारा जारी गरिएको बकस संविधानको बदला आफूलाई शासन गर्ने संविधान आफैंले बनाउन पाउनु पर्दछ भन्ने नेपाली राजनीतिक इतिहासमा विगत ५५ वर्ष देखि उठेको मागलाई सम्वोधन गर्दै संविधानसभाको निर्वाचन गर्ने लक्ष्यका साथ नेपाली जनताले पहिलो पटक आफैँले बनाएको संविधान आफ्नै प्रतिनिधि मार्फत वि.सं. २०६३ माघ १ गते जारी गरे। उक्त संविधानलाई हामी नेपालको आन्तरिम संविधान, २०६३ का रूपमा चिन्छौं। यस संविधानमा २५ भाग, १६६ धारा, ४ वटा अनुसूची छ।

**नेपालमा संविधानसभा**
नेपालमा संवैधानिक इतिहासको शुरूवातसँगै संविधानसभाको बहस पनि प्रारम्भ भएको देखिन्छ। स्वयम् राणा प्रधानमन्त्री मोहन शमशेरले २००७ साल पौष २४ गते राष्ट्रका नाममा जारी घोषणाको पहिलो बूँदामै "वि सं २००९ साल भित्र वालिग मताधिकारद्वारा संविधानसभाको चुनाव सम्पन्न गर्ने" घोषणा गरी दिल्ली सम्झौता गरिएको पाइन्छ। दिल्ली सम्झौताको रूपमा चिनिने राणा, कांग्रेस र भारत बीचको त्रिपक्षीय समझदारी पछि स्वदेश फर्केका राजा त्रिभुवनले २००७ साल फागुन ७ गते देशवासीका नाममा दिएको सन्देशमा "अब उप्रान्त नेपाली जनता माथि निर्वाचित निकायले बनाएको जनतन्त्रात्मक विधानद्वारा शासन गरिनेछ" भनी उल्लेख गरेको पाइन्छ ।

सात राजनीतिक दलहरू र नेकपा माओवादी बीच भारतको नयाँ दिल्लीमा २०६२ साल मंसिर ७ गते सम्पन्न १२ बूँदे समझदारीका आधारमा राजाको निरंकुशता विरूद्ध संयुक्त जनआन्दोलन सञ्चालन गर्ने निर्णय भयो। २०६२ चैत २४ गतेदेखि देशव्यापी रूपमा सञ्चालित आन्दोलन चर्केर गयो। २०६४ वैशाख ११ गते राजा ज्ञानेन्द्रले जनताको अधिकार जनतालाई नै सुम्पेको घोषणा गर्दै विघटित संसद्को पुनर्स्थापना भएको घोषणा गरे। यसरी १९ दिनसम्म चलेको जनआन्दोलनमा महिला, जनजाति, दलित, अल्पसंख्यक समूह, अपाङ्गता भएका व्यक्ति आदि सवै वर्ग र तहका जनताको सहभागिता रहेको थियो। यस पुनर्स्थापित संसद्को मुख्य काम संविधानसभाको निर्वाचन सम्पन्न गर्नु थियो।

२०६४ जेठ ४ को संसद्को घोषणाले राजाको सम्पूर्ण अधिकारहरूको कटौती गरी सरकार प्रमुख प्रधानमन्त्रीमा राजकीय शक्तिहरूको अधिकार सुम्प्यो। अन्तरिम संविधान, २०६३ को घोषणा २०६३ माघ १ गते गरियो।

नेपालको अन्तरिम संविधानको भाग ७ मा संविधानसभा सम्बन्धी व्यवस्था छ। जस अनुसार नेपाली जनता आफैँले नयाँ संविधानको निर्माण गर्न अन्तरिम संविधानको अधिनमा रही एक संविधानसभाको गठन गर्नेछन्। जहाँ मिश्रित निर्वाचन प्रणालीबाट ५७५ जना र मनोनितबाट २६ जना गरी कूल ६०१ सदस्यीय निम्न अनुसारको प्रतिनिधित्व भएको संविधानसभा हुनेछ।

- यो संविधान प्रारम्भ हुनु अगाडि प्रचलित कानूनबमोजिम कायम रहेको निर्वाचन क्षेत्रहरूबाट प्रत्येक निर्वाचन क्षेत्रबाट एक जनाका दरले पहिलो हुने निर्वाचन हुने प्रणाली अनुसार निर्वाचित २४० सदस्य।
- सम्पूर्ण देशलाई एक क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने ३३५ सदस्य।
- राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तिहरू मध्येबाट सहमतिका आधारमा अन्तरिम मन्त्रिपरिषद्बाट मनोनित हुने २६ जना सदस्य।

खण्ड (क) बमोजिम राजनीतिक दलहरूले उम्मेद्वार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनुपर्नेछ र खण्ड (ख) बमोजिम राजनीतिक दलहरूले उम्मेद्वारहरूको सूचीकृत गर्दा महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेशी लगायत अन्य वर्ग समेतको कानूनमा व्यवस्था भए बमोजिम समानुमातिक प्रतिनिधित्व गराउनु पर्नेछ। तर माथि जुनसुकै कुरा लेखिएको भए तापनि महिलाको हकमा खण्ड (क) र (ख) बमोजिमको कूल संख्यामा उम्मेद्वारी संख्या जोडेर न्यूनतम एक तिहाई उम्मेद्वारी दिनु पर्नेछ।

## संविधानसभाको काम कर्तब्य र अधिकार क्षेत्र

- महिला, दलित, मधेशी, जनजाति र पछाडि पारिएका क्षेत्रका जनताहरूको मागहरू संकलन गर्ने।
- देशमा भएका विभेद र अन्यायलाई समाप्त गर्ने सवालहरूको पहिचान गर्ने।
- देशका शासन सत्तामा सबै वर्ग, क्षेत्र र लिङ्गको समान सहभागिताका लागि के के गर्न सकिन्छ छलफल चलाउने।
- सबै जनताको समान सम्मान र परिचयलाई महत्व दिने।
- परामर्श गर्ने काम पूरा भएको सात दिनभित्र त्यस्तो विधेयकको प्रस्तावना वा कुनै धारा उपर पुनः मतदान हुनेछ।
- मतदान हुँदा पनि सर्वसम्मत कायम हुन नसकेमा प्रस्तावना वा जुन धाराका सम्बन्धमा सर्वसम्मत कायम हुन नसकेको हो सो प्रस्तावना वा धारामा पुनःमतदान हुनेछ र त्यस्तो मतदानमा संविधानसभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्यको कम्तिमा दुई तिहाई सदस्य उपस्थित भएको बैठकको कम्तीमा दुई तिहाई बहुमतबाट पारित भएमा त्यस्तो प्रस्तावना वा धारा पारित भएको मानिनेछ।
- यस प्रयोजनका लागि संविधानसभामा पेश भएको संविधानको विधेयकको प्रस्तावना वा त्यसको कुनै धाराको सम्बन्धमा मतदान गर्दा कुनै पनि सदस्यले त्यस्तो विधेयकको प्रस्तावना वा त्यसको कुनै धाराको विपक्षमा मत नदिएमा सर्वसम्मति कायम भएको मानिनेछ।

**संविधान निर्माण प्रक्रियामा गणपुरक संख्या ः**
यस भागमा अन्यथा लेखिएकोमा बाहेक संविधानसभाको बैठकमा सम्पूर्ण सदस्य संख्याको कम्तीमा एक चौथाई सदस्य उपस्थित नभएसम्म संविधानसभाको गणपूरक संख्या पुगेको मानिने छैन र कुनै प्रश्न वा प्रस्ताव निर्णयका लागि प्रस्तुत हुने छैन।

**संविधान निर्माण प्रक्रियामा समिति ः**
संविधानसभामा कानूनद्वारा व्यवस्था भए बमोजिम आवश्यक संख्यामा समिति र उपसमितिहरू रहने छन्। आवश्यकता अनुसार विशेषज्ञहरूको सहयोग लिन सकिनेछ।

**संवैधानिक समितिहरू**

- मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति
- राज्यको शासकीय स्वरूप निर्धारण समिति
- सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति
- न्यायप्रणाली सम्बन्धी समिति
- राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँट समिति
- राष्ट्रिय हित संरक्षण समिति
- अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायहरूको हक , अधिकार संरक्षण समिति
- व्यवस्थापिकीय अङगको स्वरूप निर्धारण समिति
- संवैधानीक निकायको संरचना निर्धारण समिति
- संवैधानिक समिति
- प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँट समिति

# निर्वाचन र सूचनाको हक

जनताको अभिमत र अनुमोदनको आधारमा सरकार गठन हुनुपर्दछ। यसरी गठन भएको सरकार मात्र पारदर्शी, लोकतान्त्रिक र कानूनको शासन स्थापनाको लागि सदैव प्रयत्नशिल हुने गर्दछ। जनउत्तरदायी सरकारको गठन आवधिक निर्वाचन प्रणालीबाट निश्चित समयावधीको लागि हुनुपर्दछ। यसरी निर्वाचन प्रणालीबाट गठन भएको सरकारले मात्र वास्तविक रुपमा जनताको प्रतिनिधित्व गर्ने हैसियत राख्दछ। राष्ट्र वा राज्यको सबै अंग तथा निकायहरूमा आम नागरिकहरूको समावेशी तथा समानुपातिक सहभागिताको निश्चिततताकालागि र उनीहरूको सार्थक प्रतिनिधित्वकालागि पनि आवधिक निर्वाचन तोकिएको समयमा हुनुपर्दछ।

## निर्वाचन (Election)

निर्वाचनको परिभाषा प्रतिनिधिमूलक लोकतन्त्र नै हो । यसले जनताको राजनीतिक वैधता प्राप्त गर्दछ । जुन वैधता निर्वाचनको प्रक्रियाबाट मात्र व्यक्त गर्न सकिन्छ । लोकतन्त्रमा आवधिक निर्वाचन अपरिहार्य मानिन्छ । आधुनिक लोकतन्त्रमा मात्र वालिग मताधिकारको सुनिश्चितता गरिएको हुन्छ। राज्यको काम कारवाहीमा सबै जनता सहभागी हुन नसक्ने हुँदा उनीहरूको सहभागितालाई वैधानिकता प्रदान गर्न मतदानको अधिकार (Right to vote) सुनिश्चित गरिनु पर्दछ । लोकतन्त्रमा राजनीतिक वहुमत र अल्पमतसमेतको कुरा गर्ने गरिन्छ, जहाँ अल्पमतको कुरा गरिन्छ, त्यहाँ उनीहरूको जनसङ्ख्याका आधारमा समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता दिलाइने कार्यसमेत निर्वाचन प्रणालीको परिभाषाभित्र पर्दछ ।

आधुनिक राज्य व्यवस्थाको अनिवार्य शर्तको रूपमा निर्वाचन रहेको हुन्छ। लोकतान्त्रिक व्यवस्थाको आधार प्रतिनिधित्वको छनोट भएकाले निर्वाचनको महत्त्व अझ बढ्न पुगेको हो । निर्वाचन लोकतान्त्रिक सरकारको स्वरूप भएको हुँदा आधुनिक राज्य व्यवस्थाको अनिवार्य शर्तको रूपमा निर्वाचनलाई लिइन्छ । त्यसैले हालका जुनसुकै क्षेत्रमा पनि निर्वाचनलाई स्वीकार गरिन्छ चाहे त्यो सरकार होस् वा कुनै संघसंस्था होस्। त्यसैगरी कुनै राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रका निकायलाई बढी जिम्मेवार एवं उत्तरदायी बनाउने माध्यम पनि निर्वाचन नै हो ।

विधिको शासनलाई कार्यान्वयन गर्ने माध्यमको रूपमा पनि निर्वाचनलाई स्वीकार गरिन्छ। राजनीतिक अधिकारलाई अर्थात् निर्वाचनमा सहभागी हुने अधिकारलाई संयुक्त राष्ट्रसंघको बडापत्रले मानवमा अन्तरनिहित मर्यादा, सम्मान तथा नैसर्गिक अधिकारको रूपमा लिएको छ भने प्रत्येक व्यक्तिलाई नागरिक तथा राजनीतिक अधिकारको उपभोग गर्ने र ती अधिकारको सम्मान एवं प्रबर्द्धन गर्ने कुराको सुनिश्चितता समेत गरेको छ। त्यस्तै नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रले प्रत्येक नागरिकलाई विना भेदभाव देहायको अधिकार लगायत प्रत्यक्ष रूपमा वा स्वतन्त्र रूपमा छानिएका प्रतिनिधिहरूमार्फत् सार्वजनिक जीवन सञ्चालनमा सहभागी हुने समान मताधिकार र गोप्य मतदानबाट मतदाताको इच्छाको प्रत्याभूति गर्न पाउने स्वच्छ, आवधिक निर्वाचनमा मतदान गर्ने र निर्वाचित हुने, सार्वजनिक सेवामा पहुँच प्राप्त गर्ने सुनिश्चित गरेको छ ।

निर्वाचन प्रणालीको परिभाषा यही नै हो भनेर भन्न सकिदैन तर पनि यसको परिभाषा गर्दा फिलिपिन्सका पूर्व राष्ट्रपति फिडेल रामोसले निम्न कुरा ब्यक्त गरेका थिए: जसमा “सरकारहरू आउन, जान सक्छन, तर

जनता जहाँ त्यहीँ रहन्छन् । जनताको सर्वोच्चता त्यहाँ हुनेछ" जहाँ स्वतन्त्र र प्रभावकारी निर्वाचन प्रणाली अपनाइन्छ । त्यसैले स्वतन्त्र, निष्पक्ष निर्वाचन गर्नु नै जनताको उच्च सम्मान हो र महत्त्व पनि यसैमा रहेको हुनेछ।

## निर्वाचनका प्रकार

वास्तवमा निर्वाचनको प्रक्रिया प्रत्यक्ष तथा अप्रत्यक्ष पद्धतिद्वारा पनि गर्न सकिन्छ। मतदाताद्वारा प्रत्यक्ष प्रतिनिधि छानिने प्रक्रियालाई प्रत्यक्ष निर्वाचन जसलाई प्रत्यक्ष लोकतन्त्र पनि भन्ने गरिन्छ भने जनताका प्रतिनिधिद्वारा छानिने निर्वाचन प्रणालीलाई अप्रत्यक्ष निर्वाचन प्रणाली जसलाई अप्रत्यक्ष लोकतन्त्र पनि भन्ने गरिन्छ । निर्वाचन स्वच्छ, स्वतन्त्र र विश्वसनीय हुनुपर्दछ । डर, त्रास, भय र बुथकब्जा लोकतन्त्रका विपरीत कुराहरू हुन् । आवधिक निर्वाचन र वालिग मताधिकारका माध्यमबाट मतदानको अधिकार, निर्वाचित हुने अधिकार, सरकार र राज्य सञ्चालनमा सहभागी हुने अधिकार, राज्यको सार्वजनिक सेवामा भाग लिन पाउने पहुँचयुक्त अधिकारलाईसमेत निर्वाचनको परिभाषाभित्र समेटिन्छ ।

निर्वाचन प्रणालीलाई सामान्य तवरले भन्ने हो भने निर्वाचन प्रणालीमार्फत् आमनिर्वाचनमा जनताको मतदान प्रक्रियाद्वारा प्रतिनिधि र दलहरूलाई निर्वाचित गरी संसद् वा संसद्का अन्य सदनमा पठाइने माध्यम नै निर्वाचन प्रणाली हो । कुनै निर्वाचन क्षेत्र वा जिल्लाबाट संसद्मा प्रतिनिधित्व हुनको लागि मतदाता नामावलीको दर्ता, उम्मेद्वारी दर्ता प्रक्रिया, मतदान प्रक्रिया, मतगणना प्रक्रिया र उम्मेद्वारको विजय घोषणासमेत निर्वाचन प्रणाली र मतदान प्रक्रियाभित्र पर्ने विषयहरू हुन् । निर्वाचन प्रणालीको कुनै पनि पद्धतिले प्रतिनिधित्वको सुनिश्चितता गराउँछ । प्रतिनिधित्वको पहुँचयुक्त र अर्थपूर्ण सहभागिता गराउँदै स्थायी र बलियो सरकारको निर्माण गर्ने, सरकारलाई जबाफदेही बनाउने, राजनीतिक दललाई प्रोत्साहित गराउने, प्रतिपक्षको भूमिका सबल बनाउने, निर्वाचन प्रक्रियालाई दिगो बनाउने तथा सरकारलाई राजनीतिक, संवैधानिक र अन्तर्राष्ट्रियस्तरको वैधानिकता प्रदान गर्ने सम्मका कार्यहरू निर्वाचन प्रणालीमार्फत् नै सुनिश्चित हुन्छन् ।

"प्रत्येक व्यक्तिसँग विचार स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको अधिकार छ। बिना कुनै हस्तक्षेप मत वा विचार मान्ने, राख्ने वा ग्रहण गर्ने र कुनै सीमाको बन्देजबिना कुनै पनि माध्यमद्वारा सूचना र विचार खोज्ने, पाउने र फैलाउने अधिकार प्रत्येक व्यक्तिलाई हुनेछ।"

**मानवअधिकारको विश्वव्यापी घोषणापत्रको** धारा १९

## नेपालमा सूचनाको हक

नेपालमा सूचनाको हक सम्वन्धी ऐन २०६४ साउन ५ गते पारित भइसकेको छ र सूचनाको हक सम्वन्धी नियमावली २०६५ माघ १० गते देखि लागू भइसकेको छ। यो हकसम्बन्धी ऐन लागू हुनु नेपालको प्रजातान्त्रिकीकरण प्रक्रियामा एउटा महत्वपूर्ण पाइला हो। यस ऐनले सूचना प्राप्त गर्ने सम्भाव्य अधिकार स्थापित गरेको छ।

## के हो सूचना ?

'सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारवाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत सामग्री वा जानकारी नै सूचना हो।' (सूचनाको हक ऐन दफा २)

## कसले पाउन सक्छ सूचना ?

सुचनाको हक सम्बन्धी ऐनको दफा ३ मा 'प्रत्येक नेपाली नागरिक'लाई सूचनाको हक हुनेछ भनिएको छ। प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ तर कानुनद्वारा गोप्य राख्नुपर्ने, सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन। नेपाल नागरिक तथा राजनीतिक अधिकारसम्वन्धी अनुवन्ध (आइसिसिपिआर) को पक्ष राष्ट्र भएकाले सूचनाको हकसम्बन्धी ऐनमा ICCPR को नियम लागू हुन्छ। नेपाल सन्धि ऐन २०४७ को दफा ९ (१) का अनुसार यदि नेपाल सरकार कुनै सन्धिको सदस्य छ भने त्यो सन्धि सम्झौता अनुमोदन भइसकेपछि कानुनमा लागू रहेको असंगत कुरालाई निष्फल बनाई उक्त सम्झौताका प्रावधानहरू नेपालको कानुनका रुपमा लागू हुन्छ।

## सूचना कहाँ माग्ने ?

हरेक सार्वजनकि निकायले सूचनाको मागलाई सम्बोधन गर्ने जिम्मेवारी सहितको एउटा सूचना अधिकारीको व्यवस्था गर्नुपर्ने प्रावधान सूचनाको हकसम्बन्धी ऐनको दफा ६ मा उल्लेख छ। सूचना लिन चाहने नेपाली नागरिकले सूचनाको माग गर्नुको 'कारण सहित' सम्बन्धित सूचना अधिकारी समक्ष निवेदन दिनुपर्छ (दफा ७/१) माग भएपछि तत्काल सूचना उपलब्ध गराउनु उक्त सूचना अधिकारीको जिम्मेवारी हुन्छ। यदि सूचना दिन सम्भव नभए ढीलो हुनुको कारणसहित सूचना दिएर १५ दिनभित्र सूचना उपलब्ध गराउनुपर्छ। (दफा ७/३)

# सामाजिक लिङ्गभेद

सामाजिक लिङ्गभेद (Gender) भन्नाले सामाजिक मूल्य मान्यताको आधारमा महिला र पुरुषले निर्वाह गर्ने वेग्लावेग्लै भूमिकालाई बुझाउँछ र यो स्थान, समय, वर्ग र संस्कृतिअनुसार फरक फरक हुन्छ। यो समाजद्वारा निर्माण गरिएको हुनाले यसलाई परिवर्तन गर्न सकिन्छ। समग्रमा यो हरेक समाजले आफ्नो स्वार्थ अनुसार बनाएको सोच हो।

## प्राकृतिक लिङ्ग

यो जैविक वा शारीरिक हो।

- यो प्राकृतिक हो।
- यो परिवर्तन गर्न सकिदैन।
- यो सबै ठाउँ, समय परिस्थिति तथा वर्ग एकैनासको हुन्छ।

## लैङ्गिक विभेद

लिङ्गको आधारमा महिला र पुरुष वीच गरिने विभेद/भेदभाव वा व्यक्तिको शारिरीक बनावटको आधारमा गरिने सामाजिक भेदभाव नै लैङ्गिक विभेद हो।

## लैङ्गिक शक्ति सम्बन्ध

सामान्य रुपमा शक्ति भनेको एक व्यक्ति वा समूहले अर्को व्यक्ति वा समुहमाथि आफ्नो अधिकार जमाउन खोज्ने अवस्था हो। अहिलेसमम नेपालमा देखिएको अवस्थाअनुसार शक्तिद्वारा व्यक्तिलाई शारिरीक, मानसिक, आर्थिक, राजनैतिक, बैचारिक रुपमा आफ्नो अधिनमा राख्न सकिन्छ। सामाजिक शक्तिको हिसावले सापेक्षित रुपमा पुरुष महिलाहरूभन्दा उच्चस्थानमा देखिन्छन्। निर्णय शक्ति, सम्पत्तिमा अधिकार, स्वतन्त्रता, उत्पादनका स्रोत तथा साधनमा नियन्त्रण आदिमा पुरुष नै शक्ति सम्पन्न भएको हुंदा नेपालमा लैङ्गिक शक्ति सम्बन्ध असमान छ।

## लैङ्गिक समानता

लिङ्गको आधारमा स्रोतको बाँडफाँडमा, लाभ वितरणमा, सेवाको पहुँच, आर्थिक आदीमा भेदभाव नहुनु नै लैङ्गिक समानता हो। लैङ्गिक समानतामा संख्यात्मक र गुणात्मक दुवै विषय समावेश हुन्छन्। संख्यात्मक पक्षमा भौतिक रुपमा लैङ्गिक समानता कहां ? कति भयो ? भनेर संख्या गणना गरिन्छ भने गुणात्मक पक्षले महिला र पुरुषबीच शक्तिको वितरण बराबरी छ कि छैन ? भन्ने विषयमा ध्यान केन्द्रित गर्दछ।

## निर्वाचनमा महिलाहरूको सहभागिता

महिलाहरूको निर्वाचनमा सहभागिताका लागि महिला विरूद्ध हुने सबै किसिमका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (CEDAW) राष्ट्रसंघको तत्वाधानमा सन् १९९५ मा आयोजित चौथो विश्व महिला सम्मेलनद्वारा पारित गरिएको बेइजिङ्ग कार्ययोजना (Beijing Platform for Action) महिला र शान्ति प्रक्रियासम्बन्धी संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्का प्रस्ताव नं. १३२५ एवं  युद्धमा महिलाको हिंसा अन्त्य गर्नेसम्बन्धी प्रस्ताव

नं. १८२० ले समेत महिलाहरूलाई पुरूषहरू सरह राजनीति तथा नीतिनिर्माणको नेतृत्वमा सहभागिता र स्वतन्त्रताहरू उपभोग गर्न पाउनुपर्ने सुनिश्चितता प्रदान गरिएको छ।

- सार्वजनिक र राजनीतिक जीवनमा सहभागीताको अधिकार
- मतदिन पाउने अधिकार छ।
- सरकारको कुनै पनि महत्वपूर्ण माथिल्लो तहको पदमा रहेर काम गर्ने अधिकार छ।
- नीति निर्माणमा सरिक हुने अधिकार छ।
- गैरसरकारी संस्था र राजनीतिक संगठनमा सहभागी हुन पाउने अधिकार छ।

**निर्वाचनमा देखिएका लैङ्गिक सवालहरू**

- अप्रत्यक्ष धम्कीका रुपमा महिलाहरूले भोगेका हिंसा तथा धम्कीरुपी विवादहरू र (प्राय आफ्नो उम्मेदारी फिर्ता लिन भनी मनाउनका लागि) आफ्नै परिवारबाट आउने धम्कीहरूबारे समझदारीको अभाव।
- राजनीतिक दलहरूभित्र लैङ्गिक समानता अभिबृद्धि गर्नको लागि ठोस कानूनी उपायहरूको अभाव।
- निर्वाचनमा खटाइएका कर्मचारीहरूको लैङ्गिक एवं सीमान्तीकृत समूहको आधारमा पृथकीकृत तथ्याङ्क।
- अपाङ्गता भएका व्यक्तिहरूको परिचालनसम्बन्धमा तथ्याङ्कहरू उपलब्ध नहुनु।
- लैङ्गिक दृष्टिले मतदान केन्द्रको अनुगमन भए नभएको जानकारीको अभाव।
- अस्वस्थकर तथा साधनविहिन शौचालयहरू।
- सुरक्षा कर्मचारीहरूका सम्बन्धमा कुनै लैङ्गिक तथ्याङ्क नभएको।
- गणकहरूका लागि लैङ्गिक प्रशिक्षणको अभाव।
- मतदाता शिक्षा प्रदायकहरूमध्ये कम्तिमा ५० प्रतिशत महिला हुनुपर्ने कार्यान्वयन सम्बन्धका प्रतिवेदन।
- लैङ्गिक समानता तथा अन्य सीमान्तीकृत समूहबारे तथ्याङ्कको अभाव।
- महिला तथा पुरुष मतदाता शिक्षा प्रदायकहरूका लागि लैङ्गिक प्रशिक्षणको अभाव।
- मतदाता शिक्षा कार्यक्रममा महिला तथा अन्य सामाजिक समूहको सहभागिता सम्बन्धी आधिकारिक अभिलेख।
- महिला तथा अन्य सीमान्तीकृत समूहहरूलाई लक्षित गर्ने मतदाता शिक्षासम्बन्धी व्यवस्थित योजनाको अभाव।
- आगामी निर्वाचनको लागि नीतिमा उल्लेख गरिएका लैङ्गिक सवालहरू।
- भेदभाव दर्शाउने वा हिंसा उक्साउने खालका भाषाको प्रयोग।
- लिङ्ग, धर्म वा अन्य कुनै पनि किसिमको सदभावमा असर पुग्ने गरी प्रचार प्रसार।
- निर्वाचन पर्यवेक्षण गर्ने राष्ट्रिय संस्थाहरूलाई अनुमति दिंदा सबै वर्ग, लिङ्ग, क्षेत्र र समुदायको सहभागितालाई सुनिश्चित गराउने सवाल।
- महिला नेतृत्व बिकासका समस्याहरू।
- महिलाहरूमा भएको शदियौंदेखिको हीनताको भावना।
- पुरुषप्रधान राज्य व्यवस्था, असमान कानून, असमान सामाजिक मूल्य र मान्यता।
- सरकार पार्टीहरूमा महिला सहभागीता वृद्धि प्रति प्रतिवद्धताको अभाव। महिलालाई आरक्षणमा सीमित पारिनु।
- पर्यवेक्षक परिचालन गर्दा लैङ्गिक तथा समावेशी लाई ध्यान दिने।
- पर्यवेक्षण संघ/संस्थाले पर्यवेक्षकहरू मनोनयन गर्दा समावेशी नीतिलाई अवलम्वन गर्ने।

# निर्वाचनको स्वतन्त्रतासम्वन्धी अन्तर्राष्ट्रिय व्यवस्था

## मानवअधिकारको विश्वव्यापी घोषणापत्र- १९४८

### धारा २

जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म अथवा अन्य अधिस्थानका आधारमा कुनै पनि भेद नगरी प्रत्येक व्यक्तिलाई यस घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रता प्राप्त हुनेछ । यसका साथै कुनै पनि व्यक्ति रहेको देश अथवा इलाकाको राजनीतिक अधिकारक्षेत्र अन्तरगत अथवा अन्तर्राष्ट्रिय अधिस्थानका आधारमा कुनै भेद गरिने छैन चाहे ती स्वतन्त्र, संरक्षित, अस्वशासनगत अथवा सार्वभौमिकत्वमा अन्य कुनै सीमाङ्कन भएका किन नहुन् ।

### धारा २१

१. प्रत्येक व्यक्तिलाई प्रत्यक्ष अथवा स्वतन्त्रतापूर्वक चुनिएका प्रतिनिधिमार्फत आफ्नो देशको सरकारमा भाग लिने अधिकार छ ।
२. प्रत्येक व्यक्तिलाई आफ्नो देशको सार्वजनिक सेवामा प्रवेश गर्ने समान अधिकार छ ।
३. सरकारको आधिकारिकताको आधार जनताको इच्छा हुनेछ, जुन इच्छा सर्वव्यापी एवम् समान अधिकारद्वारा हुने आवधिक तथा वास्तविक चुनावद्वारा अभिव्यक्त गरिनेछ र चुनाव गोप्य मतदान प्रक्रियाद्वारा सम्पन्न हुनेछ ।

## नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि - १९६६

### धारा २

१. आफ्ना इलाका तथा अधिकारक्षेत्र भित्रका सम्पूर्ण व्यक्तिलाई जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीतिक अथवा अन्य विचार, राष्ट्रिय अथवा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म अथवा अन्य अधिस्थानका आधारमा कुनै प्रकारको भेद नगरी यस अनुबन्धको प्रत्येक राज्यपक्ष प्रतिज्ञा गर्दछन् ।
२. विद्यमान व्यवस्थापिकात्मक अथवा अन्य उपायले व्यवस्था नगरेका ठाउँमा आफ्ना संवैधानिक प्रक्रिया तथा यस अनुबन्धमा स्वीकार गरिएका अधिकारलाई प्रभावयुक्त आवश्यक व्यवस्थापिकात्मक अथवा अन्य उपाय ग्रहण गर्न उचित पाइला सार्न यस अनुबन्धका प्रत्येक राज्यपक्ष प्रतिज्ञा गर्दछन् ।
३. यस अनुबन्धअर्न्तगत प्रत्येक राज्यपक्ष निम्न कुरा गर्न प्रतिज्ञा गर्दछन् :
   (क) आधिकारिक क्षमता कार्य गर्ने व्यक्तिबाटै उल्लङ्घन भएतापनि यसभित्र स्वीकृत गरिएका अधिकार एवम् स्वतन्त्रता उल्लङ्घन भएका कुनै पनि व्यक्तिले प्रभावकारी उपचार पाउनेछन् भनि सुनिश्चित गर्ने ।
   (ख) यस्तो उपचार दावी गर्ने कुनै व्यक्तिको अधिकार सक्षम न्यायिक, प्रशासनिक अथवा व्यवस्थापिकात्मक अधिकारीहरूद्वारा निर्धारित गर्न सुनिश्चित गर्ने तथा न्यायिक उपचारका सम्भावनाहरू विकसित गर्ने ।
   (ग) सक्षम अधिकारीले यस्ता उपचार प्रदान गरिएपछि लागू गर्ने कुरा सुनिश्चित गर्ने ।

### धारा २५
धारा २ मा उल्लेख गरिएका कुनै पनि फरक तथा अनुचित नियन्त्रणबिना प्रत्येक नागरिकलाई निम्न कुराको अधिकार तथा अवसर प्राप्त हुनेछ :

(क) प्रत्यक्षतः अथवा स्वतन्त्रतापूर्वक छानिएका प्रतिनिधिमार्फत् सार्वजनिक जीवन सञ्चालनमा सहभागी हुने ।

(ख) सर्वव्यापी तथा समान मतदान एवम् गोप्यताबाट मतदाताका इच्छाको स्वतन्त्र अभिव्यक्तिको ग्यारेन्टी गरिएको शुद्ध आवधिक निर्वाचनमा मतदान गर्ने तथा निर्वाचित हुने ।

(ग) समानताको सामान्य नियमबाट आफ्नो देशको सार्वजनिक सेवामा प्रवेश गर्न पाउने ।

## सबै प्रकारका जातीय भेद निर्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि– १९६५
यस महासन्धिको धारा २ मा व्यवस्था गरिएका आधारभूत दायित्वअनुरूप सबै प्रकारका जातीय भेदहरूलाई निषेध र निर्मूलन गर्न र जाति, रङ्ग वा राष्ट्रिय वा साम्प्रदायिक उत्पत्तिजस्ता भेदबिना प्रत्येक व्यक्तिको कानुनसमक्ष समानताको अधिकारलाई ग्यारेन्टी दिन, खासगरी देहायका अधिकारको राज्यपक्षहरू प्रतिज्ञा गर्दछन् ।

त्यसैगरी महासन्धिको धारा २ (ग) अन्तर्गत सर्वव्यापी र समान मतदानका आधारमा मतदान गर्न र चुनावमा उठ्न, सरकारमा भाग लिनका साथै जुनसुकै तहको सरकारी कार्यको सञ्चालनमा भाग लिन र सरकारी सेवामा समान पहुँच हुनका लागि राजनीतिक अधिकार खासगरी चुनावमा सहभागी हुने अधिकार ।

## महिलाविरूद्धका सबै प्रकारका भेद निर्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि– १९७९

### धारा ७
राज्यपक्षहरूले देहायका राजनीतिक सार्वजनिक जीवनमा नारीविरूद्धको भेद निर्मूलन गर्न सबै उचित उपायहरू अपनाउनेछन् र खासगरी पुरूषसँगको समान शर्तमा नारीका निम्ति अधिकार सुनिश्चित गर्नेछन् :

क) सबै निर्वाचन र सार्वजनिक जनमतमा मतदान गर्ने र सार्वजनिकरूपले चुनिने निकायमा निर्वाचनका लागि योग्य मानिने ।

ख) सरकारी नीतिको तर्जुमा र यसको कार्यान्वयनमा सहभागी हुने र सरकारी पद सम्हाल्ने तथा सरकारको सबै तहका सार्वजनिक कार्य सम्पन्न गर्ने ।

## महिलाको राजनीतिक अधिकारसम्बन्धी महासन्धि

### धारा १
कुनै भेदबिना पुरूषहरूसरह महिलाले सम्पूर्ण निर्वाचनमा मतदान गर्न पाउनेछन् ।

### धारा २
राष्ट्रिय कानुनद्वारा स्थापित सार्वजनिकरूपले निर्वाचित सम्पूर्ण निकायहरूमा कुनै भेदबिना पुरूषहरूसरह महिला निर्वाचित हुन योग्य छन् ।

**धारा ३**
महिलाहरूले पुरूषसरह कुनै भेदबिना राष्ट्रिय कानुनद्वारा स्थापित सार्वजनिक पद ग्रहण गर्न तथा सम्पूर्ण सार्वजनिक कार्यहरू गर्न सक्नेछन् ।

## अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धी–२००६

**धारा २१**
अपाङ्गतामा रहेका प्रत्येक व्यक्तिहरूलाई राज्यद्वारा अभिव्यक्तिको स्वतन्त्रता लगायत सूचना आदान-प्रदान र प्रसारण गर्ने एवं आफुले इच्छाएको सबै प्रकारका माध्यमबाट अरुसँग समानताका आधारमा विचारको प्रवाह गर्ने अधिकार सुनिश्चित गरिनु पर्दछ।

**धारा २२**
अपाङ्गतामा रहेका कुनै पनि व्यक्तिहरूको निजी गोपनियता, परिवार, घर, सञ्चार एवं सम्मान र प्रतिष्ठामा आँच आउने गतिविधिहरूमा रोक लगाइनु पर्दछ।

**धारा २९**
अपाङ्गतामा रहेका प्रत्येक व्यक्तिहरूलाई राज्यद्वारा अरुसँग सँगै राजनीतिक अधिकार प्रदान गरी प्रत्यक्ष वा समानुपातिक रुपमा निर्वाचित प्रतिनिधि मार्फत तिनीहरूको अभ्यास गर्ने समान अवसर लगायत मतदान गर्ने र उम्मेद्वार हुने अधिकार मार्फत राजनीतिक जीवनमा सहभागिता सुनिश्चित गरिनु पर्दछ।

# निर्वाचन पर्यवेक्षण र सञ्चार

आमसञ्चार भनेको सन्देश, सूचना, विचार तथा भावनाको आदानप्रदान हो। सञ्चारमा स्रोत, प्राप्तकर्ता, सन्देश र माध्यम हुन्छ। निर्वाचनमा सञ्चारको महत्वपूर्ण भूमिका हुन्छ। सञ्चारविना निर्वाचन गतिविधिले पूर्णता पाउँदैन। सञ्चारका माध्यमहरूमा आमसंचार र अन्तरव्यक्ति संचार हुन्छ। आमसंचारका माध्यमहरूमा रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइन जस्ता माध्यमबाट दिइने सूचना वा सन्देश भन्ने बुझ्नुपर्छ। अन्तर-व्यक्ति सञ्चारमा दुई वा दुई भन्दा बढी व्यक्तिहरूको आपसमा सूचना, विचार, भावना तथा सन्देशको आदानप्रदान तथा सन्देशको आदान-प्रदान हुने प्रक्रियालाई बुझिन्छ। निर्वाचनका समयमा यी दुबै खाले सञ्चारको भूमिका रहन्छ।

निर्वाचनमा निर्वाचन कार्यालय, राजनीतिक दलहरू, संघसंस्था, संचारमाध्यम र व्यक्ति-व्यक्तिले पनि आफ्ना अनुकुलको सञ्चारमाध्यमबाट जानकारीहरू लिइरहेका हुन्छन्। निर्वाचन पर्यवेक्षकहरूले त झन ताजा सूचनाहरू प्राप्त गरिरहेका हुन्छन्। देश निर्माणका लागि नागरिकलाई आव्हान, मुलुकमा सरकार गठन देखि विघटन गर्नसम्म, निर्वाचन र यसको व्यवस्थापन गर्न, शान्ति सुरक्षा र अमनचयन कायम गर्न, भ्रष्टाचारीलाई कारवाही देखि इमान्दारलाई पुरस्कृत गर्न र निर्वाचन अभियानमा देशवासीलाई सहभागी गराउन समेत संञ्चार क्षेत्रले महत्वपूर्ण योगदान पुऱ्याएको हुन्छ। यसैले सञ्चारकर्मीहरूले निर्वाचनका विषयमा धेरैभन्दा धेरै जानकारी बाहिर ल्याउन सकुन भनेर निर्वाचन पर्यवेक्षण सञ्चारका विषयमा यो सामग्री तयार गरिएको हो।

## समाचार लेखन

### समाचार के हो ?

समाचार भनेको अरूलाई भन्न वा सुनाउन लायक त्यस्तो कुरा वा सूचना हो, जुन सुनिसकेपछि वा पढेपछि पाठक वा स्रोताले सहजै केही न केही प्रतिक्रिया जनाउँछन्। सामान्यतया : समाचार पढिसकेपछि वा सुनिसकेपछि मानिसहरू गम्भीर हुन्छन्, उत्तेजित हुन्छन् वा खुशी प्रकट गर्छन्। यसरी आमपाठक वा स्रोताको तत्काल प्रतिक्रिया लिन सक्ने गरी लेखिएको वा व्यक्त गरिएको सामग्रीलाई समाचार भनिन्छ।

समाचारको रूपमा व्यक्त गरिने सूचना लक्षित स्रोता वा पाठकलाई 'नयाँ' लाग्नुपर्छ। अर्थात नौलोपन समाचारको आधारभूत आवश्यकता हो। कुनै सामग्री पढेर वा सुनेर पाठक स्रोताले कसरी त्यस्तो भएछ ? किन त्यस्तो भएछ वा कसले गरेछ ? जस्ता प्रतिक्रिया व्यक्त गरे भने त्यो समाचार अपूरो भएको बुझ्नु पर्छ। यस्ता समाचारले पाठक, स्रोता र दर्शकलाई अन्यौलमा पार्छन् र चिन्ताग्रस्त बनाइ दिन्छ। समाचार भनेको पत्रकारले अरूलाई स्पष्ट बुझाउन सक्नेगरी लेखिएको वा बताइएको सामग्री हो। समाचार भन्नु नयाँ जानकारी हो। पुरानो जानकारी समाचार होइन। नयाँपन युक्त सानै सन्देश पनि समाचार बन्छ भने, जतिसुकै महत्वको विषय पुरानो भएपछि समाचार कहलिँदैन।

पृथ्वीनारायण शाहले नेपाल एकीकरण थालेको सही हो र महत्वका दृष्टिले त्यो भन्दा ठूलो घटना नेपालका लागि शायदै भेटिन्छ। तर, त्यो घटना आज करीब २ सय ५० वर्षपछि समाचार हुन सक्दैन। सयौं वर्ष वितिसकेको घटनाको कारणले मात्र त्यो प्रसङ्ग आज आएर समाचार नबनेको होइन। केही वर्ष, केही महिना र

दिन बितेको विषय पनि समाचार नबन्न सक्छ। २०५८ साल जेठ १९ गते शुक्रवार रातिको भयानक दरवार हत्याकाण्डमा राजा वीरेन्द्रको वंश विनास भयो। जुनसुकै बेला सम्झना गरेपनि शोकसन्तप्त बनाउने सो घटना पनि केही दिनपछि ओझेलमा पर्‍यो। त्यो समाचार बन्न छोड्यो। कति पत्रकारलाई महिनौसम्म पनि त्यसको पीडाले छोडेन। तर, उनीहरूले हरेक दिन त्यसैलाई समाचार बनाइरहेनन्। 'यत्रो भयानक घटनालाई छोडेर मेरो मन अन्त लाग्नै मान्दैन, म आज पनि त्यही समाचार दोहोर्‍याएर लेख्छु' कसैले भनेन।

त्यस समाचारको अनुगमन गर्ने र त्यसका नयाँ पक्षहरू खोतलेर लेख्ने बेग्लै कुरा हो तर, उही व्यहोरा भने कसैले दाहोर्‍याएन। किनभने समाचार इतिहास लेखन होइन। पत्रकारहरूलाई थाहा छ, नयाँपन नभएको जतिसुकै महत्वपूर्ण घटना पनि समाचार हुन सक्दैन।

NEWS बाट S निकालिँदिँदा NEW मात्र हुन्छ। NEW ल्याटिन भाषाको NOVA बाट बनेको हो। शब्द निर्माणको प्रक्रियामा त्यही NEW बहुवचन बनेर NEWS अर्थात समाचार बनेको भाषाविद्हरूको भनाई छ। आज न्यूज पूर्णत एकवचनका रूपमा प्रयोग भइ रहेको छ तर यसमा नयाँपन 'न्यूनेस' अनिवार्य भएकाले भाषाविद्हरूको तर्क अथपूर्ण लाग्दछ। नयाँपनयुक्त कुनै जानकारी समाचार हो भनियो तर, त्यस्ता सबै जानकारीहरू आमसञ्चारका माध्यमहरूमा आउँदैनन् किनभने आमसञ्चारमा आमचासो, आमहित, आमरूचि, आमप्रतिष्ठा, आदिलाई ख्याल गर्नु आवश्यक हुन्छ।

## समाचारको परिभाषा

- बेलायतमा लोकप्रिय पत्रकारिता प्रारम्भ गर्ने सञ्चारविद् लर्ड नर्थ क्लिफका अनुसार 'नसोचिएको आश्चर्यजनक घटना समाचार हो।'
- न्यूयोर्क सन् पत्रिकाका सम्पादक चार्ल्स एन्डरसन डानाको (सन् १८८२) भनाईमा 'पहिलोपटक भनिएका आमरूचिका विषय वा घटनाको सिलसिलेवार प्रस्तुति नै समाचार हो। कुकुरले मान्छेलाई टोक्यो भने समाचार हुँदैन। तर, जब मान्छेले कुकुरलाई टोक्छ, तब त्यो समाचार बन्छ।'
- त्यसैगरी अर्का पत्रकार विलियम राडोल्फ हर्स्टले भनेका छन् - 'कसैले लुकाउन वा दबाउन चाहेको कुनै सूचना वा कुरा नै समाचार हो। बाँकी कुरा बिज्ञापन हुन्।'
- त्यस्तै नेपालका अग्रज पत्रकार रामराजा पौडेलको भनाईमा- 'भुइँचालो गयो, आगलागी भयो, पहिरो गयो, महामारी चम्क्यो, मानिस सोत्र्याम्म भए, बस्तुभाउ रोगाए, जङ्गलमा डँढेलो लाग्यो, बाघले दुःख दियो, भालुले चिथोर्‍यो, कँही बम पड्क्यो अथवा कसैले कसैलाई गोली हान्यो सबै समाचार हुन्।'

## समाचार लेख्दा ध्यान पुर्‍याउनुपर्ने कुरा

### पूर्वाग्रह नराख्ने

समाचार लेख्दा घटनालाई यथार्थ ढङ्गले प्रस्तुत गर्नुपर्ने हुन्छ। व्यक्ति, समुदाय, जाति, भाषा, धर्म, लिङ्ग वा वर्ग विशेषप्रति पूर्वाग्रह नराखी समाचार लेख्नुपर्छ। समाचारको पक्ष र विपक्ष दुवै हुदैन त्यसैले सबै पक्षलाई समेट्नुपर्छ। समाचारसँग सम्बन्धितपक्षका धारणा र भनाइलाई उचित स्थान दिएर वस्तुपरक ढङ्गले यथार्थ प्रस्तुत गर्नुपर्छ। समाचारमा आफ्नो विचार, तर्क, निष्कर्ष र टिप्पणी राख्नुहुँदैन। समाचारमा सत्य वा तथ्यगत (Accurate), सन्तुलित (Balanced) र विश्वसनीय (Credibible) हुनैपर्छ। जसलाई छोटकरीमा ABC भनिन्छ।

### सात 'क' को उत्तर चाहिन्छ

के (What)
को/कुन (Which)
कहाँ (Where)
कहिले (When)
कसरी (How)
किन (why)
यसलाई 5W1H भनिन्छ।

### डेटलाइन

डेटलाइनमा 'डेट' नै छुट्यो कि ? मिति स्पष्ट नभएको समाचारले समाचारका लागि कुनै महत्व राख्न सक्दैन। समाचार सम्प्रेषण गरिएको स्थान, समय र सम्प्रेषणकर्ताको नाम पनि समाचारको शुरूमा नै लेख्नुपर्छ। औपचारिक समाचारमा बाहेक अरू समाचारमा महत्त्वपूर्ण वा रोचक कुरा नै समाचारको पहिलो वाक्य बनोस्। समाचारको शुरू अनुच्छेद वा प्रारम्भमा समाचारको मुख्य कुरा सबै जिज्ञासा पूराहुनेगरी लेख्नुहोस्। समाचार लेख्दा पहिलो र दोस्रो अनुच्छेदमा यसको सबैभन्दा महत्वपूर्ण कुरा वा विवरण दिएर त्यसपछिका अनुच्छेदहरूमा थप तथ्य, उद्धरण र पृष्ठभूमिहरू दिदैं जानोस्। सबैभन्दा महत्वको कुरा अगाडि र त्यसपछि क्रमशः त्यसलाई पुष्टि गर्ने, व्याख्या गर्ने अन्य कम महत्त्वका अरू कुरा उद्धरण क्रमशः लेख्दै जाने। यो संरचनालाई उल्टो पिरामिड भनिन्छ।

### छोटा वाक्य

सरल भाषा र छोटा वाक्य प्रयोग गरिएको समाचारले नै सूचना सही ढङ्गले प्रवाहित गर्नसक्छ। वाक्य लामो हुँदा लेख्ने समय, मसी र कागज मात्र होइन, पत्रिकाको मर्यादा र पाठकको समयसमेतलाई नोक्सान पुऱ्याउँछ। समाचार लेख्दा के याद राख्नुपर्छ भने प्रत्येक वाक्यमा एउटा मात्र अनावश्यक शब्द कम गर्न सकियो भने एउटा थप समाचार छाप्न सकिन्छ।

### छोटो अनुच्छेद

लामा-लामा अनुच्छेद (प्याराग्राफ) ले पत्रिकालाई नसुहाउने कुरा मात्र होइन यसले रोचक समाचार पनि पढ्न मन नलाग्ने बनाउछ। समाचार लेख्नुभन्दा अगाडि त्यो समाचार वा घटना के हो, राम्ररी बुझ्नुहोस्। लेखिसकेपछि राम्ररी पढेर जाँच्नुहोस्। पाठकले यसलाई राम्ररी बुझ्न सक्छन् कि सक्दैनन् ? बुझ्दैनन् जस्तो लाग्छ भने फेरि लेख्नुहोस्।

### सूत्र, विज्ञ र प्रत्यक्षदर्शी

समाचारमा 'एक प्रत्यक्षदर्शीले बताए', 'पर्यवेक्षक बताउँछन्', 'जानिफकारहरू बताउँछन्', 'एक विज्ञका अनुसार', 'एक टिप्पणीकारले टिप्पणी गरे' जस्ता बेनामी स्रोतहरूलाई सकेसम्म नराखी उल्लेख गर्नुपर्छ। तर गोप्य राख्नुपर्ने नाउँ र समाचारसूत्रलाई भने गोप्य नै राख्नुपर्छ।

## समाचारको महत्वपूर्ण पक्ष

उच्चपदस्थ व्यक्तिहरूको क्रियाकलाप समाचार हुन्छ तर ति मात्र समाचार होइनन्। सार्वजनिक तथा सामाजिक जनजीवन, व्यवसाय, सर्वसाधारणका रूचिका कुराहरूलाई समाचारमा समेट्न सकिएन भने समाचारपत्र पूर्ण हुन सक्दैन भन्ने कुरालाई सधैं ध्यान दिनैपर्छ।

### सोझै लेख्नुहोस्

जे लेख्नु छ सोझै लेख्नुहोस्, भूमिकामा नअल्मलिनुहोस्। तथ्य भनेको समाचारका पाठक/स्रोता आदिले चाहेका खण्डमा आफैंले छानवीन वा परीक्षण गर्न सकिने आधारभूत सूचना हो। सबैजसो घटना वा प्रक्रियाका आधार, कारण, स्वभाव र प्रभाव बेग्लाबेग्लै हुन्छन्। कतिपय घटनाका स्वभाव र प्रभाव बिल्कुलै नयाँ किसिमका पनि हुन्छन्। यस्ता कुरा स्पष्ट पार्न के, कति, कस्तो, कता, कुन, को को ? संलग्न थिए, घटनाको स्वभाव र प्रभाव कस्तो थियो र कारण के ? जस्ता कुरा समाचारमा समेटिनु पर्छ।

### एक अनुच्छेद एक विचार

एउटा अनुच्छेदमा एउटै मात्र घटना विवरण वा विचार लेख्नुहोस्। यी अनुच्छेदहरूलाई एकअर्कासँग सम्बन्धित तुल्याउन भने नविर्सनुहोस्।

### वचन नदिनुहोस्

आफूले लेखेको समाचार छाप्छु वा कुनै घटना लुकाउँछु भनेर कहिल्यै कसैसँग वाचा नगर्नुहोस्। त्यसको अधिकार सम्पादकमा मात्र रहन्छ र उनैले निर्णय गर्छन्।

### होसियार बन्नोस्

कारवाहीमा पर्नासाथ कोही अपराधी ठहरिँदैन। अदालतले सावित नगरून्जेल ऊ अभियुक्त मात्र हुन्छ। त्यसैले यस्ता शब्दमा होसियार हुनुहोस् जस्तो : 'हत्या गर्ने अपराधीलाई हिजो प्रहरीले पक्राउ गर्‍यो' भन्नुभन्दापनि 'हत्याको अभियोगमा (वा आरोपमा) .....लाई हिजो प्रहरीले गिरफ्तार गर्‍यो' लेख्नुहोस। यस्ता शब्द प्रयोग गर्दा कसले, कसमाथि के आरोप लगाएको हो प्रस्ट उल्लेख हुनैपर्छ। आरोप आफैमा प्रमाणित सत्य होइन, समाचारमा प्रमाणित सत्यका रूपमा आरोपको प्रयोग नगर्नुहोस्। भूकम्प, बाढी-पहिरो, विमानदुर्घटना वा अपहरणबारे समाचार लेख्दा त्यसबाट भएको जनधनको क्षति, घाइते र मृतकको सख्या, मृतकको सही नाम र ठेगाना, त्यसबाट फैलने रोग, सञ्चार र आवागमनको माध्यममा परेको असरको उल्लेख आवश्यक छ। बाढी-पहिरोजस्तो घटनामा नयाँ कुनै ठाउँमा पनि असर पुर्‍याउन सक्छ कि त्यो नियन्त्रणमा आयो कि आएन र उद्धारकार्यमा के-कस्तो काम भइरहेको छ, उल्लेख गर्न नबिर्सनुहोस्।

### उपाधिको प्रयोग

नाममा श्रीको प्रयोग गर्दा सतर्क हुनुहोस्। जस्तो कलाकार भण्डारी, फुटबल खेलाडी गणेश थापा तर, श्री मैनाली, श्रीप्रधान भनेर नलेख्नुहोस्। सुश्री र श्रीमतीको प्रयोग गर्दा विवाहित वा अविवाहित के हो भन्ने प्रस्ट छैन भने श्रीको प्रयोग गर्नुहोस्। अति मान्यजनका नामको अगाडिबाहेक श्री को प्रयोग सकेसम्म नगर्नुहोस्।

### समाचारको रोचक पक्ष

मुख्य घटना मात्र समाचार होइन त्यसको परिवेश, परिस्थिति र रोचक पक्ष उल्लेख हुँदा पाठकलाई अझै छर्लङ्ग हुन्छ। सूचना संकलनको प्रक्रिया नै समाचार बनाउने कामको सबैभन्दा महत्वपूर्ण कडी हो।

### प्रमाणको आवश्यकता

समाचारको प्रमाण पुर्‍याउनै पर्छ। त्यसमा पनि सधैँ याद राख्नुहोस् व्यक्तिगत गाली बेइज्जति, जातीय र धार्मिक सहिष्णुता, मुलुकको भू-अखण्डता जस्ता कुरामा आँच आउने र आम जनतालाई आरोपित गर्ने ढङ्गले समाचार नलेख्नुहोस।

## गोपनीयता

समाचारको अंग पुष्ट्याइ गर्न र भाषा मिलाउन सम्बन्धित सहकर्मीहरूबीच प्रशस्त छलफल गरेर सुधार गर्न हिच्किचाउनु भयो भने तपाईले कहिल्यै पाठकको मन जित्ने समाचार लेख्न सक्नुहुन्न। बलात्कारमा परेका महिला, पीडित बालवालिका, एचआइभी पोजेटिभ भएका व्यक्तिजस्ता समाजले अपहेलना गर्ने, पुनर्स्थापना गर्न गाह्रो हुने मानिसहरूको नामहरू गोप्य राख्नुहोस्।

## पुनर्पुष्टि र सूत्रको विश्वास

सुनेको र अनुमानको भरमा कुनै कुरालाई समाचार बनाउनुभन्दा अगाडि त्यो सत्य हो, होइन भन्ने कुराको छड्के जाँच गर्नुहोस्। समाचार लेख्दा तथ्य, सूत्रको उल्लेख, निष्पक्षता, तथ्यको खोजी, विवाद आउने खालको कुरा छ भने प्रत्यक्ष कथनको प्रयोग, जिम्मेवारीपूर्ण सन्तुलित समाचार बन्यो, बनेन समाचारलाई कसैको स्वार्थले त प्रभाव पारेको छैन ? सबै तथ्य सूचनाको खोजी गर्नुहोस्। तपाईको सम्पादक र पाठक दुवै नै अपूरो समाचार चाहँदैनन्।

## सरल शब्दको प्रयोग

समाचार लेख्दा जहिले पनि नेपाली भाषाको सरल शब्दलाई प्राथमिकता दिनोस्। सरल शब्द नपाइए सही रूपमा राष्ट्र भाषाको नेपालीका अन्य शब्द, त्यो पनि नपाए कुनै राष्ट्रिय भाषाको सवैभन्दा प्रचलित शब्द प्रयोग गर्नुहोस्। त्यो पनि नपाए वा त्यस्तो शब्द बुझ्न सर्वसाधारणलाई कठिन हुने भएमा बोलिचालीमा रहेको जुनसूकै भाषाको शब्द भएपनि प्रयोग गरे हुन्छ। उदाहरणको लागि 'भित्रको भित्र' लेख्नुपर्‍यो भनेर 'अन्तर भित्र' नलेख्नुहोस 'भित्र' लेखे पुग्छ।

## सन्तुलन

समाचार सन्तुलित हुन नसके पत्रकार कुनै पक्षको सहयोगी वा कुनै पक्षको विरोधी जस्तो देखिन पुग्दछ। त्यति मात्र होइन, समाचारका सूचनाहरू आग्रही वा पूर्वाग्रही बन्न गएर पत्रकार स्वयं पाठक/स्रोताको आक्रोशको भागी पनि हुन पुग्छ। समाचारमा पक्ष-विपक्षका भनाभन वा आरोप-प्रत्यारोपलाई ठाउँ दिनुलाई नै सन्तुलन ठान्ने गर्दछन्। तर यो यथार्थ होइन। यसमा पत्रकारको खासै मेहनत पर्दैन। उसले द्वन्द्वरत दुवै पक्षलाई 'बाझाबाझ' गराउने कसरत मात्र गरेको हुन्छ।

## विश्वसनीयता

समाचारमा समेटिएका हरेक सूचना विश्वसनीय हुनुपर्दछ। विश्वसनीय सूचना उपयुक्त स्रोतबाट मात्र प्राप्त हुन्छ। धेरैजसो बेला विश्वसनीय स्रोतले भनेका कुरा पत्यारिला हुन्छन्। तर त्यस्ता स्रोतको कुरा पनि परीक्षण नगरी लेखी हाल्न हुन्न।

## छोटकरी

छोटकरीमा नाम लेख्दा पहिलोपटक पूरा लेखे पछि दोस्रो वा तेस्रो स्थानदेखि मात्र छोटकरी लेखे हुन्छ। जस्तै जिल्ला विकास समितिको जिविस, गाउँ विकास समितिको गाविस, जिल्ला प्रहरी कार्यालयको प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालयको जिल्ला प्रशासन आदि। तर काठमाडौं महानगरपालिकाको 'कानपा', बनेपा नगरपालिकाको 'बनपा' कहिल्यै नलेख्नुस्। त्यसलाई काठमाडौं महानगरपालिका, बनेपा नपा लेख्न सक्नुहुन्छ।

## संख्या, बार र महिनाको प्रयोग

एकदेखि नौसम्म अक्षरमा लेख्ने।

दशभन्दा माथिका सङ्ख्या अङ्कमा लेख्ने, जस्तै ४५,५५० लेख्दा ४५ हजार पाँच सय ५० लेख्ने।

तर सम्वत, गते र तारेखलाई अङ्कमै लेख्नुपर्छ।

| **लेख्ने** | **नलेख्ने** |
|---|---|
| **बार** | |
| आइतबार | रविवार |
| सोमबार | सौबार |
| मंगलबार | मङ्गलबार |
| बुधवार | बुधबार |
| विहीबार | बृहस्पतिबार |
| शुक्रबार | शुक्रबार |
| शनिबार | शनिश्चरबार |
| **महिना** | |
| बैशाख | बैशाक |
| जेठ | जेष्ठ |
| असार | आषाढ |
| साउन | श्रावण |
| भदौ | भाद्र |
| असोज | आश्विन |
| कात्तिक | कार्तिक |
| मंसिर | मार्ग |
| पुस | पौष |
| माघ | माग |
| फागुन | फाल्गुण |

**शब्दको प्रयोगमा सावधानी अपनाउने**

| प्रयोग नगर्ने | प्रयोग गर्ने |
|---|---|
| इनर्जी | ऊर्जा |
| पासपोट | राहदानी |
| वर्कसप | कार्यशाला |
| लोग्नेमान्छे | पुरूष |
| स्वास्नीमान्छे | महिला |
| रात्री | राति |
| प्रथम, द्वितिय | पहिलो, दोस्रो |
| बिहे | विवाह |
| विख | विष |
| बैनी | बहिनी |

स्रोत र मितिको शैली
सम्वाददाता–
पर्वत/.........

**भाषाको प्रयोग**

- छोटो र सरल शब्दको प्रयोग।
- परिचित शब्दको प्रयोग।
- व्यक्तिको संज्ञा र सर्वनाम।
- अस्पष्ट होइन स्पष्ट र ठोस अर्थ दिने शब्द।
- शब्दको किफायत, आवश्यक शब्दको मात्र प्रयोग।
- प्राविधिक शब्दको कम प्रयोग।
- प्रभावकारी वाक्यांशको प्रयोग उखान टुक्का, लोकोक्ति।
- प्रभावकारी चित्रात्मक प्रभाव दिने शब्द।
- परिचित वाक्यांशको प्रयोग।
- छोटो वाक्य।
- प्रत्यक्ष वाक्य।
- सरल र छोटो अनुच्छेद।
- एक अनुच्छेदमा एउटै मात्र विचार वा घटना।
- विशिष्ट उद्देश्यका लागि लेखन।
- व्यक्ति वा मानिसका लागि लेखन।
- एउटै विचार।
- एउटै दृष्टिकोण।
- लामो सङक्षेपीकृत रूप कम दोहोऱ्याउने।
- ठेगाना पुरा, संघ-सस्थाको परिचय सुरूमा पूरा दिएर मात्र पछि छोटकरी लेख्नुहोस्।
- निरर्थक, अनावश्यक र विवादास्पद विषयबाट बच्नुहोस।
- स्थानीय भाषा र भाषिका प्रयोग नगर्नुहोस्।
- अर्थ प्रस्ट नगर्ने, दोहोरो अर्थ लाग्ने शब्द र आफैले नबुझेका शब्द नराख्ने।
- समाचारमा उल्लेखित व्यक्तिको शुद्ध र पूरा नाम, पद, सेवा क्षेत्र, विशेषता, उमेर र ठाउँको उल्लेख सुपाठ्यताको उपाय।
- प्रति १/२ शब्द सिलेवल वा प्रतिवाक्य ३० सिलेवल राख्ने।
- प्रत्येक १०० शब्दमध्ये कम्तिमा ६ वटा व्यक्तिवाचक संज्ञा/सर्वनाम राख्ने।
- News Intro jf Lead को वाक्य सुरूको २७ शब्दबाट घटाएर २४ मा ल्याइएको।
- सरदर शब्दसख्या २० वढेपछि कठिन (भनिन्छ टाइम पत्रिकाको प्रतिवाक्य सरदर शब्द संख्या १६.१८ पाठकको रूचिको करिव १८। विशिष्ट पाठकका लागि प्रतिवाक्य सरदर २४ भन्दा बढी शब्द प्रयोग गर्नहुँदैन।

मानिस, वस्तु र तथ्यका बारेमा लेख्नुहोस्। आफ्ना सूचनालाई सधैँ मानिससँग सम्बन्धित बनाउनुहोस्। कुराकानी गरे जस्तै अनौपचारिक शैलीमा लेख्नुहोस्। सकभर संक्षिप्त र मानव रूचि जगाउन प्रथम पुरूषमा लेख्नुहोस्। लेख्नु अघि पाठक बन्नुहोस् पाठकको भावनामा कतै चोट नपरोस्। गलत अर्थ नलागोस् सङ्क्षेपीकरण गर्दा धेरै संक्षिप्त भएर अपुरो जानकारी प्रकाशित नहोस्। प्रारम्भ, विकास र अन्य लेख्नु अघि योजनाबद्ध रूपमा राम्ररी सोच्नोस् र नियमबाट अपवाद, परिचितबाट नयाँ कुरा तथ्यतर्फ जानोस्। उचित रूपमा छोटकारी नाम र सङ्क्षेपीकृत रूपमा प्रयोगका साथै नाम दोहोऱ्याउनुको सट्टा सर्वनाम प्रयोग गर्नुहोस्। कर्तृवाच्य र व्यक्तिवाचक कर्ता छोटो र पूर्ण अङ्क चित्रात्मक वर्णन, घटना र उदाहरण दिएर लेखनलाई स्पष्ट र विशिष्टीकृत तुल्याउनुहोस्। प्रत्येक नयाँ विचार र घटनाको लागि नयाँ वाक्य र अनुच्छेद प्रारम्भ गर्नुहोस्। साना वा छोटा वाक्य र अनुच्छेदको प्रयोगका साथै प्रत्यक्ष र सोभ्को प्रश्न गर्नुहोस्। समाचारको भाषा सामान्य पाठक वा अल्पशिक्षितले बुभ्ने भाषामा लेख्नुहोस्। यो वर्गले बुभ्ने भाषाबाट शिक्षित समूहलाई सजिलै बुझाउन सकिन्छ। घुमाउरो उक्ति, भूमिकायुक्त थालनी र शब्दआडम्वर होइन मुख्य विषयमा सोभ्कै र प्रभावकारी प्रवेश गर्नुहोस्। छोटो शब्द, छोटो वाक्य, सरल अभिव्यक्ति प्रयोग गर्नुहोस्। आवश्यक शब्दको मात्र प्रयोग गर्नुहोस्। शब्द पुनर्रावृतिमा सतर्कता अपनाउनु होस्। वर्तमानकालका क्रियापद तथा विशेषण र क्रियाविशेषणको प्रयोगमा सतर्कता अपनाउनु होस्।

## समाचार सूचना संकलनका समान्य प्रक्रिया

घटना र घटनास्थलको विवरण र विशेषताको सूक्ष्म अध्ययन

- उपयुक्त सूचना स्रोतसँग कुराकानी
- पूर्वसूचना वा अभिलेखहरूको समीक्षा
- अनुसन्धानबाट प्राप्त तथ्यहरूको परीक्षण

यी मध्ये कुनै प्रक्रिया पूरा गरिएनन् वा अधुरा रहन गए भने समाचार पूर्ण बन्न सक्दैन।

## सही स्रोतका पहिचान

### प्रत्यक्ष स्रोत

- घटनाका प्रत्यक्षदर्शी वा पीडित
- घटनामा संलग्न पक्ष र विपक्ष
- घटना चर्काउन वा शान्त पार्न भूमिका खेल्ने व्यक्ति

### अप्रत्यक्ष स्रोत

- घटनाद्वारा अप्रत्यक्ष रूपमा पीडित
- घटनामा संलग्न नभएको तर घटना वा समस्याबारे जानकार व्यक्ति
- सार्वजनिक हितका निम्ति घटना वा समस्याको निरीक्षण/अध्ययन गरिरहेका व्यक्ति

## समाचार लेखनका औपचारिक शैली

औपचारिक शैलीमा लेखिने समाचारका सात सूत्र छन्। यस शैलीलाई उल्टो पिरामीड शैली पनि भनिन्छ।

- ७ क को जवाफ (Answers of 5 W 1 H)

- समाचार स्रोत (News source)
- उद्धरण (Quote)
- थप तथ्य (More details)
- पृष्ठभूमि (Background)
- सानातिना पक्ष (Minor details)
- कम महत्वका पक्षहरू (Least significant information)

### लीड/इन्ट्रो (प्रारम्भ)

- समाचारको प्रारम्भ छोटो, स्पष्ट र आकर्षक हुनुपर्छ। जसले पाठक-स्रोता-दर्शकलाई सम्पूर्ण समाचार पढ्ने प्रेरणा प्रदान गर्नुपर्छ।
- विज्ञहरूले प्रारम्भ ३ सेकण्डमा पढिसक्ने गरि लेखिनुपर्छ भनेका छन्।
- नेपाली भाषामा २४ शब्दको प्रारम्भ उपयुक्त मानिन्छ, तर ३० शब्द भन्दा बढीको हुनुहुन्न।
- यो समाचार सुहाउँदो, उत्सुकता जगाउने र समाचार-कथाको मुख्य अंश बताउने, जीवन्त र पठनीय हुनुपर्छ।

### सम्पादकीय के हो ?

पत्रिका सम्पादन गर्ने जिम्मेवारीबहन गर्ने व्यक्ति वा समूहको पत्रिका प्रकाशनसम्बन्धी आधिकारिक धारणालाई सम्पादकीय भनिन्छ। पत्रिकामा भएका अन्य समाचार तथा लेखहरूमा जेसुकै कुरा उल्लेख भए पनि सो पत्रिकामा संलग्न व्यक्तिहरूको धारणा बुझ्न सम्पादकीय हेर्नुपर्छ। सम्पादकीयमा पत्रिका प्रकाशन गर्नुको औचित्य, कारण, कुनै घटना विशेष सम्बन्धमा आफ्नो टिप्पणी वा दृष्टिकोण आदि कुरा लेख्न सकिन्छ।

### शीर्षक

शीर्षक समाचारको प्राण सरह हो। समाचारको सम्बन्धमा लेखिएको छ भन्ने कुरा शीर्षक हेरेर पत्ता लगाउन सकिन्छ। शीर्षक न त धेरै छोटो, न त धेरै लामो, स्पष्ट अर्थ दिने आकर्षक किसिमको हुनुपर्छ।

### चित्रकथा

कुनै पनि सार्वजनिक महत्वको कुरालाई नक्सा (कार्टुन चित्र) को माध्यमबाट गरिएको प्रस्तुतिलाई चित्रकथा भनिन्छ। चित्रकथा हुन एकभन्दा बढी चित्रहरूको आवश्यकता पर्दछ। निर्वाचन हुनुभन्दा अघि पछि र निर्वाचनका समयमा राजनीतिक दल, उम्मेदवार र सुरक्षा व्यवस्थालाई लक्षित गरी पत्रपत्रिकामा चित्रकथा आएका हुन्छन्। यस्ता चित्रकथा प्रयोग गर्दा सावधानी अपनाउनु पर्छ।

### तस्वीरको प्रयोग

पत्रपत्रिका र प्रतिवेदनमा तस्वीरको प्रयोग अत्यन्त महत्वपूर्ण हुन्छ। पत्रपत्रिकामा तस्वीर छाप्नु भनेको पत्रपत्रिका सजाउनु मात्र होइन। क्यामराले छलछाम गर्न जान्दैन। यथार्थ जे हो त्यही कुरा देखाइदिन्छ। हजारौं शब्दहरू भनिरहनुभन्दा एउटा तस्वीरको प्रयोगले धेरै शब्दहरू बोलिरहेको हुन्छ। निर्वाचनमा भएका गतिविधि, धाँधली र अन्य कुराहरलाई तस्वीरका माध्यमबाट प्रष्ट पार्न सकिन्छ। यसर्थ निर्वाचन रिपोर्टिङमा तस्वीरहरू पनि प्रयोग गर्नुपर्दछ।

**नमूनाका लागि–**

**सूचनालाई समाचार कसरी बनाउने ?**

| | | |
|---|---|---|
| **तालिमको नाम** | : | प्रशिक्षक प्रशिक्षण कार्यक्रम |
| **आयोजक** | : | राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) |
| **तालिम सञ्चालन भएको ठाँउ** | : | युनियन भवन काठमाडौं |
| **तालिम अवधि** | : | २ दिन (मिति २०७०/५/१ देखि २ गतेसम्म) |
| **तालिमको उद्देश्य** | : | मंसिर ४ गतेको संविधानसभा सदस्य निर्वाचनको पर्यवेक्षणका लागि पर्यवेक्षक तयार पार्नु। |
| **सहभागी सङ्ख्या** | : | २० जना (क्षेत्रीय समितिबाट छनौट भएर आएका व्यक्तिहरू) |
| **प्रशिक्षकरू** | : | केदार खड्का, हरिबहादुर थापा, डा. गोपाल कृष्ण सिवाकोटी, इला शर्मा |
| **तालिम विधिहरू** | : | मस्तिष्क मन्थन, समूह छलफल, भूमिका निर्वाह र प्रवचन |

## निर्वाचन पर्यवेक्षकहरूका लागि तालिम

**सम्वाददाता -**
काठमाडौं, २ भदौं/राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) ले संविधानसभा सदस्य निर्वाचनको पर्यवेक्षण गर्न पर्यवेक्षकहरूका लागि प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्‍यो। नियोकका क्षेत्रीय समितिहरूले छनौट गरी पठाएका २० जना पर्यवेक्षकहरू तालिममा सहभागी थिए।
आगामी मंसिर ४ गते हुन गइरहेको संविधानसभा सदस्य निर्वाचनको पर्यवेक्षणका लागि पर्यवेक्षक तयार पार्ने उद्देश्यले आयोजित प्रशिक्षण काठमाडौंस्थित युनियन भवनमा संचालन गरिएको थियो। मस्तिष्क मन्थन, समूह छलफल, भूमिका निर्वाह र प्रवचन जस्ता प्रशिक्षण विधिद्वारा निर्वाचन आयोगका आयुक्त इला शर्मा, पत्रकार हरिबहादुर थापा, नियोकका डा. गोपालकृष्ण शिवाकोटी र केदार खड्काले प्रशिक्षण दिएका थिए। प्रशिक्षण ०७० भदौं १ र २ गते सञ्चालन भएको थियो।

### लेख-रचना लेखन
आ-आफ्ना विचार र धारणाहरू आदानप्रदान गर्न र कार्यमूलक उत्प्रेरणा पैदा गर्न सकिने भएकाले आपसी कुराकानीबाट जति प्रभावकारी सञ्चार अरूबाट हुन सक्तैन भन्ने भनाइ छ। त्यसलै तस्वीर, कार्टुन तथा टेलिभिजनजस्ता माध्यमहरूमा केही चमत्कार शक्ति हुन्छ र यसले यी माध्यमहरूलाई लिखित शब्द सधैं प्रभावकारी रहेको र यसले आम मानिसको मुटु र मनलाई छुँदै आएकोले यो काममा अरू धेरै शताब्दीसम्म पनि लिखित शब्दले आफ्नो शक्तिलाई नगुमाउने जोन भान्सको धारणा (Johns Vance, How Do We Communicate ?) सधैं सत्यको नजिक अनुभव हुन्छ।

### के हो लेख-रचना ?
इफेक्टिभ फिचर राइटिङ भन्ने पुस्तकमा त्यसका लेखक ल्करेन्स ए. स्वेनफेल्डले दिएको एउटा उदाहरण अनुसार- लेखरचना यदि वनस्पतिविज्ञानको कुनै पाठ हुन्थ्यो र त्यसलाई चार जना आँखा नभएका वनस्पतिशास्त्रीहरूले छोएर वर्गीकरण गर्न खोज्थे भने उनीहरूको निष्कर्ष यसरी भिन्नभिन्नै आउन सक्थ्यो।

- पहिलो वनस्पतिशास्त्री विरूवाको जरा समाचारजस्तै तथ्य हो यसर्थ लेखरचना पनि समाचार नै हो।
- दोश्रो वनस्पतिशास्त्री विरूवाका काण्ड उपन्यासको जस्तै कार्य र शैली हुने तसर्थ लेखरचना बास्तबमा छोटो लघुकथा हो।
- तेश्रो वनस्पतिशास्त्री होइन विरूवाको हाँगाविगामा निवन्धमा जस्तै विचार र दृष्टिकोण भएकोले यो निवन्ध वा प्रवन्ध हो।
- चौथो वनस्पतिशास्त्री विरूवामा पात र फलफूलले आकर्षण बढाएजस्तै लेखमा विज्ञापनमा जस्तै विक्रीको आग्रह वा अपिल हुँदा यो अरूभन्दा भिन्न छ।

यसरी हेर्दा सवै वनस्पतिशास्त्री गलत देखिन्छन तर यो विषय लेखन जगतको विकसित नयाँ रूप र संरचनाको विषय भएकाले यसमा माथिका चारै विषय अर्थात समाचार उपन्यास निवन्ध र विज्ञापनका तत्व वा गुणहरू पाइन्छन्। यसर्थ लेखरचना के हो भन्नु आँखा नभएकाले हाति छामे जस्तै हो। यही र यस्तैमात्र लेखरचना हो भन्नु आफैमा संभव कुरा होइन। समाचार, रूपक र स्तम्भलेखहरू समाचारजस्तै र प्रायः समाचारसँग सम्बन्धित भए पनि समाचार नै होइन। लेख-रचना सोझो समाचार, तत्कालिक घटना वा स्थितिहरूको तथ्यपूर्ण अभिलेख हो भन्ने निचोड निकाल्न सकिन्छ। जसमा प्रमुख तिन कुरा महत्त्वपूर्ण हुन्छन  विषयवस्तु, विश्लेषण र समाधान। मानवीय अभिरूचिको स्पर्शले लेखको आकर्षण बढ्दछ तर त्यसोगर्दा तथ्यहीनता र विकृतिको प्रवेश हुनुहुँदैन। विषयलाई सरल ढङ्गमा प्रस्तुत गर्न जटिल तथ्यको स्पष्टीकरण दिएर अर्थ प्रस्ट पार्ने र आफूले लेख्न लागेको विषयमा गहिरो अध्ययन र अनुसन्धानको आवश्यकता पर्दछ। यस अर्थमा लेखरचनाहरू मूलतः मानवीय रूचिअन्तर्गत र सूचनामूलक जानकारीहरूमा आधारित भएर लेखिने गर्छन्।

## लेखरचना लेखनका तिन प्रमुख पक्ष

लेखरचना प्रभावकारी रूपमा लेख्नका लागि पहिलो आवश्यकता हो अध्ययन अर्थात रिडिङ। पढ्ने अभ्यासले राम्रा र विशेषज्ञ लेखकहरूले कसरी लेख्छन् हेर्न, विचार ग्रहण गर्न, रोचक तथा पढुँपढुँ लाग्ने खालका विषय वस्तुहरूको अन्वेषण गर्न र तथ्यग्रहण गर्न सघाउँछ। दोश्रो पक्ष लेखन अभ्यासले स्पष्टता, प्रभावशाली ढंङ्गमा विचारको सञ्चार तथा संप्रेषण गर्नसक्ने माला झै उनिएको सून्दर संरचना र पाठकलाई निश्चित प्रभाव दिनसक्ने शैलीको निर्माण गर्नमा मद्दत गर्दछ। तेश्रो पक्ष ध्वन्यात्मकताले यसको व्यावसायिक पक्षलाई सङ्केत गर्दछ। जस अन्तर्गत लेखरचनामा प्रयोग गर्न आवश्यक चित्र कार्टुन, तस्वीर जस्ता दृश्य सामग्रीहरू पर्दछन्। बिद्वानहरूका अनुसार लेखक जादुगर वा चटकीजस्तै हो। जसले एकैसाथ र समयमा धेरै भकुन्डाहरूलाई अकाशमै अड्याएर राख्न सक्नुपर्दछ। सवै राम्रा लेख रचनाका लेखकहरूमा यी चार गुण आवश्यक मानिन्छन्। ति हुन् जिज्ञासा, पूर्णता, क्षमता र आत्मविश्वास।

**जिज्ञासा** मानिस, मानिसलाई प्रभाव पार्ने काम कुरा, आफ्नो लेखको बजार आदि।

**पूर्णता** दायित्व बोध, सत्यता र तथ्यपरक प्रस्तुति।

**क्षमता** शब्द स्तरीयताको अनुभूति र व्यवसायिक चेतना।

**आत्मविश्वास** आफु स्वयमलाई ठूलो लेखक सम्झेर लेख्नुहोस। नभए पनि तपाई कुनै दिन ठूलो लेखक बन्नुहुने छ भन्ने ठानेर लेख्नुहोस्। अहम् भाव राखेर लेख लेख्नुहोस् तर आफू अहंकारी भएको भान कसैमा पनि पर्न नदिनुहोस्। महान् हुने चाहना खराव होइन, यसको प्रदर्शन मात्रै खराब हो। सामान्य हिसावले भन्ने हो भने रूचिकर वा रूचिपूर्ण, सूचनामूलक, धेरैको लागि प्रभाव पार्ने विषय नै राम्रो विषय मानिन्छ। राम्रो विषय वस्तुमा प्रमुख रूपमा आठवटा कुरा आवश्यक मानिन्छन्।

अंग्रेजीमा APPLAUSE भन्ने शब्दमा यी आठवटा कुराहरू पर्दछन्। अंग्रेजीका ति शब्दहरू हुन्।

| | |
|---|---|
| **Appeal** | आधारभूत आवश्यकता अर्थात भौतिक, सामाजिक, भावनात्मक, मानसिक आध्यात्मिक विश्वास आदि। |
| **Plain Facts** | निजी विचार तथ्य होइन। विभिन्न श्रोतसँगको सम्पर्क, खोजी अनुसन्धान। |
| **Personalities** | पाठकहरू समस्या र घटना होइन, आफै वा मानिसलाई पढ्न चाहन्छ। |
| **Logical Angle** | यो लेख वा जानकारी मेरो लागि हो भन्ने भान आवश्यक पर्छ साथै समसामयिकता, निकटता नवीनता आदि। |
| **Action** | मानिस स्वयम्ले गरेका काम, घटना-दुर्घटना, संघर्ष, द्वन्द्व घातप्रतिघात अर्थात मानिसको विरूद्धमा मानिस, प्रकृति, समाज र मानव स्वयं प्रेम, अर्थ निजीसम्वन्ध नैतिक प्रश्न। |
| **Unicmess/Universality** | व्यापकता र विशिष्टता, असामान्य, असाधारण र अनौठो। |
| **Significance** | सामयिकता वा नवीनता, ताजापन, निकटता, प्रतिष्ठा वा सबैपरिचित व्यक्ति, स्थान, घटना, समस्या आदि पाठकसँगको सम्वन्ध वा सान्दर्भिकता। |
| **Energy Increment** | उत्साह, हौसला, स्नेहभाव। |

## विषयगत वर्गीकरण

समान्यतया लेखरचनालाई व्यक्तित्त्व शब्दचित्र, सीप वा कामको तरीका, अनुसन्धानात्मक लेख, आख्यानपरक वा विवरणात्मक लेख, निजी अनुभवपरक लेख,अन्तर्वाता लेख, विचार वा दृष्टिकोणपरक र समाचार-लेख भनेर वर्गीकरण गर्न सकिन्छ। समाचार, व्यक्तित्व, मानवीय अभिरूचि, अनुभव, बानी, पाल्तु वा अरू जनावर, विज्ञान र प्रविधि, फेसन, खानपिन, निर्वाचन, मानवअधिकार आदि जे जति पनि लेखनका विषयवस्तु हुन सक्छन्। लेखकले आफ्ना पाठकलाई रूचिकर, सूचनामूलक तथा मनोरञ्जक लाग्छ भन्ने ठानेका कुनै पनि विषय लेखका विषय हुन सक्छन्। वर्गीकरण गरिएको लेखका विषयलाई छोटो रूपमा पृष्ठभूमि लेख, खोजपरक लेख, मनोरञ्जनात्मक वा रोचक लेख र तत्कालिक इतिहास गरी चार वर्गमा समेट्न सकिन्छ। लेखको प्रमूख आधार नै भाषा हो। तसर्थ भाषिक कुशलता अत्यन्त आवश्यक कुरा भएकोले विर्सन हुन्न।

## अनलाइन पत्रकारिता

अखबारहरूमा खबरहरू प्रकाशित गरी गरिने अखबारी पत्रकारिता, रेडियो तथा टेलिभिजनमा आवाज र दृश्यको प्रयोग गरी गरिने प्रसारण पत्रकारिता इन्टरनेटको संजालभित्र विभिन्न वेभसाइटमार्फत् सूचना तथा खबरहरू उपलब्ध गराउनु तथा समाचार सामग्रीहरू प्रकाशित गर्नु अनलाइन पत्रकारिता हो। अनलाइन पत्रकारिता अथवा इ-जर्नालिजम वास्तवमा छापा, रेडियो तथा टेलिभिजन माध्यमको मिश्रित रुप हो। कम्प्युटरको पर्दामा प्रकाशित समाचार सामग्री, विभिन्न कलात्मक रुपमा देखिने तस्वीरहरू तथा मल्टिमिडियाको माध्यमबाट सुन्न सकिने आवाज तथा तस्वीरले उक्त माध्यमहरूलाई समेट्न सकेको छ। कम्प्युटरको अत्यधिक प्रयोगले र इन्टरनेट प्रविधिको बिस्तारले धेरै मानिसहरू उनीहरूको धेरै समय इन्टरनेट सञ्जालभित्र बिताउने भएबाट र इन्टरनेटमा उपलब्ध हुने धेरै सूचनाहरूको कारणले अनलाइन पत्रकारिताको अवधारणा शुरु भएको पाइन्छ। विश्व विख्यात सि.एन.एन., बि.बि.सी. जस्ता टेलिभिजन नेटवर्क, एपी, एएफपी, रोयटर्स, सिन्ह्वाजस्ता समाचार एजेन्सीहरू तथा अन्य विश्वभरका अखबारहरू सबैजसोले तिनीहरूको अनलाइन संस्करण प्रकाशित गर्न थालेका छन्।

यो भन्दा पनि महत्वपूर्ण कुरा फाइलहरू अपडेट गर्ने FTP लगायत इन्टरनेट कनेक्सन आदिको राम्रो ज्ञान भएमा उसले आफूले चाहेको बेला समाचार सामग्रीहरू अपलोड सक्दछ। निर्वाचनका सामग्रीहरू चाहिएमा अर्थात विभिन्न जिल्लामा भएका गतिविधि जानकारी लिनु परेमा सर्चमाध्यमबाट चाहिएको विषयमा जानकारी प्राप्त गर्न सकिन्छ।

## NET CODES

| DOMAIN | NAMES |
|---|---|
| .com | commercial companies |
| .edu | universities |
| .gov | US government sources |
| .mil | US military sites |
| .org | organizations |
| .net | operations linked to the internet |
| .biz | businesses |
| .coop | cooperatives |
| .info | general use |
| .name | individuals |
| .museum | museums |
| .aero | aviation industry |
| .pro | professionals (currently being introduced for people like lawyers & engineers) |
| .jobs | for human resources managers |
| .travel | for airlines and hotels etc. |

The system is overseen by ICANN, the Internet Corporation for Assigned Names and Numbers – a co-operative body representing different parts of the internet world, though ultimately still subject to US control.

## Search Engines

Google, AltaVista, Lycos, Yahoo, msn, Dogpile, Vivisimo

# रिपोर्टिङका विषयवस्तु

**निर्वाचन पहिले**

- निर्वाचन प्रणाली
- दलहरूका घोषणापत्र
- निर्वाचन प्रक्रिया
- शान्तिपूर्वक भेला हुने अधिकार
- विचार र अभिव्यक्तिको स्वतन्त्रता
- स्वतन्त्रतापूर्वक आवतजावत र बसोबास गर्ने अधिकार
- राजनीतिक दलहरूका गतिविधिहरू
- राजनीतिक दलहरूले आफ्ना गतिविधि संचालन गर्न पाउने अधिकार
- सूचनाको अधिकार
- राजनीतिक गतिविधिमा बालवालिका र विद्यालयको प्रयोग
- स्थानिय पत्रपत्रिका, रेडियो र टेलिभिजनको भूमिका
- गैससहरूको भूमिका
- शान्ति प्रक्रिया र निर्वाचनमा देखिएका असन्तुष्टि
- निर्वाचन तयारी र योजना
- अवधारणा, सहमति र सकारात्मक अभ्यास
- निर्वाचन आयोगका गतिविधि
- निर्वाचनसम्वन्धी कानुनहरू
- निर्वाचनसम्वन्धी नियम-निर्देशिका
- निर्वाचन कार्यक्रम
- मतदाता संख्या (महिला-पुरुष)
- निर्वाचनसम्वन्धी तथ्य-तथ्याङ्क
- निर्वाचनसम्वन्धी प्रकाशन
- निर्वाचन शिक्षा, तालिम, गोष्ठी, अभिमूखीकरण
- निर्वाचनसम्वन्धी अर्न्तक्रिया, भेटघाट, हटलाइन, उजुरी
- समावेशिकरण
- निर्वाचन अनुगमन, पर्यवेक्षण
- सुरक्षा अवस्था

**निर्वाचनमा पर्यवेक्षणका विषय**

१. आरोप-प्रत्यारोप, पार्टी प्रवेश, जुलुस-सभा।
२. अभाव, दवाव र प्रभाव।
३. मनि-मसल, माफिया र म्यानुपुलर।
४. फकाउने, फुल्याउने र धम्क्याउने।

**मतदानको समयमा**

- गोप्य मतदान गर्न पाउने अधिकार
- निर्वाचनको वातावरण
- महिला, दलित, मधेसी, आदिवासी-जनजाति, अलपसंख्यक, अपाङ्ग, धार्मिक समुदाय आदिको मतदानमा पहुँच

- मतदानमा विस्थापित, स्वयमसेवक, पर्यवेक्षकलगायतको गतिविधि र पहुँच
- बृद्धाबृद्ध, अशक्त, गर्भवती महिला आदिका सम्वन्धमा गरिएको विशेष व्यवस्था
- शौचालय, खानेपानी र औषधी-उपचार आदिको व्यवस्था
- बालवालिकाको प्रयोग

**मतदान पछि**

- मतगणनाको स्थिती
- सदर, बदर मत
- सूचना संप्रेषण
- शान्तिपूर्ण प्रर्दशन, भेला र ऱ्याली

**निर्वाचन पर्यवेक्षक के होइनन् ?**

- न्यायाधिस
- प्रहरी
- स्वयंमसेवक
- अख्तियार व्यक्ति

**निर्वाचनसम्वन्धी अन्य विषयहरू**

- लैङ्गिक विश्लेषण
- निर्वाचन आचारसंहिता पालनाको अवस्था
- निर्वाचनका अवधीमा भएका मानवअधिकार उललंघनका घटनाका प्रकृति र विवरण
- राष्ट्रिय-अर्न्तराष्ट्रिय पर्यवेक्षकहरू
- निर्वाचनको विश्लेषण
- निर्वाचनका चुनौती, सिकाई र उपलव्धीहरू
- निर्वाचनका विषयमा सुझाव र सिफारिसहरू

# संविधानसभा सदस्य निर्वाचन आचारसंहिता-२०७०

**प्रस्तावना** : स्वतन्त्र, स्वच्छ, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढंगबाट संविधानसभाको निर्वाचन सम्पन्न गर्नका लागि सरोकारवालाहरूले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, निर्वाचन आयोग ऐन, २०६३ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले सरोकारवालाहरूसँग परामर्श गरी देहायको आचारसंहिता बनाएको छ।

**परिच्छेद –१**

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आचार संहिताको नाम "संविधानसभा सदस्य निर्वाचन आचार संहिता, २०७०" रहेको छ।

(२) यो आचार संहिता सम्वत् २०७० साल श्रावण ७ गते देखि प्रारम्भ हुने छ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचार संहितामा,-

(क) "निर्वाचन" भन्नाले सम्वत् २०७० साल मंङ्सिर ४ गते सम्पन्न हुने संविधानसभा सदस्यको निर्वाचन सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले निर्वाचन आयोग सम्झनुपर्छ।

३. **आचारसंहिता लागू हुने निकाय, अधिकारी, संस्था, र व्यक्ति** : यो आचारसंहिता देहायका निकाय, अधिकारी, संस्था र व्यक्तिलाई लागू हुनेछ :-

(क) राजनीतिक दल र उम्मेदवार,

(ख) राजनीतिक दल तथा उम्मेदवारसँग सम्वन्धित व्यक्ति,

**स्पष्टीकरण** : (१) "राजनीतिक दल" भन्नाले राजनीतिक दलको भातृ संगठनलाई समेत जनाउँछ।

(२) "राजनीतिक दल तथा उम्मेदवारसँग सम्वन्धित व्यक्ति" भन्नाले राजनीतिक दल वा उम्मेदवारको तर्फबाट निर्वाचन प्रचार-प्रसार गर्ने कार्यमा संलग्न जुनसुकै व्यक्ति सम्झनु पर्छ।

(ग) नेपाल सरकार र नेपाल सरकारका मन्त्री,

(घ) नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्था र स्थानीय निकाय,

(ङ) आम सञ्चारका माध्यम,

**स्पष्टीकरण** : "आम सञ्चारका माध्यम" भन्नाले सरकारी, सामुदायिक र निजी क्षेत्रका विद्युतीय तथा मुद्रणका सञ्चार माध्यम सम्झनुपर्छ।

च) नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्था र स्थानीय निकायका कर्मचारी र निर्वाचन कार्यमा संलग्न कर्मचारी तथा सुरक्षाकर्मी,

(छ) गैरसरकारी संघ/संस्था र

(ज) निर्वाचन प्रयोजनको लागि आयोगले खटाएको स्वयंसेवक।

## परिच्छेद - २

# राजनीतिक दल, उम्मेदवार र राजनीतिक दल तथा उम्मेदवारसँग सम्वन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरण

निर्वाचन प्रचार-प्रसार गर्दा राजनीतिक दल, उम्मेदवार र राजनीतिक दल तथा उम्मेदवारसँग सम्वन्धित व्यक्तिले देहायको आचरण पालना गर्नु पर्नेछ :-

### निर्वाचन प्रचार-प्रसारसम्वन्धी सामान्य आचरण :

४. नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, जनतामा निहित राजकीय सत्ता प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, मानव अधिकार र स्वतन्त्र न्यायपालिकाको अवधारणा प्रतिकूल हुने गरी निर्वाचन प्रचार-प्रसार गर्न वा गराउनु हुदैन।

५. कुनै धर्म, सम्प्रदाय, जात जाति, लिङ्ग, भाषा, समुदाय वा प्रादेशिकताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने गरी निर्वाचन प्रचार-प्रसार गर्न वा गराउन हुँदैन।

६. भाषण, वक्तव्य र अन्य यस्तै कुरामा शिष्ट र मर्यादित भाषा प्रयोग गर्नु पर्छ।

७. कुनै राजनीतिक दल वा उम्मेदवारको आलोचना गर्दा त्यस्तो दल वा उम्मेदवारको नीति तथा कार्यक्रम र विगतमा निजले गरेको काममा मात्र सीमित रही गर्नु पर्नेछ; उम्मेदवार, राजनीतिक दलको नेता वा कार्यकर्ताको सार्वजनिक कामसँग सम्वन्धित नभएको निजी जीवनको कुनैपनि कुराको आलोचना गर्नुहुँदैन।

८. लैङ्गिक हिंसा लगायत अन्य हिंसाजन्य कार्य गर्न र त्यस्तो कार्य गर्न कसैलाई उक्साउनु हुँदैन।

९. प्रचलित कानूनबमोजिम निर्वाचनसम्वन्धी कसूर मानिने कार्य गर्न वा गराउन र त्यस्तो कसुर गर्न कसैलाई उक्साउनु हुँदैन।

१०. धार्मिक, पुरातात्विक वा ऐतिहासिक भवन, स्मारकस्थल वा सरकारी वा सार्वजनिक भवन र शैक्षिक संस्थाको भित्ता वा पर्खालमा कुनै पनि किसिमको पर्चा टाँस्न हुँदैन।

११. कसैको निजी घर कम्पाउण्ड, पसल, पर्खाल वा यस्तै अन्य स्थानहरूमा घरधनीको स्वीकृति नलिई कुनै पनि किसिमको पर्चा टाँस्न हुँदैन।

१२. भित्ते लेखन गर्न, तुल, व्यानर प्रयोग गर्न वा गराउन हुँदैन।

१३. शान्तिपूर्ण र बाधा अबरोधरहित मानवीय जीवन जीउन पाउने प्रत्येक व्यक्तिको अधिकारलाई सम्मान गर्नु पर्नेछ; कुनै व्यक्तिको विचारको विरोध गर्दा निजको घर अगाडि विरोध गर्न र प्रदर्शन गर्न हुँदैन।

१४. निर्वाचन प्रचार-प्रसारको प्रयोजनको लागि पचहत्तर ग्रामसम्मको कागजमा कूल क्षेत्रफल तीन सय बर्ग इन्चसम्मको आकारको पर्चा मात्र प्रयोग गर्नु पर्नेछ; त्यस्तो पर्चा छपाउँदा एक रङमा मात्र छपाउनु पर्नेछ र प्रत्येक पर्चामा पर्चा मुद्रक र पर्चा छपाउने राजनीतिक दल वा उम्मेदवार समेतको नाम र ठेगाना उल्लेख गर्नु पर्नेछ।

१५. कुनै राजनीतिक दल वा उम्मेदवारले टाँस गरेको वा त्यस्तो दल वा उम्मेदवारको तर्फबाट टाँस भएको पर्चा वा निर्वाचन चिन्हलाई केरमेट गर्न, उप्काउन, च्यात्न वा त्यसमाथि आफ्नो पर्चा टाँस्न वा टाँस्न लगाउन हुँदैन।

१६. कसैको पुत्ला लिएर हिंड्न वा पुत्ला जलाउने कार्य गर्नु वा गराउनु हुँदैन।

१७. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था, निकाय वा स्थानीय निकाय र कुनै परियोजनाको साधन, श्रोत र सम्पत्ति प्रयोग गर्नु वा गराउनु हुँदैन।

१८. प्रचार-प्रसारको लागि कुनैपनि प्रकारको प्लास्टिक सामग्री प्रयोग गर्नु हुँदैन।

१९. मादक पदार्थको सेवन गरी निर्वाचनको प्रचार-प्रसार गर्न वा गराउनु हुँदैन।

२०. निर्वाचन आयोगद्वारा वितरित मतदाता शिक्षा सम्वन्धी प्रचार सामग्री वा सूचनालाई विगार्न, नास्न, केरमेट गर्न वा अन्य कुनै किसिमबाट थपघट गर्न गराउन वा विकृत गर्न हुँदैन।

२१. मतदातालाई प्रभाव पार्ने उद्देश्यले नगद, जिन्सी र अन्य कुनै पनि सामग्री वितरण गर्न वा प्रदान गर्न वा भोज भतेरको आयोजना गर्नु वा गराउनु हुँदैन।

२२. आफूले टाँसेको पर्चा सम्वन्धित निर्वाचन क्षेत्रको परिणाम घोषणा भएको साठी दिनभित्र उप्काई वा हटाई पर्चा टाँसेको स्थान सफा गर्नु पर्नेछ।

## जुलुस तथा आमसभा सम्वन्धी आचरण :

२३. जुलुस, र्‍याली, आमसभा, वैठक वा भेला गर्दा वा गराउँदा स्थानीय प्रशासन र प्रहरीलाई सुरक्षा प्रबन्ध गर्न सोको समय, मिति, मार्ग, रुट र स्थानका बारेमा स्थानीय प्रशासन र प्रहरीलाई कम्तीमा चौबीस घण्टा अगावै जानकारी गराएर मात्र गर्नु पर्नेछ; त्यसरी तय भई सकेको मार्ग स्थानीय प्रशासन र प्रहरीको अनुमतिबिना फेरबदल गर्न सकिने छैन।

२४. दुई वा दुईभन्दा बढी राजनीतिक दल वा उम्मेदवारहरूले एउटै समय, स्थान र मार्गमा जुलुस, र्‍याली, आमसभा, वैठक वा भेला गर्दा स्थानीय प्रशासनले दिएको अनुमति अनुसार मात्र आयोजना गर्नु पर्नेछ।

२५. नेपाल सरकार वा स्थानीय प्रशासनले सार्वजनिक सुरक्षा र हितका लागि प्रचलित कानूनबमोजिम निषेध गरेको समय र स्थानमा कुनैपनि जुलुस, र्‍याली, आमसभा, वैठक, भेला वा प्रचार-प्रसारको कार्यक्रमको आयोजना गर्नु वा गराउनु हुँदैन।

२६. सार्वजनिक आवागमनमा अवरोध हुने गरी जुलुस, आमसभा गर्नु वा गराउनु हुँदैन।

२७. मसाल जुलुस र हातहतियारसहितको जुलुस निकाल्नु हुँदैन।

२८. जुलुस, र्‍याली, वा आमसभामा भाग लिने व्यक्तिहरूले आफनो हातमा १०"×१८" को आकारसम्मको झण्डा लिन सक्नेछन्।

तर निर्वाचन प्रचार-प्रसारको लागि प्रयोग गरिने सवारी साधनमा वा आमसभास्थलमा सोभन्दा ठूलो आकारको झण्डा प्रयोग गर्न बाधा पुगेको मानिने छैन।

२९. हात हतियार वा विष्फोटक पदार्थ लिएर हिंड्न वा रासायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी जस्ता धारिलो तथा जोखिमी प्रकृतिका हातहतियारको प्रदर्शन गर्न वा प्रयोग गर्न गराउन हुँदैन।

३०. अरु राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको जुलुस, र्‍याली, आमसभा, वैठक वा भेला विथोल्न वा त्यस्तो जुलुस, र्‍याली, आमसभा, वैठक वा भेलालाई कुनै प्रकारको बाधा अवरोध पुर्‍याउनु हुँदैन।

३१. जुलस, र्‍याली, आमसभा वा भेला जस्ता प्रचार-प्रसारका कार्यक्रम बिहान सात बजेदेखि साँझ सात बजेसम्म मात्र गर्नु पर्नेछ।

३२. बालवालिकालाई जुलुस, र्‍याली, आमसभा, वैठक वा भेलामा सहभागी गराउन तथा निर्वाचन प्रचार-प्रसार र निर्वाचनसँग सम्वन्धित अन्य कुनैपनि काम वा गतिविधिमा प्रयोग गर्न र गराउन हुँदैन।

३३. जनसाधारणको हितमा प्रतिकूल असर नपर्ने गरी निर्वाचनको प्रचार-प्रसार गर्ने उद्देश्यले आमसभा र आमसभाको लागि सूचना प्रवाह गर्ने प्रयोजनका लागि वाहेक अन्यत्र माइक तथा लाउडस्पिकर र यस्तै ध्वनी उत्पन्न गर्ने यन्त्र प्रयोग गर्न हुँदैन।

३४. मतदान हुने दिनभन्दा अठचालीस घण्टा अघिदेखि मतदानको काम पूरा नभएसम्म जुलुस निकाल्न, नारा लगाउन, राजनीतिक दल वा राजनीतिक दलसँग आबद्ध संस्थाको झण्डा, निर्वाचन चिन्ह र अन्य कुनैपनि सामग्री प्रदर्शन गर्न र निर्वाचन प्रचार-प्रसार हुने कुनैपनि कार्य गर्नु र गराउनु हुँदैन।

३५. विद्यालय र विद्यालय हाताभित्र आमसभा, माइकिङ्ग लगायत निर्वाचन प्रचारका काम गर्नुहुँदैन।

## सवारी साधनको प्रयोगसम्वन्धी आचरण :

३६. हवाईजहाज तथा हेलिकप्टर जस्ता सवारी साधन चार्टर गरी निर्वाचन प्रचार-प्रसार गर्नु वा गराउनु हुँदैन।

तर सोलुखुम्बु, मनाङ, मुस्ताङ, डोल्पा, हुम्ला, जुम्ला, मुगु, कालिकोट, बझाङ, बाजुरा र जाजरकोट जिल्लाको हकमा यो दफा लागू हुनेछैन।

३७. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था, स्थानीय निकाय र परियोजनाका सवारी साधन प्रयोग गर्नु वा गराउनु हुँदैन।

३८. उम्मेदवारले निर्वाचन प्रचार-प्रसारका लागि एक निर्वाचन क्षेत्रमा वढीमा दुईवटा हलुका सवारी साधन प्रयोग गर्न सक्नेछ। त्यस्ता सवारी साधन नचल्ने निर्वाचन क्षेत्रमा वढीमा चार वटा घोडा प्रयोग गर्न सक्नेछ।

तर एउटा उम्मेदवारले प्रयोग गरेको सवारी साधन अर्को कुनै पनि उम्मेदवार वा राजनीतिक दलले कुनै पनि प्रकारले प्रयोग गर्न हुदैन।

३९. राजनीतिक दलले निर्वाचन प्रचारका लागि एउटा जिल्लामा वढीमा दुई वटा हलुका सवारी साधन प्रयोग गर्न सक्नेछ।

तर एउटा राजनीतिक दलले प्रयोग गरेको सवारी साधन अर्को कुनै पनि राजनीतिक दल वा उम्मेदवारले कुनै पनि प्रकारले प्रयोग गर्न हुदैन।

४०. निर्वाचन अधिकृतले राजनीतिक दल र उम्मेदवारले निर्वाचन प्रचारको लागि प्रयोग गर्ने सवारी साधनको लागि अनुसूची–२ बमोजिमको ढाँचामा निस्सा प्रदान गर्नेछ।

४१. दफा ४० बमोजिम निस्सा दिँदा निर्वाचन अधिकृतले त्यस्तो सवारी साधनमा टाँस्नुपर्ने सवारी साधन संख्या नम्वर दिनेछ र सम्वन्धित राजनीतिक दल र उम्मेदवारले त्यस्तो संख्या उक्त सवारी साधनमा सवैले देख्ने गरी टाँस्नु पर्नेछ।

४२. निर्वाचन अधिकृत, अनुगमन टोली, मतदान अधिकृत, आयोग वा आयोगले तोकिदिएको अधिकृतले दफा ४१ बमोजिमको निस्सा र संख्या जाँच गर्न सक्नेछ।

४३. मतदानको दिन मतदातालाई हवाईजहाज, हेलिकप्टर, बस, ट्रक, जीप, मोटरसाईकल र अन्य कुनै पनि सवारी साधनबाट ओसार-पसार गर्नु र गराउनु हुँदैन।

तर हिंडडुल गर्न नसक्ने अशक्त मतदाताले आयोग वा सम्वन्धित निर्वाचन अधिकृत वा मतदान अधिकृतले तोकिदिएको सवारी साधन प्रयोग गर्न सक्नेछ।

## अनुचित प्रभाव तथा अवरोध सम्वन्धी आचरण :

४४. निर्वाचनसँग सम्बद्ध कर्मचारी तथा सुरक्षाकर्मीलाई कुनै किसिमको डर, त्रास, धाक, धम्की दिई वा बल प्रयोग गरी वा प्रलोभन दिई आफ्नो कर्तव्य पालन गर्नबाट विचलित गर्नु वा गराउनु हुँदैन।

४५. मतदातालाई डर, त्रास, धाक, धम्की वा प्रलोभन दिने वा धर्म भकाउने जस्ता काम गरी निजको इच्छा विपरित मतदान गर्न वा नगर्न बाध्य गर्नु वा गराउनु हुँदैन।

४६. कुनै किसिमको डर, त्रास, धाक, धम्की दिई वा वल प्रयोग गरी कुनै पनि उम्मेदवारलाई निर्वाचनको प्रचार-प्रसार गर्न नपाइने गरी रोक्ने, थुन्ने, छेक्ने वा निर्वाचनमा प्रत्यक्ष वा अप्रत्यक्ष ढङ्गबाट असर पर्न सक्ने गरी कुनै पनि किसिमको काम कारवाही गर्न वा गराउन हुँदैन।

४७. निर्वाचन विथोल्ने, निर्वाचन प्रति वितृष्णा पैदा हुने, निर्वाचनमा भ्रम सिर्जना हुने वा निर्वाचनमा अवरोध हुनेगरी कुनै कार्य गर्नु वा गराउनु हुँदैन।

४८. मतदाताहरूलाई मतदान गर्न जान वा मतदान गर्नबाट बन्चित गराउने अभिप्रायले कुनैपनि किसिमले अवरोध वा थुनछेक गर्नु वा गराउनु हुँदैन।

## मतदानसम्वन्धी आचरण :

४९. मतदानको दिन मतदान शान्तिपूर्ण तथा सुव्यवस्थितरुपमा सञ्चालन गर्न र मतदाताले कुनै वाधा, अवरोध, हैरानी विना आफ्नो मताधिकार प्रयोग गर्ने कार्य सुनिश्चित गर्न मतदानमा खटिएका कर्मचारी तथा सुरक्षाकर्मीलाई सहयोग गर्नु पर्नेछ।

५०. मतदानको दिन मतदान केन्द्र र सोको २०० मिटर वरिपरि राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह अंकित कुनैपनि किसिमको पहिरन, पोशाक, टोपी, स्टिकर, लोगो, झोला आदिको प्रयोग गर्न र गराउन हुँदैन।

५१. मतदान केन्द्र र सोको २०० मिटर वरिपरि रहने आफ्नो प्रतिनिधि र कार्यकर्तालाई कुनै चिन्ह वा संकेत नभएको सादा परिचयपत्र वा व्याच प्रदान गर्नु पर्नेछ।

५२. मतदान केन्द्र र सोको २०० मिटर वरिपरि भीड जम्मा गर्न र पर्चा, झण्डा, संकेत लगायत निर्वाचन प्रचारका कुनैपनि सामग्री टाँस्न वा टाँस्न लगाउन, राख्न वा राख्न लगाउन र लेख्न वा लेख्न लगाउन हुँदैन। त्यसरी लेख्न वा लेख्न लगाएको रहेछ भने सम्वन्धित राजनीतिक दल वा उम्मेदवारले मतदान कार्य शुरु हुन अघि त्यस्ता सामग्री हटाउनु पर्नेछ।

५३. मतदानको दिन कुनै दल वा उम्मेदवारको निर्वाचन प्रचार हुने गरी शरीरमा टाटु लगाउने वा टाँक वा टीका लगाउने वा अन्य यस्तै कार्य गर्नुहुँदैन।

## राजनीतिक दल, उम्मेदवार र राजनीतिक दल तथा उम्मेदवारसँग सम्वन्धित व्यक्तिको दायित्व र जिम्मेवारी :

५४. आफ्नो कार्यकर्ता तथा समर्थकहरूलाई निर्वाचन सम्वन्धी आचार संहिताको जानकारी गराई सोको पालना गर्न र गराउन लगाउनु पर्नेछ।

५५. आफ्ना कार्यकर्ता वा समर्थकबाट आचार संहिता उल्लंघन भएमा सोको जिम्मेवारी त्यस्तो दल र उम्मेदवारले लिनु पर्नेछ।

५६. निर्वाचनसम्बन्धी ऐन, नियम, आदेश तथा निर्देशिकामा भएका व्यवस्थालाई पूर्णरुपमा पालना गर्नु र गराउनु पर्नेछ।

परिच्छेद - ३

## नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायले पालना गर्नुपर्ने आचरण

निर्वाचनको सिलसिलामा नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्था, स्थानीय निकाय र सोको कर्मचारीले देहायका आचरण पालना गर्नु पर्नेछ :-

५७. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायले वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएकोमा बाहेक नयाँ नीति, योजना तथा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न, कार्यान्वयन गर्न, सञ्चालन गर्न र सो प्रयोजनका लागि जनशक्ति तथा श्रोत, साधनको परिचालन गर्नु र गराउनु हुँदैन।

५८. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायले कुनै पनि योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, नयाँ योजना वा कार्यक्रम स्वीकृत गर्ने, शुरु गर्ने, सर्वेक्षण गर्ने, अध्ययन गर्ने वा सोको लागि अनुदान दिने जस्ता कार्यहरू गर्नु र गराउनु हुँदैन।

तर प्राकृतिक प्रकोपको कारणबाट काबु बाहिरको परिस्थिति सिर्जना भई मानवीय आधारमा सहयोग पुऱ्याउन कुनै कार्यक्रम सञ्चालन गर्न आवश्यक भएमा त्यस्तो कार्यक्रम सञ्चालन गर्न वाधा पुगेको मानिने छैन।

५९. नेपाल सरकारका मन्त्री तथा राजनीतिक नियुक्ति पाएका व्यक्तिले सरकारी कामका लागि भ्रमण वा निरीक्षणमा जाँदा वा जुनसुकै सरकारी काममा संलग्न रहँदा निर्वाचन प्रचार-प्रसारको काममा संलग्न हुनु हुँदैन।

६०. निर्वाचनमा उम्मेदवार नभएका मन्त्री वा स्थानीय निकायका पदाधिकारी मतदान गर्ने कामको लागि मात्र मतदान केन्द्रभित्र प्रवेश गर्नु पर्नेछ।

६१. मन्त्रिपरिषद्का अध्यक्ष, मन्त्री, मन्त्रीका सल्लाहकार र राजनीतिक नियुक्ति पाएको व्यक्तिले प्रयोग गर्ने सरकारी साधन, श्रोत र सहुलियत निर्वाचन प्रचार-प्रसारको काममा प्रयोग गर्नु वा गराउनु हुँदैन।

६२. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था वा स्थानीय निकायमा कार्यरत कर्मचारीलाई नेपाल सरकार वा अख्तियारवाला पदाधिकारीले निर्वाचन प्रचार-प्रसारको काममा वा निर्वाचन परिणाममा प्रभाव पार्ने खालको काममा प्रयोग गर्नु वा गराउनु हुँदैन।

६३. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका निकाय वा स्थानीय निकायका भवन, अतिथि गृह, सभागृह वा त्यस्तै अन्य साधन र सुविधा राजनीतिक दल, उम्मेदवार र निर्वाचनको प्रचार-प्रसारमा संलग्न अन्य व्यक्तिहरूलाई प्रयोग गर्न दिनु हुँदैन।

६४. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायका प्रमुख र कर्मचारीले नेपाल सरकार, त्यस्तो संस्था र स्थानीय निकायको कुनैपनि किसिमको श्रोत तथा साधन निर्वाचन प्रचार-प्रसारका लागि उपलव्ध गराउनु हुँदैन।

६५. नेपाल सरकारका कर्मचारी तथा सुरक्षाकर्मी, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायमा कार्यरत कर्मचारी र सामुदायिक विद्यालयका शिक्षकलाई निर्वाचन सम्वन्धी काममा वाहेक अन्यत्र सरुवा गर्न, काजमा खटाउन, वढुवा गर्न वा रिक्त पदमा पूर्ति गर्नुहुँदैन।

तर प्रचलित कानूनबमोजिम नियमित रुपमा हुने बढुवाका सम्वन्धमा यो दफा लागू हुने छैन।

६६. नयाँ पदको सृजना गर्न, विज्ञापन गर्न वा भत्ता बृद्धि गर्न वा ग्रेड, पुरस्कार प्रदान गर्न हुँदैन।

तर लोकसेवा आयोग र न्याय सेवा आयोगद्धारा नियमित रुपमा गरिने विज्ञापनको सम्वन्धमा र कर्मचारीले नियमित रुपमा प्रचलित कानूनबमोजिम पाउने भत्ता, ग्रेड वा पुरस्कारका सम्वन्धमा यो दफा लागू हुने छैन।

६७. निर्वाचन अधिकृत नियुक्त भई काम गरेको कर्मचारीलाई निर्वाचनको परिणाम घोषणा भएको पन्ध्र दिनसम्म सरुवा गर्न हुँदैन।

६८. स्थानीय प्रशासनले उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मतदान हुनु तीन दिन अघिसम्म बेलुकी आठ बजेपछि मादक पदार्थ विक्रि वितरण गर्न र मतदानको तीन दिनअघि देखि निर्वाचन परिणाम घोषणा नभएसम्म मादक पदार्थ विक्रि वितरण र सेवनमा रोक लगाउनु पर्नेछ।

६९. निर्वाचन अधिकृत, मतदान अधिकृत, मतदान केन्द्रमा खटिएका वा निर्वाचनको काममा संलग्न अन्य कुनै अधिकृत, कर्मचारी, अनुगमनमा खटिएका कर्मचारी वा सुरक्षाकर्मी, स्वयंसेवक र पर्यवेक्षकले निर्वाचनको कुनै काम गर्दा तटस्थ र निष्पक्ष रुपमा आफ्नो पदीय कर्तव्य पालना गर्नु पर्नेछ र कानूनबमोजिम कुनै उम्मेदवारलाई आफ्नो मत दिन बाहेक कुनै उम्मेदवार वा दलको पक्ष वा विपक्षमा कुनै किसिमको काम गर्न वा गराउन हुँदैन।

७०. निर्वाचन कार्यक्रम प्रकाशन भएपछि निर्वाचन समाप्त नहुन्जेलसम्म मुलुकको प्रतिनिधित्व गरी विदेश भ्रमणमा जानुपर्ने सरकारी प्रतिनिधि वा प्रतिनिधि मण्डल बाहेक अन्य कुनैपनि प्रयोजनका लागि नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायको तर्फबाट विदेश भ्रमणमा जानु हुँदैन।

### परिच्छेद - ४

## गैर सरकारी संस्थाको आचरण

गैर सरकारी संस्थाले निर्वाचनको सम्वन्धमा देहायका आचरण पालना गर्नु र गराउनु पर्नेछ :-

७१. यो आचार संहिता लागू भएपछि कुनै राजनीतिक दल वा उम्मेदवारलाई प्रभावित पार्ने गरी नयाँ नीति, योजना र कार्यक्रमको घोषणा गर्न वा सो प्रयोजनको लागि जनशक्ति तथा श्रोत साधनको परिचालन गर्नु गराउनु हुँदैन।

७२. राजनीतिक दलका पदाधिकारी र सदस्य वा कुनै पनि उम्मेदवारबाट कुनै नयाँ योजनाको शिलान्यास वा उद्घाटन गराउने र अन्य यस्तै काम गराउनु हुँदैन।

७३. आफ्नो नामबाट कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचार-प्रसार गर्नु वा गराउनु हुँदैन।

७४. आफ्नो संस्थाको कुनै पनि श्रोत, साधन कुनै राजनीतिक दल वा उम्मेदवारको प्रचार-प्रसारको लागि उपलव्ध गराउनु हुँदैन।

७५. निर्वाचन कार्यक्रमलाई प्रभावित पार्ने गरी मतदातालाई कुनै प्रकारले नगद, जिन्सी वा कुनैपनि किसिमको उपहार वा अनुदान दिनु वा दिन लगाउनु हुँदैन।

७६. निर्वाचन सम्पन्न नभएसम्म राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा हुनेगरी सभा वा जुलुस प्रर्दशन जस्ता कार्य गर्नु वा गराउनु हुँदैन।

७७. मतदाताहरूलाई भ्रममा पार्ने गरी सूचना प्रकाशन वा प्रसारण गर्नु गराउनु हुँदैन।

**स्पष्टीकरण** : यस परिच्छेदको प्रयोजनको लागि "गैर सरकारी संस्था" भन्नाले नाफाको उद्देश्य नराखी प्रचलित कानूनबमोजिम नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भएको गैर सरकारी संस्था सम्भनु पर्छ र सो शब्दले विदेशमा दर्ता भई प्रचलित कानून बमोजिम नेपालमा संचालन भएको अन्तर्राष्ट्रिय गैर सरकारी संस्था समेतलाई जनाउँछ।

## परिच्छेद - ५
## आम सञ्चार माध्यमले पालना गर्नुपर्ने आचरण

निर्वाचनको अवधिमा आम संचार माध्यमले देहायका आचरण पालना गर्नु पर्नेछ :-

७८. सूचना वा समाचार सम्प्रेषण गर्दा तथ्यमा आधारित भई, पक्षपात नगरी र वस्तुनिष्ठ ढंगले सम्प्रेषण गर्नु पर्नेछ।

७९. सूचना वा समाचार सम्प्रेषण वा प्रसारण गर्दा कसैप्रति पूर्वाग्रह नराखी र कसैलाई पक्षपात नगरी सम्प्रेषण गर्नु पर्नेछ।

८०. सूचना वा समाचारको संकलन तथा सम्प्रेषण रोक्न, दबाउन वा लुकाउन हुँदैन।

८१. सूचना वा समाचार सर्वसाधारणलाई भ्रममा पार्ने गरी सम्प्रेषण गर्न, प्रकाशन वा प्रसारण गर्न हुँदैन।

८२. निर्वाचनसँग सम्बन्धित शिक्षामूलक समाचार र सूचना सम्प्रेषणलाई उच्च प्राथमिकता दिनुपर्नेछ। सूचना र समाचार संकलन र सम्प्रेषण गर्न कसैले वाधा अवरोध पुऱ्याएमा सो कुरा समेत सूचना तथा समाचारमा समावेश गर्नु पर्नेछ।

८३. कसैबाट कुनै किसिमको अनुचित लाभ ग्रहण गर्न वा पेशागत आचरण एवं मान्यता विपरीत हुने कुनै काम कारबाही गर्नुहुँदैन।

८४. सूचना र समाचार सम्प्रेषण गर्दा, प्रकाशन गर्दा वा प्रसारण गर्दा कसैप्रति कुनै किसिमले भेदभाव दर्शाउने वा हिंसालाई उक्साउने खालको भाषाको प्रयोग गर्न र विभिन्न जातजाति, धर्म, लिङ्ग, भाषा र सम्प्रदाय वीचको सम्बन्ध र सद्भावमा कुनैपनि किसिमबाट खलल पर्ने गरी सम्प्रेषण गर्न, प्रकाशन गर्न र प्रसारण गर्न हुँदैन।

८५. निर्वाचनमा विभिन्न जात जाति, धर्म, लिङ्ग, भाषा र सम्प्रदायको सहभागिता अभिबृद्धि हुनेगरी सूचना र समाचार सम्प्रेषण गर्नु पर्नेछ।

८६. कुनै गलत वा भ्रामक सूचना वा समाचार, सम्प्रेषण, प्रकाशन वा प्रसारण हुन गएमा सम्बद्ध सञ्चार माध्यम तथा सञ्चारकर्मीले त्यस्तो सूचना वा समाचार तुरुन्त सच्याउनु पर्नेछ।

### सरकारी स्वामित्वका सञ्चार माध्यमको आचरण :

८७. कुनैपनि राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा सम्पादकीय लेख्न र प्रसारण गर्न हुँदैन।

८८. राजनीतिक दल वा उम्मेदवारलाई मतदाता माझ आफ्नो विचार, नीति तथा कार्यक्रम अभिव्यक्त गर्न मनासिब अवसर दिनु पर्नेछ।

८९. निर्वाचन तथा मतदाता शिक्षासम्वन्धी सामग्री प्रकाशन तथा प्रसारण गर्न प्राथमिकता दिनु पर्नेछ।

### निःशुल्क प्रसारण सुविधा

९०. संविधानसभा सदस्यको निर्वाचनमा भाग लिने राजनीतिक दलको नीति तथा कार्यक्रम प्रचार-प्रसारको प्रयोजनको लागि आयोगले सो दललाई सो दलले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा खडा गरेको कुल उम्मेदवारको अनुपातमा रेडियो र टेलिभिजन प्रसारण सेवामा निःशुल्क समय उपलव्ध गराउनेछ।

९१. आयोगले दफा ९० बमोजिमको समय उपलव्ध गराउँदा देहाय बमोजिमको तीन चरणमा उपलव्ध गराउनेछ :-

  क) पहिलो चरणमा राजनीतिक दलको घोषणापत्र सार्वजनिक गर्नको लागि पाँचदेखि बीस मिनेटसम्म रेडियो प्रसारण सेवामा,

ख) दोस्रो चरणमा निर्वाचन प्रसारको लागि दुईदेखि पाँच मिनेटसम्म टेलिभिजन प्रसारण सेवामा, र

ग) तेस्रो चरणमा प्रत्येक राजनीतिक दललाई अभिमतको लागि अन्तिमरुपमा आव्हान गर्न दफा ९३ बमोजिमको मौन अवधि शुरु हुनुअघि एक एक मिनेट टेलिभिजन प्रसारण सेवामा।

९२. दफा ९१ मा उल्लिखित चरणमा प्रसारण गरिने सामग्री सम्वन्धित दलले तयार गरी सम्वन्धित प्रसारण सेवालाई दिनु पर्नेछ।

९३. **मौन अवधिमा प्रचार-प्रसार गर्न नहुने** : आम सञ्चार माध्यमले मौन अवधिमा कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचनको प्रचार-प्रसार हुने गरी सूचना वा समाचार सम्प्रेषण, प्रकाशन र प्रसारण गर्नुहुँदैन ।

तर आयोगले प्रवाह गरेको सूचना तथा समाचार सम्प्रेषण, प्रकाशन वा प्रसारण गर्न यस दफाले वाधा पुऱ्याएको मानिने छैन,

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "मौन अवधि" भन्नाले मतदान हुने दिनको अघिल्लो अठचालीस घण्टा देखि मतदानको दिन अन्तिम मतदान केन्द्र बन्द नहुन्जेलको समय सम्झनु पर्छ।

९४. **अभिलेख राख्नु पर्ने** : आम सञ्चार माध्यमले निर्वाचनको सम्बन्धमा प्रकाशन वा प्रसारण गरेका प्रत्येक सूचना र समाचार त्यसरी प्रकाशन वा प्रसारण भएको मितिले पैंतीस दिनसम्म सुरक्षित राख्नु पर्नेछ।

९५. **सूचना तथा समाचार सम्प्रेषणको अनुगमन गर्ने** : (१) आयोगले आम सञ्चार माध्यमहरूबाट सम्प्रेषण, प्रकाशन र प्रसारण भएका निर्वाचन प्रचार-प्रसारसम्वन्धी सूचना र समाचारको नियमित अनुगमन गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा कुनै समाचारको सम्प्रेषण, प्रकाशन वा प्रसारणबाट आचार संहिताको उल्लङ्घन भएको देखिएमा त्यस्तो सूचना वा समाचार सच्याउन आयोगले सम्वन्धित सञ्चार माध्यमलाई निर्देशन दिनेछ।

(३). उपदफा (२) बमोजिमको निर्देशन प्राप्त भएपछि सम्वन्धित सञ्चार माध्यमले त्यस्तो सूचना सच्याउनु पर्नेछ।

## परिच्छेद-६
## निर्वाचन खर्च सम्वन्धी व्यवस्था

९६. **निर्वाचन खर्चको अधिकतम सीमा** : (१) निर्वाचनको खर्चको अधिकतम सीमा अनुसूची-२ मा तोकिए बमोजिम हुनेछ।

(२) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनको उम्मेदवारले निर्वाचन सम्बन्धी कार्यमा खर्च गर्दा अनुसूची-२ मा तोकिएको सीमाभित्र रही खर्च गर्नु पर्नेछ र निर्वाचन खर्चको विवरण निर्वाचन परिणामको घोषणा भएको मितिले पैंतीस दिनभित्र अनुसूची-३ बमोजिमको ढाँचामा सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ।

(३) समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा भाग लिएका राजनीतिक दलले निर्वाचन सम्बन्धी कार्यमा खर्च गर्दा अनुसूची-२ मा तोकिएको सीमाभित्र रही खर्च गर्नु पर्नेछ र निर्वाचन खर्च सम्बन्धी विवरण अनुसूची-४ बमोजिमको ढाँचामा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले पैंतीस दिन भित्र निर्वाचन आयोग समक्ष बुझाउनु पर्नेछ।

(४) प्रत्येक उम्मेदवारले निर्वाचनको कार्यमा स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा मात्र खर्च गर्नु, गराउनु पर्नेछ।

## परिच्छेद - ७
## आचार संहिताको कार्यान्वयन तथा अनुगमन

९७. **अनुगमन टोली गठन गर्न सक्ने :** (१) यो आचार संहिताको पालना भए नभएको जाँचवुझ वा अनुगमन गर्न आयोगले आवश्यकता अनुसार अनुगमन टोली वा अन्य संयन्त्र गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन टोली वा संयन्त्र गठन भएकोमा त्यस्तो टोली वा संयन्त्रले जाँचवुझ वा अनुगमन सम्वन्धी प्रतिवेदन आयोगले तोकिदिएको अवधिभित्र आयोगसमक्ष पेश गर्नु पर्नेछ।

९८. **आचार संहिता उल्लङ्घनको सूचना वा जानकारी दिन सकिने :** (१) यो आचार संहिताको उल्लङ्घन भएको थाहा पाउने राजनीतिक दल, उम्मेदवार वा अन्य कुनै व्यक्ति वा संस्थाले आयोग, जिल्ला निर्वाचन कार्यालय, निर्वाचन अधिकृतको कार्यालय वा दफा ९७ बमोजिमको अनुगमन टोली वा संयन्त्रमा जानकारी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना वा जानकारीबाट वा अन्य कुनै स्रोतबाट आचार संहिताको उल्लङ्घन भएको थाहा भएमा आयोग, सम्वन्धित निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालय, अनुगमन टोली वा संयन्त्र वा मतदान अधिकृतले सो सम्वन्धमा जाँचबुझ गर्नेछ।

तर आचार संहिताको उल्लङ्घन तत्काल रोक्नु पर्ने प्रकृतिको देखिएमा आयोग वा सम्वन्धित निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालय, अनुगमन टोली वा संयन्त्र वा मतदान अधिकृतले सम्वन्धित राजनीतिक दल, उम्मेदवार, राजनीतिक दल वा उम्मेदवारसँग सम्वन्धित व्यक्ति, आम सञ्चारका माध्यम लगायत अन्य संघ संस्था वा व्यक्तिलाई कुनै काम गर्न वा नगर्न तत्काल आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको जाँचवुझबाट आचार संहिताको उल्लङ्घन भएको देखिएमा आयोग वा सम्वन्धित निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालय, अनुगमन टोली वा संयन्त्र वा मतदान अधिकृतले सम्वन्धित राजनीतिक दल, उम्मेदवार, राजनीतिक दल तथा उम्मेदवारसँग सम्वन्धित व्यक्ति, आम सञ्चारका माध्यम लगायत अन्य संघ संस्था वा व्यक्तिलाई कुनै काम गर्न वा नगर्न आदेश दिन सक्नेछ।

(४) उपदफा (२) वा (३) को आदेशबमोजिमको काम नभएमा आयोग वा सम्वन्धित निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालय, अनुगमन टोली वा मतदान अधिकृतले स्थानीय प्रशासन र प्रहरीको सहयोग लिई आचार संहिताको पालना गर्न लगाउनेछ।

(५) आयोग वा सम्वन्धित निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालय, अनुगमन टोली वा संयन्त्र वा मतदान अधिकृतले उपदफा (४) बमोजिम माग गरेको सहयोग दिनु स्थानीय प्रशासन र प्रहरीको कर्तव्य हुनेछ।

(६) निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालय, अनुगमन टोली वा संयन्त्र वा मतदान अधिकृतले आचार संहिताको उल्लंघन सम्वन्धी उजुरी र सोको कार्यान्वयनसम्वन्धी विवरण निर्वाचन आयोगमा तुरुन्त पठाउनु पर्नेछ।

(७) यो आचार संहिता पालना गर्नुपर्ने निकाय, अधिकारी, संस्था वा व्यक्तिले पालना नगरेमा सोको जानकारी आयोगले सञ्चार माध्यममार्फत सर्वसाधारणलाई जानकारी गराउनेछ।

(८) कर्मचारीले आचार संहिता उल्लङघन गरेमा निर्वाचन अधिकृत वा मतदान अधिकृतले आवश्यक कारवाहीका लागि सोझै वा जिल्ला निर्वाचन कार्यालयमार्फत निर्वाचन आयोगमा लेखि पठाउनुपर्ने छ।

## परिच्छेद - ८
## विविध

**९९. प्रहरी प्रशासनलाई सूचना वा लिखित उजुरी दिनुपर्ने** : कुनै राजनीतिक दल, उम्मेदवार र राजनीतिक दल तथा उम्मेदवारसँग सम्वन्धित व्यक्तिले निर्वाचन प्रचार-प्रसार गर्दा कुनै व्यक्ति वा समूहले त्यस्तो प्रचार-प्रसारमा बाधा अवरोध पुऱ्याएमा त्यस्ता व्यक्ति वा समूहउपर प्रचलित कानूनबमोजिम कारवाही गर्न त्यस्तो दल, उम्मेदवार र व्यक्तिले स्थानीय प्रहरी प्रशासनलाई सूचना वा लिखित उजुरी दिनुपर्नेछ। त्यस्तो व्यक्ति उपर आफैंले कुनै किसिमको कारवाही गर्नुहुँदैन ।

**१००. प्रचार-प्रसार लैंगिकमैत्री तथा फरक किसिमले सक्षम व्यक्तिमैत्री हुनु पर्ने** : (१) निर्वाचन प्रचार-प्रसार गर्दा लैंगिकमैत्री तथा फरक किसिमले सक्षम व्यक्तिहरूप्रति संवेदनशील भएर गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि महिला तथा फरक किसिमले सक्षमता भएका उम्मेदवारको आत्म सम्मानमा ठेस पुग्ने तथा चरित्र हत्या गर्ने काम गर्नु हुदैन।

**१०१. मत सर्वेक्षण गर्न गराउन नहुने** : कसैले पनि उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मतदानको कार्य समाप्त नभएसम्म कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचनको परिणामका सम्वन्धमा मत सर्वेक्षण गर्न र उम्मेदवारको मनोनयन दर्ता हुनुअघि नै यस्तो मत सर्वेक्षण गरिएको रहेछ भने उम्मेदवारको मनोनयन दर्ता भएपछि मतदानको कार्य समाप्त नभएसम्म त्यस्तो मत सर्वेक्षणको परिणाम समेत प्रकाशन गर्नुहुँदैन।

**१०२. अनुगमनसम्वन्धी विवरण प्रकाशन गर्नुपर्ने** : आयोगले यस आचार संहिताको पालना भए नभएको सम्वन्धमा गरेको अनुगमन सम्वन्धी विवरण सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ।

**१०३. वाधा अड्काउ फुकाउन सक्ने** : यो आचार संहिताको कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ आइपरेमा आयोगले आदेश जारी गरी त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ।

**१०४. खारेजी** : संविधानसभा सदस्य निर्वाचन आचार संहिता, २०६४ खारेज गरिएको छ।

**द्रष्टव्यः आचार संहिता उल्लंघन गरेमा हुने सजाय (निर्वाचन आयोग ऐन, २०६३ को दफा २९)**

कसैवाट आचार संहिता पालना नभएको वा उल्लङ्घन गरेको देखिएमा त्यस्तो काम तुरुन्त रोक्न वा वदर गर्नको लागि निर्वाचन आयोगले सम्वन्धित राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आदेश दिनेछ र त्यस्तो आदेशबमोजिम काम कारवाही नरोक्ने वा वदर नगर्ने राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आयोगले एक लाख रुपैयाँ सम्म जरिवाना गर्न सक्ने एवम् आचार संहिताको उल्लङ्घन गरेको कारणवाट निर्वाचन स्वतन्त्र, स्वच्छ र धाँधलीरहित तवरवाट हुन नसक्ने कुरामा आयोग विश्वस्त भएमा आयोगले त्यस्तो उम्मेदवारको उम्मेदवारी रद्द गर्न सक्ने।

निर्वाचन आयोगले निर्धारण गरेको निर्वाचन खर्चको हदभन्दा वढी खर्च गरेमा वा खर्चको विवरण आयोग समक्ष पेश नगरेमा आयोगले निर्वाचन खर्चको विवरण पेश गर्नु पर्ने दायीत्व भएको व्यक्तिलाई निजले गरेको निर्वाचन खर्च वा आयोगद्वारा निर्धारित खर्चको हदमध्ये जुन वढी हुन्छ सोही वरावरको रकम जरिवाना गर्न सक्ने र खर्चको लेखा परीक्षण प्रतिवेदनको आधारमा अनुचित तवरले खर्च गरेको देखिएमा त्यस्तो व्यक्तिलाई तत्कालै देखि लागू हुने गरी वढीमा ६ बर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य हुने गरी आयोगले निर्णय गर्न सक्ने र यसरी निर्णय गरेकोमा त्यस्तो व्यक्ति निर्वाचित भएको रहेछ भने निजको निर्वाचन स्वतः बदर हुने (निर्वाचन आयोग ऐन, २०६३ को दफा ३१)।

# पत्रकार आचारसंहिता-२०६०
## संशोधित तथा परिमार्जित-२०६४

**प्रस्तावना :**

स्वस्थ पत्रकारिताको विकासका निम्ति संचारमाध्यम र पत्रकारलाई जिम्मेवार र व्यावसायिक बनाई प्रेस स्वतन्त्रताको सम्वर्द्धन गर्दै यसको दुरुपयोग हुन नदिन तथा राष्ट्र र समाजप्रति बढी उत्तरदायी बनाउन एवं नेपालको अन्तरिम संविधान २०६३ द्वारा प्रत्याभूत स्वतन्त्रता र हक अधिकारको जगेर्ना गर्दै जनतालाई सुसूचित गर्ने मूलभुत उद्देश्यले समसामयिक अन्तराष्ट्रिय प्रचलन र मान्यताहरूलाई समायोजन गरी पत्रकारिता (प्रेस) का सबै माध्यमहरू समेतलाई समेटेर मौजुदा आचार संहितामा परिमार्जन गर्न वाञ्छनीय भएकोले नेपाल पत्रकार महासंघ समेतको सहमतिमा प्रेस काउन्सिल नेपाल ऐनको दफा (७) को (ख) बमोजिम पत्रकार आचार संहिता २०६० लाई सामयिक संशोधन तथा परिमार्जन गरी जारी गरिएको छ।

**१. नाम, प्रारम्भ र विस्तार :**

(१) यस आचारसंहिताको नाम 'पत्रकार आचारसंहिता -२०६०' रहेको छ।

(२) यो आचारसंहिता तुरुन्त लागू हुनेछ।

(३) यो आचारसंहिता नेपालमा संचालित संचारमाध्यम तथा नेपालभित्र रहेर पत्रकारिता गर्ने सम्पूर्ण पत्रकारहरूलाई लागू हुनेछ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संहितामा–

(क) 'पत्रकार' भन्नाले छापा, विद्युतीय तथा अनलाइनजस्ता कुनै पनि प्रकृतिका संचारमाध्यम वा समाचारमूलक कार्यक्रम उत्पादन, वितरण गर्ने एजेन्सी वा सस्थामा समाचार सामग्री सकंलन, उत्पादन, सम्पादन र सम्प्रेषण जस्ता कार्यसँग आवद्ध प्रधान सम्पादक, सम्पादक, सम्पादक मण्डलका सदस्यहरू, संवाददाता, स्तम्भ लेखक, स्वतन्त्र पत्रकार, फोटो पत्रकार, प्रेस-क्यामरा पर्सन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता तथा संचालक, साजसज्जा, दृश्य तथा भाषा सम्पादक जस्ता पत्रकारितामूलक कार्यसँग सम्बन्धित संचारकर्मीहरूलाई जनाउँछ।

(ख) 'संचारमाध्यम' भन्नाले नेपालमा संचालित पत्रपत्रिका, रेडियो एवं टेलिभिजन प्रसारणहरू, समाचार एजेन्सी तथा इन्टरनेटका समाचार र सूचना तथा विचारमूलक अनलाइन एवं समाचारमूलक कार्यक्रम उत्पादन-वितरण गर्ने संस्था र सेवाहरू समेतलाई जनाउँछ।

(ग) 'काउन्सिल' भन्नाले प्रेस काउन्सिल नेपाललाई जनाउँछ।

**३. पत्रकार र सञ्चारमाध्यमहरुले निर्वाह गर्नुपर्ने कर्तव्य :**

(१) **प्रेस स्वतन्त्रताको संरक्षण र सम्वर्द्धन** : विचार र अभिव्यक्ति स्वतन्त्रता नागरिकहरूको आधारभूत अधिकार भएकाले यसको संरक्षण र सम्वर्द्धनका निम्ति सदैव दृढ, सजग र सतर्क रहनुपर्दछ।

(२) **मानवीयता, मानवअधिकार र अन्तर्राष्ट्रिय सम्बन्धको सम्मान** : मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय लिखतहरूले प्रत्याभूत गरेका हक, अधिकार, सिद्धान्त, मान्यता र प्रचलनको सम्मान गर्दै लोकतन्त्र, न्याय, समानता, मानवीयता, शान्ति र अन्तर्राष्ट्रिय समझदारीको संरक्षण र सम्वर्द्धन तथा मित्र राष्ट्रहरूबीचको भाइचारालाई अभिवृद्धि गर्नुपर्दछ।

(३) **सूचनाको हकको रक्षा र प्रचलन** : आम नागरिकको सुसूचित हुन पाउने हक-अधिकारको रक्षा गर्न सदैव क्रियाशील एवं समर्पित रहनुपर्दछ।

(४) **सत्य तथ्य सूचनाको सम्प्रेषण** : पत्रकार- संचारमाध्यमले स्रोत र आधार उल्लेख गरी सत्य-तथ्य, वस्तुनिष्ठ एवं सन्तुलित सूचना सम्प्रेषण गर्नु पर्दछ।

(५) **सम्पादकीय स्वतन्त्रता र उत्तरदायित्व** : सम्पादकीय स्वतन्त्रताको सर्वमान्य सिद्धान्तबमोजिम संचारमाध्यमबाट उत्पादित-प्रकाशित-प्रसारित सामग्रीको उत्पादन तथा सम्प्रेषणको अन्तिम जिम्मेवारी र अधिकार सम्पादकमा निहित रहनेछ। सञ्चारमाध्यमले आफ्नो माध्यममा सम्पादकीय स्वतन्त्रताको प्रत्याभूति गर्नुपर्दछ।

(६) **गोपनीयताको हकको सम्मान** : सार्वजनिक हितमा प्रतिकूल असर पार्ने बाहेकको अवस्थामा वैयक्तिक एवं व्यावसायिक गोपनीयताको सम्मान गर्नुपर्दछ।

(७) **उच्च व्यावसायिक अभ्यास** : पत्रकारिताका आधारभूत मान्यता र सिद्धान्तप्रति प्रतिबद्ध रही जवाफदेही एवं उत्तरदायित्व तथा विश्वसनीयताको निर्वाह गर्न निष्ठापूर्वक उच्च व्यावसायिक अभ्यास गर्नु पर्दछ।

(८) **शिष्ट व्यवहार** : व्यावसायिक अभ्यासमा सामाजिक शिष्टताको सम्मान गर्दै नैतिक, शिष्ट एवं मर्यादित कार्यशैली र भाषाको प्रयोगमा सजग रहनुपर्दछ।

(९) **गल्ती सच्याउने तत्परता** : प्रकाशन तथा प्रसारणका क्रममा भएका त्रुटि एवं गल्तीको जानकारी हुनासाथ यथाशीघ्र त्यस्तो गल्ती एवं त्रुटि सच्याउने तथा सप्रमाण खण्डन वा प्रतिक्रिया आएमा प्रस्ट भाषामा उचित स्थान दिई प्रकाशन-प्रसारण गर्नु पत्रकार तथा सञ्चारमाध्यमको कर्तव्य हुनेछ।

(१०) **सामाजिक दायित्व** : अशक्त, असहाय, अपाङ्ग, बालबालिका, महिला तथा पिछडिएका वर्ग, क्षेत्र, भाषा-भाषी र अल्पसंख्यक समुदायको उत्थान र विकासमा सूचना र विचार प्रवाहद्वारा विशेष सहयोग पुऱ्याउनु पत्रकार र सञ्चारमाध्यमको सामाजिक दायित्व हुनेछ।

(११) **आपसी सम्बन्ध** : पत्रकार तथा संचार- माध्यमहरूबीचको आपसी सम्बन्ध व्यावसायिक, स्वस्थ, संयमित, मर्यादित र पेशानिष्ठ हुनु पर्दछ।

**४. पत्रकार र सञ्चारमाध्यमहरुले गर्न नहुने कार्यहरू :**

(१) **राष्ट्रिय अखण्डतामा प्रतिकूल प्रभाव पार्न नहुने** : बहुभाषिक, बहुधार्मिक र बहुजातीय मुलुक नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सु-सम्बन्धमा खलल पार्ने वा गाली-बेइज्जती वा अदालतको अवहेलना हुने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने समाचार र विचार प्रकाशन, प्रसारण तथा उत्पादन-वितरण गर्नुहुँदैन।

(२) **सामाजिक न्याय र सद्भावमा प्रतिकूल असर पार्न नहुने** : सामाजिक न्याय र सद्भावमा प्रतिकूल असर पुऱ्याउने तथा व्यावसायिक मर्यादा विपरीत हुने विकृत र उत्तेजक सामग्री प्रकाशन-प्रसारण तथा उत्पादन-वितरण गर्नुहुँदैन।

(३) **समाचारको गोप्य स्रोत खोल्न नहुने** : समाचार प्रस्तुत गर्दा समाचारको आधिकारिकता र विश्वसनीयताका लागि स्रोत उल्लेख गर्नुपर्दछ। तर, गोप्य स्रोतको संरक्षण गर्ने दायित्व पत्रकारको हुने हुँदा स्रोतको इच्छा र अनुमति बेगर त्यस्ता गोप्य स्रोतको नाम वा पहिचान खुलाउनु हुँदैन।

(४) **निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्न नहुने** : संचारमाध्यम वा पत्रकारले प्रकाशन-प्रसारण वा समाचार सामग्रीको रूपमा वितरण गर्ने उद्देश्यले लिइएका सूचना सामग्री सार्वजनिक प्रयोग नगरी व्यक्ति वा संस्थाको निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्नुहुँदैन।

(५) **भेदभाव हुने गरी सूचनाको सम्प्रेषण गर्न नहुने** : जातीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय, भाषिक र रङ्गजस्ता आधारमा भेदभाव हुने गरी समाचार र विचारको सम्प्रेषण गर्नुहुँदैन।

(६) **पीडितलाई थप पीडा पुग्ने गरी सूचना सम्प्रेषण गर्न नहुने** : पीडितलाई थप पीडा पुग्ने गरी भाषा, ध्वनि, तस्बिर, चित्र र दृश्यसमेतको प्रयोग गरी समाचार तथा विचार प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गर्नुहुँदैन।

(७) **पीडित व्यक्तिको नाम, ठेगाना खुलाउन नहुने** : यौनजन्य अपराध र सामाजिक अपहेलना एवं घृणाजन्य घटना वा सन्दर्भमा पीडित व्यक्तिहरूको सचेत स्वीकृतिबिना नाम, ठेगाना र पहिचान खुल्नेगरी समाचार, तस्बिर र दृश्य प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गर्नुहुँदैन।

(८) **हिंसा, आतङ्क र अपराधलाई प्रोत्साहन गर्न नहुने** : विध्वंस, हिंसा, आतंक र अपराधलाई प्रोत्साहन हुने गरी तथा त्यस्ता क्रियाकलापलाई अतिरञ्जित गर्ने गरी समाचार, विचार, तस्बिर, मत सर्वेक्षण, ध्वनि वा दृश्यहरू प्रस्तुत गर्नुहुँदैन।

(९) **बीभत्स दृश्य र तस्बिर प्रकाशन/प्रसारण गर्न नहुने** : समाजमा नैराश्य, घृष्णा, सन्त्रास र उत्तेजना फैलाउने किसिमका नग्न, क्षतविक्षत र बीभत्स दृश्य एवं तस्बिरहरू असान्दर्भिक, अश्लील र उत्तजेना फैलिन सक्ने प्रकारले प्रस्तुत गर्नुहुँदैन।

(१०) **घटनासँग असम्बन्धित व्यक्तिको नाम उल्लेख गर्न नहुने** : कुनै घटनासगँ सम्बन्धित समाचार प्रकाशन-प्रसारण गर्दा घटनासँग सम्बन्ध नभएका नातेदार वा नजिकका व्यक्तिको नाम जोडी उसको मर्यादामा आँच पुग्ने वा चरित्रहत्या हुने गरी समाचार सामग्री प्रस्तुत गर्नुहुँदैन।

(११) **तथ्य बङ्ग्याउन नहुने** : कुनै टिप्पणी वा स्पष्टताबिना तस्बिर, भिडियो दृश्य, ध्वनि वा तथ्यलाई तोडमोड गरी पहिचान नै बदल्ने वा गलत पहिचान दिने वा गलत अर्थ लाग्ने गरी समाचार सामग्री प्रकाशन-प्रसारण वा उत्पादन- वितरण गर्नुहुँदैन।

(१२) **विज्ञापनलाई समाचारका रुपमा प्रस्तुत गर्न नहुने** : विज्ञापनलाई समाचारको रूपमा प्रस्तुत गर्नु विज्ञापनमार्फत समाचारको खण्डन गर्नुहुँदैन। त्यस्तै, एउटा सञ्चारमाध्यमबाट प्रकाशित प्रसारित समाचारको खण्डन सामान्यतः अर्को सञ्चारमाध्यमले गर्नुहुँदैन।

(१३) **स्रोत उद्धृत नगरी पुनः प्रयोग गर्न नहुने** : कुनै समाचार संस्था वा माध्यमले प्रवाहित गरेको समाचार वा प्रकाशित-प्रसारित सामग्री उपयोग गर्दा त्यसको मूल स्रोत उद्धृत नगरी पुनः प्रकाशन, प्रसारण वा वितरण गर्नुहुँदैन। त्यसरी उद्धृत गर्दा सामान्यतः मूलस्रोतको सहमति लिनु पर्दछ।

(१४) **स्रोतसँग सम्बन्ध** : पत्रकार वा संचारमाध्यमले समाचार स्रोतसँग व्यावसायिक मर्यादा र सीमा बाहिर हुने गरी अनुचित सम्बन्ध राख्न एवं व्यक्ति वा संस्थाको निहित स्वार्थका निम्ति संचारमाध्यमको दुरुपयोग गर्नुहुँदैन।

## ५. उजुरी र तत्सम्बन्धी कार्यविधि :

(१) कुनै पत्रकार वा संचारमाध्यमले माथिको आचारसंहिता विपरीत समाचार सामग्री प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गरेका कारण कुनै व्यक्ति, समूह वा संस्थालाई मर्का परेको लागेमा मर्का पर्ने पक्षले सर्वप्रथम सम्बन्धित संचार-माध्यमका सम्पादकलाई सम्बोधन गरी लिखित गुनासो, खण्डन वा स्पष्टीकरण प्रस्तुत गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम प्राप्त स्पष्टीकरण, खण्डन वा प्रतिक्रिया ग्रहण गर्नु र त्यसलाई उचित महत्व र स्थान दिइ प्रकाशन अथवा प्रसारण गर्नु सम्बद्ध सम्पादक र सञ्चारमाध्यमको दायित्व हुनेछ।

यदि कुनै गुनासो, खण्डन वा प्रतिक्रिया प्रकाशन-प्रसारण गर्न योग्य छैन भन्ने कुरा सम्पादकलाई लागेमा आधार-प्रमाणसहित त्यसको जानकारी सम्बन्धित पक्षलाई दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पठाएको स्पष्टीकरण, खण्डन वा प्रतिक्रिया सम्बन्धित संचारमाध्यमले प्रकाशन-प्रसारण नगरी चित्तबुझ्दो जवाफ पनि नदिएमा पीडित पक्षले आफ्नो स्पष्टीकरण, खण्डन वा प्रतिक्रियाको प्रतिलिपि संलग्न गरी काउन्सिल समक्ष निवेदन दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम पीडित पक्षले पठाएको स्पष्टीकरण, खण्डन वा प्रतिक्रियाको मर्म र भावना विपरीत हुने गरी तोडमोड वा थपघट गरी प्रकाशन- प्रसारण भएमा वा प्रकाशन-प्रसारण भएको प्रतिक्रियाबाट पीडित पक्ष सन्तुष्ट नभएमा वा प्रेस काउन्सिलबाट नै उजुरी विवादको निर्णय गराउन चाहेमा देहाय बमोजिमको विवरण संलग्न गरी पीडित पक्षले प्रेस काउन्सिल समक्ष उजुरी दिन सक्नेछ।

(क) प्रकाशित वा प्रसारित सामग्रीको प्रतिलिपि।

(ख) प्रकाशित वा प्रसारित सामग्रीबाट पर्न गएको मर्काको विवरण र त्यसको आधार-प्रमाण।

(ग) सम्बन्धित संचारमाध्यमलाई आफूले पठाएको स्पष्टीकरण, खण्डन वा प्रतिक्रियाको प्रति।

(घ) सम्बन्धित संचारमाध्यमका सम्पादकले दिएको जवाफ, खण्डन वा वक्तव्यको विवरण।

(ङ) सम्बन्धित संचारमाध्यमका सम्पादकलाई प्रकाशित वा प्रसारित सामग्रीका विषयमा भएका पत्राचारहरूको विवरण।

अन्य न्यायिक वा अर्धन्यायिक निकायमा कारबाही विचाराधीन रहेको भए त्यस्तो उजुरी निवदेनउपर काउन्सिलले कुनै सुनुवाई गर्ने छैन।

(५) उपदफा (३) बमोजिम काउन्सिलसमक्ष प्राप्त हुन आएको निवेदनका आधारमा पीडितपक्षको स्पष्टीकरण, खण्डन वा प्रतिक्रिया किन प्रकाशित-प्रसारित नगरिएको हो ? प्रकाशित-प्रसारित गर्न नमिल्ने कुनै कारण भए सामान्यतः ७ (सात) दिनभित्र आधार-प्रमाणसहित जवाफ पेश गर्नु र त्यस्तो कुनै कारण नभए अविलम्ब प्रकाशित-प्रसारित गरी सोको जानकारी दिनू भनी काउन्सिलले सम्बन्धित संचारमाध्यमका सम्पादकलाई आग्रह गरी पत्राचार गर्नेछ।

(६) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए पनि कुनै पत्रकार तथा सञ्चारमाध्यमले सार्वजनिक हित र सरोकारमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले नकारात्मक असर पार्ने गरी समाचार प्रकाशन प्रशारण वा उत्पादन वितरण गरेमा प्रेस काउन्सिल आफैले त्यस्तो पत्रकार वा सञ्चारमाध्यमका विरुद्ध यस संहिता बमोजिम कारबाही अगाडि बढाउन सक्नेछ।

(७) उपदफा (१), (२) र ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि आरोपित पक्षलाई म्याद/सूचना पठाउनुपूर्व उजुरीका सम्बन्धमा काउन्सिलले प्रारम्भिक जाँचबुझबाट तत्कालै सच्याउनुपर्ने, खण्डन गर्नुपर्ने वा क्षमायाचना गर्नुपर्ने वा मुनासिव जवाफ पठाउन लगाउने जस्ता आवश्यक निर्देशन सम्बन्धित पत्रकार वा सञ्चारमाध्यमलाई दिन सक्नेछ।

(८) यस आचारसंहिताको उल्लंघन गरी कुनै पत्रकार तथा सञ्चारमाध्यमले समाचार प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गरेमा उजुरवालाले सो समाचार प्रकाशन तथा प्रसारण भएको मितिले सामान्यतः तीस दिनभित्र उजुरी गर्नुपर्नेछ। म्यादभित्र उजुरी गर्न नसकेको मनासिव कारण भएमा प्रेस काउन्सिलले जहिले पनि उजुरी लिन सक्नेछ।

(९) उजुरी गर्दा उजुरीकर्ताले सम्बन्धित समाचार सामग्रीको प्रकाशन-प्रसारण वा उत्पादन-वितरण भएको विषयवस्तुको अभिलेख सलंग्न राख्नुपर्नेछ। उजुरीकर्ताले त्यसरी विवरण संलग्न राख्न सम्भव नभएको कुरामा काउन्सिल सहमत भएमा काउन्सिल आफैँले यस्तो सामग्रीको अभिलेख झिकाई सुनुवाई गर्नसक्नेछ।

(१०) यस आचारसंहितामा उल्लिखित आचरणहरूको उल्लंघन गरेको वा भएको छ भनी तथ्ययुक्त प्रमाणसाथ पीडित वा सरोकारवाला पक्षले कुनै पत्रकार तथा सञ्चारमाध्यम विरुद्ध उपदफा (८) बमोजिमको म्यादभित्र काउन्सिलसमक्ष दिएको उजुरीमा काउन्सिलले सामान्य जाँचबुझ गरी आचारसंहिताको उल्लंघन हुने किसिमको कार्य भएको देखेमा आरोपित पक्षलाई सामान्यतया ७ दिनभित्र वा सो भन्दा अगावै आफ्नो निर्दोषिता प्रमाणित गर्ने प्रमाण भए उजुरीको प्रतिलिपी साथै राखी हाजिर हुन आउनू भनी काउन्सिलले म्याद पठाउन सक्नेछ।

(११) माथि उल्लिखित उपदफाहरू बमोजिम आरोपित पक्षको लिखित जवाफ काउन्सिलसमक्ष दाखिल भएपश्चात वा तोकिएको म्यादभित्र जवाफ प्राप्त नभए पनि काउन्सिलले सो विषयमा सामान्यतया तीस दिनभित्र निर्णय दिनेछ।

(१२) उपदफा (११) बमोजिम निर्णय गर्नुअघि काउन्सिलले आवश्यक ठानेमा उजुरवाला र आरोपित पक्ष दुवैलाई झिकाई छलफल गर्न सक्नेछ।

(१३) उजुरवाला र आरोपित पक्ष दुवैथरी मिली मिलापत्रको लागि संयुक्त रूपले लिखित अनुरोध गरेमा काउन्सिलले मिलापत्र गराई विवाद टुङ्ग्याउन सक्नेछ।

### ६. निर्णय र कार्यान्वनसम्बन्धी व्यवस्था ः

कुनै पक्षले यस संहिता विपरीतको आचरण र व्यवहार गरेको ठहरेमा निजलाई प्रेस काउन्सिलले क्रमशः निम्नबमोजिम निर्णय र कारबाही गर्नेछ।

(१) उजुरीमाथि भएको निर्णयलाई सम्बन्धित सञ्चारमाध्यममा काउन्सिलले तोकेको स्वरुप, स्थान वा समयमा प्रकाशन-प्रसारण वा पुनःउत्पादन-वितरण गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको आदेश पालना नगरेमा त्यस्तो आरोपित पक्षलाई अवज्ञाकारीको सूचीमा राखी थप कारबाही अगाडि बढाउन सक्नेछ। काउन्सिलको आदेशलाई दुई पटकभन्दा बढी अवज्ञा गर्ने संचारमाध्यम वा पत्रकार प्रेस पास रहने प्रकृतिको रहेछ भने प्रेस पास निलम्बित गर्न काउन्सिलले सम्बन्धित निकायलाई सिफारिस गर्न सक्ने छ।

(३) उपदफा (२) बमोजिम प्रेस पास निलम्बन भएपछि पनि उपदफा (१) बमोजिमको कार्य नगरेमा काउन्सिलले मूल्यांकन वर्गीकरण गर्ने संचारमाध्यमको हकमा वितरण संपरीक्षण समितिले त्यस्तो पक्षको संचारमाध्यमलाई मूल्यांकन प्रक्रियाबाट अलग गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम मूल्यांकन प्रक्रियाबाट अलग गराउँदा पनि उपदफा (१) बमोजिम निर्णयको पालना नगरेमा त्यस्तो पक्षलाई काउन्सिलको कल्याणकारी कोष वा अन्य सहयोगबाट निश्चित अवधिका लागि वञ्चित गराउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम सहयोग वञ्चित गराउँदा पनि उपदफा (१) बमोजिम निर्देशित कार्य नगरेमा नेपाल सरकारको तर्फबाट उपलब्ध हुने सुविधाहरू निश्चित अवधिका लागि निलम्बन गर्नका लागि काउन्सिलले सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ। तर काउन्सिलले आवश्यक ठानेमा एकैपटक उपदफा (४) र (५) बमोजिम दुवै कारबाही गर्न सक्नेछ।

(६) काउन्सिलको निर्णयलाई निरन्तर अवज्ञा गर्ने पत्रकार वा सञ्चारमाध्यम विरुद्ध काउन्सिलले खेद प्रकट गरी पटक पटक गरेको कारबाहीको विवरणसहित सार्वजनिक रूपमा प्रकाशित-प्रसारित गर्नेछ।

### ७. यसको अभिन्न अंग मानिने ः

यो आचारसंहिता लागू भएपछि काउन्सिलद्वारा पत्रकार र संचारमाध्यमका निम्ति जारी गरिने सबै प्रकारका निर्देशिकाहरू यस आचारसंहिताको अभिन्न अंग मानिने छन्।

### ८. खारेजी ः

पत्रकार आचारसंहिता, २०५५ खारेज गरिएको छ।

(प्रेस काउन्सिल नेपालको मिति २०६४ पुस १६ गतेको बैठकद्वारा पारित ।)

# नियोकको आचारसंहिता

## १. भूमिका

लोकतान्त्रिक राजनीतिक पद्धतिको मूलआधार भनेको स्वतन्त्र, निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित निर्वाचन हो । तर निर्वाचन प्रक्रिया आफैंमा त्रुटिपूर्ण, भ्रष्ट र विश्वास गर्न नसकिने भयो भने बहुदलीय व्यबस्थाअर्न्तगत लोकतन्त्रको प्राप्ति र जगेर्ना गर्न सम्भव हुँदैन । यस अवस्थामा जनताहरूले आफ्ना आवश्यकता र आकांक्षा पूर्तिका लागि अन्य विकल्पहरूको खोजी गर्नुपर्ने बाध्यताको सृजना गर्दछ ।

## २. पर्यवेक्षणको महत्व

निर्वाचन विश्वसनीय भएन भने निर्वाचन गर्नुको कुनै तात्पर्य रहन्न । यसका निम्ति समान रूपमा स्वतन्त्र निर्वाचन कार्यविधि, स्वतन्त्र प्रयत्न, यथार्थ छनौट, सरकारी सेवाको पहुँच, सुसूचित हुन पाउने हकको छनौट, कानूनी तथा प्राविधिक सवालहरू, प्रहरी तथा सुरक्षा शक्तिहरूको भूमिका, पर्यवेक्षकको भूमिका र निर्वाचनसम्बन्धी कानून तथा नियमहरूको समान र निष्पक्ष व्यबस्थापन हुनु आवश्यक छ ।

उपरोक्त पक्षहरूको समानता, निष्पक्षता तथा स्वतन्त्रता मापनका लागि निर्वाचनमा संलग्न कुनै एक निकाय, राजनीतिक दल र संस्थावाट मात्र पर्यवेक्षण भएमा त्यसको विश्वसनियतामाथि शंका रहन्छ । तसर्थ पर्यवेक्षणमा संलग्न हुने नागरिक समाजको पहुँचले यथार्थको नजिक पुऱ्याउँदछ भने निर्वाचनमा संलग्न पक्षहरूलाई स्वतन्त्र, निष्पक्ष र समानरूपमा निर्वाचनमा भाग लिन नैतिक दायित्व श्रृजना गर्दछ । साथै निर्वाचन पद्धतिको कुनै पनि एक पक्षबाट उल्लंघन हुन गएमा उपचारात्मक कानूनी दायरालाई फराकिलो पार्ने संयन्त्रको विकास हुन्छ भन्ने मान्यतालाई विश्वव्यापीरूपमा समेत आत्मसात् गरिँदै आइएको छ ।

## ३. राष्ट्रिय निर्वाचन पर्यवेक्षण समितिको परिचय

राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति, नेपालको निर्वाचन प्रणालीको निष्पक्ष रूपमा अनुगमन, मूल्यांकन र सुपरीवेक्षण गर्ने उद्देश्यले मानवअधिकार, सञ्चार, कानून, प्राध्यापन, समाजसेवा, चिकित्सक, गैरसरकारी संघ-संस्थालगायत विभिन्न क्षेत्रमा वकालत गर्दै आएका अधिकारकर्मीहरूको स्वतःस्फूर्त प्रयासबाट सन् १९९१ मा गठन भएको स्वतन्त्र तथा कुनै पनि राजनीतिक दल तथा त्यसको भातृ संगठनसँग सम्बद्ध नभएको एक स्वायत्त गैरसरकारी संस्था हो ।

यस समितिले सन् १९९१ पछि सम्पन्न सबै निर्वाचनहरूको अनुगमन, मूल्यांकन र पर्यवेक्षण गर्ने कार्यमा आफ्नो सहभागिता देखाउँदै निष्पक्ष तथा सक्रिय भूमिका निर्वाह गर्दै आएको छ । संविधानसभाको चुनावको पर्यवेक्षणका लागि आवश्यक संयन्त्र निर्माण गरी पर्यवेक्षण गर्ने निर्णयबमोजिम निर्वाचनको पर्यवेक्षणमा संलग्न हुने सदस्य तथा प्रतिनिधिहरूका लागि यो निर्वाचन पर्यवेक्षण आचारसंहिता जारी गरिएको छ ।

## ४. आचारसंहिताको उद्देश्य

आचारसंहिता संस्थागत सदस्य तथा प्रतिनिधिहरूको पर्यवेक्षणको व्यबहारमा आवश्यक नियन्त्रण तथा सुपरिवेक्षण गर्नका लागि सबै सदस्यहरूको सहमतिबाट लागु गरिएको दस्तावेज हो । यसले समितिअर्न्तगतका प्रतिनिधिहरूका व्यवहार र आचरणमा आवश्यक नियन्त्रण, नियमित तथा निर्देशित गर्ने मान्यता राख्दछ ।

## ५. परिभाषा

- “राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति” भन्नाले राष्ट्रिय निर्वाचनको पर्यवेक्षणका लागि गठित समितिलाई जनाउँदछ । यसपछि यसलाई “समिति” भनिने छ ।
- “पर्यवेक्षक” भन्नाले यस समितिअर्न्तगत सम्बद्ध भई निर्वाचन पर्यवेक्षणका लागि समितिले निर्णय गरी पर्यवेक्षणका लागि खटाइएका प्रतिनिधिहरूलाई मात्र जनाउनेछ ।
- “आचारसंहिता” भन्नाले पर्यवेक्षण कार्यमा संलग्न पर्यवेक्षकहरूका लागि लागु हुने यसै आचारसंहितालाई जनाउँदछ ।

## ६. पर्यवेक्षकका अधिकारहरू

१. संविधानसभा सम्वन्धि सबै प्रकारका निर्वाचन प्रक्रियामा सहभागी हुने ।

२. सबै चुनाव क्षेत्रको अवस्था अवलोकन, गणना र पर्यवेक्षणका लागि अन्य आवश्यक जानकारी लिने ।

३. निर्वाचनलाई नकारात्मक प्रभाव नपर्ने गरी निर्वाचनमा संलग्न पदाधिकारी, सुरक्षाकर्मी र राजनीतिक दलका प्रतिनिधिहरूसँग निर्वाचन प्रक्रियाका बारेमा जिज्ञासा राख्न पाउने ।

४. निर्वाचन प्रक्रियाका सर्न्दभमा निर्वाचन आयोगअर्न्तगतका निकायबाट आयोजना हुने बैठक तथा छलफल कार्यक्रममा सहभागी हुन पाउने ।

५. कुनै निर्वाचन क्षेत्रमा पर्यवेक्षण समन्वयका लागि पर्यवेक्षणमा सहभागी पर्यवेक्षकहरूको बैठक तथा इकाइ खडा गरी पर्यवेक्षणको प्रभावकारीताका लागि आवश्यक समन्वय गर्ने र सो को जानकारी समितिमा गराउने ।

६. राजनीतिक दलहरूले आयोजना गरेको र्‍याली तथा सभाहरूमा राजनीतिक दलको प्रचार प्रचार तथा सहयोग हुने गरी कुनैपनि काम गर्न नपाइने गरी दल तथा तिनीहरूको भातृ संगठनका क्रियाकलापहरूको पर्यवेक्षण गर्ने ।

७. निर्वाचन प्रक्रियाका बारेमा सम्बन्धित निर्वाचन अधिकृत वा आधिकारीक प्रतिनिधिहरूलाई निर्वाचन प्रक्रियाका बारेमा जानकारी गराउने ।

८. पर्यवेक्षण कार्य सम्पन्न भएपछि तोकिएको निर्वाचन क्षेत्रको सम्पूर्ण बस्तुस्थिति र निर्वाचन पर्यवेक्षणका लागि निर्धारित शर्तहरू पूरा गरिएको प्रतिवेदन तोकिएको समय भित्र समितिमा पेश गर्ने ।

९. निर्वाचन आयोगले जारी गरेको संविधानसभा सदस्य निर्वाचन आचार संहिता, २०७० मा भएका व्यवस्थालाई पालना गर्ने । साथै, आचार संहिता उल्लंघन भएको पाइएमा निर्वाचन आचार संहितावमोजिम सम्बन्धित निर्वाचन कार्यालयमा कारवाहीका लागि उजुरी गर्ने ।

## ७. पर्यवेक्षकले अनिवार्यरूपमा पालना गर्नुपर्ने विषयहरू

### ७.१ व्यक्तिगत आचारसंहिता

१. यस समितिको क्रियाकलापलाई सदैव विशुद्ध बनाई राख्न जिम्मेवार प्रतिनिधिको भूमिका निर्वाह गर्ने ।

२. आफ्नो पेशागत नैतिकता एवं मर्यादालाई उच्च प्राथमिकता दिनु पर्नेछ ।

३. सामाजिक शिष्टताको सम्मान गर्दै लेखन तथा प्रस्तुति शैली नैतिक, शिष्ट एवम् मर्यादित हुनुपर्छ । साथै भाषाको प्रयोगमा सजगता अपनाउनुपर्छ ।
४. प्रचलित निर्वाचन तथा कुनै पनि कानूनको बर्खिलाप हुने गरी कुनै कार्य गर्न/गराउन पाइने छैन ।
५. राष्ट्रिय अखण्डता, सार्वभौमसत्ता र सामाजिक सहिष्णुता विरूद्धका क्रियाकलापहरूमा संलग्न हुनु हुँदैन ।
६. तथ्यलाई तोडमरोड गरी बङ्ग्याउने, अनुचित लाभका लागि दिग्भ्रमित पार्ने तथा तथ्यहीन टिप्पणी सार्वजनिक गर्न/गराउन पाइने छैन ।
७. पर्यवेक्षक कुनै पनि राजनीतिक दल तथा सो को भातृ संगठनको प्रलोभनमा पर्नुहुँदैन तथा ती निकायहरूबाट कुनैपनि प्रकारको दान, दातव्य तथा उपहार ग्रहण गर्नु/गराउनु हुँदैन ।
८. कुनै पनि प्रकारको हात हतियार लिई पर्यवेक्षणमा सहभागी हुन पाइने छैन ।

### ७.२ पेशागत आचारसंहिता

१. पर्यवेक्षणमा सहभागी हुने प्रतिनिधि कुनै पनि राजनीतिक दल तथा संगठनको साधारण तथा सक्रिय सदस्य नभएको हुनुपर्नेछ साथै कुनै पनि राजनीतिक दलको उम्मेदवार हुन पाइने छैन ।
२. अन्य पर्यवेक्षण निकायसँग समन्वय र सद्भाव राख्नु पर्नेछ ।
३. आफु पर्यवेक्षक हो भन्ने जानकारीसहितको परिचयपत्र देखिने ठाउँमा लगाई पर्यवेक्षणमा सहभागी हुनु पर्दछ ।
४. समितिको आधिकारीक निकायबाट अनुमति नलिई पर्यवेक्षणसम्वन्धी कुनैपनि समितिको भनाई तथा धारणा राख्नु तथा व्यक्त गर्नुहुँदैन।
५. चुनाव तथा मतदानको प्रक्रियालाई अबरूद्ध पार्ने कुनैपनि कार्य गर्नु गराउनु हुँदैन ।
६. निर्वाचनमा सहभागी हुने निर्वाचन प्रतिनिधिहरूसँग सद्भाव देखाउने ।
७. आचारसंहिताको उल्लंघन र कारवाही :
यस आचारसंहिताको उल्लंघन भएको पाइएमा त्यस्तो प्रतिनिधिलाई समितिबाट निर्णय गरी पर्यवेक्षकको जिम्मेवारीबाट मुक्त गर्न सकिने छ ।

## ९. लागू हुने मिति

यो आचारसंहिता संविधानसभाको चुनावको पर्यवेक्षणका लागि समितिले तोकेको मितिदेखि लागु भई संविधानसभाको निर्वाचन सम्पन्न भएपछि स्वतः समाप्त हुनेछ ।

## १०. संशोधन

समितिको निर्णयअनुसार आवश्यकताअनुसार यसलाई संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

# संविधानसभा सदस्य निर्वाचन पर्यवेक्षण प्रतिवेदनको नमुना

**क) प्रारम्भिक**

- पर्यवेक्षण संस्थाको नाम : राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक)
- संस्था प्रमुख :
- ठेगाना :
- पर्यवेक्षण संस्थाबारे संक्षिप्त परिचय :
- विदेशी संस्थाहरूबाट प्राप्त सहयोग - (आर्थिक, प्राविधि, तालीम वा अन्य केही भए) :

**ख) विधि प्रक्रिया**

- पर्यवेक्षकको संख्या :
    - लामो अवधिको पर्यवेक्षक :
    - छोटो अवधिको पर्यवेक्षक :
- पर्यवेक्षक तैनाथी गरिएका ............... जिल्ला .............. वटै निर्वाचन क्षेत्रका ............. मतदान केन्द्रको संख्या र पर्यवेक्षण गरिएका मतदान केन्द्रहरू :
- पर्यवेक्षणमा प्रयोग गरिएका प्रश्नावलीहरूको नमुना

**ग) मूल्याङ्कन प्रतिवेदन**

- मतदान पूर्वको पर्यवेक्षण सम्बन्धी विवरण
    - निर्वाचनको तयारी र व्यवस्थापन– निर्वाचन सामग्रिहरूको ढुवानी, भण्डारण र सुरक्षा
    - निर्वाचन आयोग, निर्वाचन अधिकृत, जिल्ला निर्वाचन अधिकारीहरू र मतदान अधिकृतको भूमिका।
    - मतदाता शिक्षा– मतदाता शिक्षा सम्बन्धी कार्यक्रम र प्रभाव
    - मतदानमा खटिने कर्मचारीहरूको तालीम र क्षमता सम्बन्धी
    - उम्मेदवारको मनोनयन प्रक्रिया
    - राजनीतिक दल/उम्मेदवारको निर्वाचन सम्बन्धी प्रचार प्रसार
    - सुरक्षा व्यवस्था (मतदाता, मतदानकेन्द्र, उम्मेदवार)
    - मतदान केन्द्र
    - आचारसंहिताको प्रयोग र पालना
    - आचारसंहिता उल्लंघन विरुद्ध उजुरी र सुनुवाई
    - सरोकारवालाहरूको भूमिका
    - महिला मतदाता,पर्यवेक्षक र उम्मेदवारको सुरक्षा

- मतदानको दिनको विवरण
    - मतदानकेन्द्रहरूमा देखिएको सामान्य वातावरण-(मतदानकेन्द्रसम्मको व्यवस्था, पहुँच, सुरक्षा आदि)

- ❖ मतदानकेन्द्रहरूमा पर्यवेक्षकहरूको उपस्थिति र गतिविधि
- ❖ उम्मेदवार वा प्रतिनिधिहरूको मतादनकेन्द्रमा उपस्थिति
- ❖ मतदान केन्द्रहरूमा मतदाताहरूका लागि गरिएको व्यवस्था
- ❖ मतदाताको पहिचान सम्बन्धी व्यवस्था
- ❖ मतपत्र-जारी प्रक्रिया, दस्तखत
- ❖ निर्वाचन सामाग्रिहरूको पर्याप्तता
- ❖ मतदाताको गोपनियता
- ❖ महिला मतदाताका लाीग व्यवस्था
- ❖ असक्त अपाङ्गहरूको लागि व्यवस्था
- ❖ मतदान कार्यमा कुनै किसिमको अवरोध, बाधा व्यवधान
- ❖ उजुरी र व्यवस्थापन
- ❖ मतदान सम्पन्न भएपछि गरिएका व्यवस्था
- ❖ मतदान अधिकृत तथा कर्मचारी र सुरक्षाकर्मीको भूमिका

- मतगणना सम्बन्धी विवरण
  - ❖ मतदान केन्द्रबाट मतगणना स्थलसम्म मतपेटिका ल्याउँदाको व्यवस्था
  - ❖ मतगणना पूर्वको तयारी
  - ❖ मतगणना प्रक्रिया
  - ❖ मतगणनाको परिणामको घोषणा तथा प्रचार
  - ❖ मतगणना स्थलमा उम्मेदवार/पर्यवेक्षक/प्रेसको उपस्थिति र अवलोकन
  - ❖ मतगणनास्थलको सुरक्षा व्यवस्था
  - ❖ मतगणनापछिको सुरक्षा व्यवस्था
  - ❖ उजुरी र व्यवस्थापन
  - ❖ पुनः मतगणनाको स्थिति

**घ) निष्कर्ष र सुझाव (पर्यवेक्षकले निचोडको रुपमा पेस गर्नुपर्ने)**

मिति :..............................

# अनुसूचीहरू

अनुसूची - १

**सवारी संख्या १/२**
**(दफा ४० सँग सम्बन्धित)**
**सवारी साधन प्रयोग गर्ने निस्सा**

निर्वाचन अधिकृतको कार्यालय

निर्वाचन क्षेत्र नं...............

जिल्ला...........

सवारी साधन धनीको नाम, थर, वतन :.........................................................

सवारी साधन दर्ता नं :...........................

सवारी साधन दर्ता इजाजत पत्र प्राप्त गरेको जिल्ला/अञ्चल .................

सवारी साधन प्रयोग गर्ने उम्मेदवारको नाम, थर, वतन.....................

राजनीतिक दलको नाम .....................................

अनुमति वहाल रहने अवधि ...................................

अनुसूची - २

## दफा ९६ को उपदफा (१),(२) र (३) सँग सम्बन्धित.
## निर्वाचन खर्चको सीमा

क. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत उम्मेदवारले गर्न पाउने निर्वाचन खर्चको अधिकतम सीमा

१. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा उम्मेदवारले जम्मा दश लाख रुपैंया खर्च गर्न सक्नेछ।

२. प्रकरण नं. १ मा उल्लिखित खर्च देहायका शीर्षकमा गर्न सकिने छ।

| क्र.स. | खर्च शीर्षक | खर्च (रू) |
|---|---|---|
| १. | मतदाता नामावली खरिद | |
| २. | सवारी साधन - १/घोडा - २ | |
| ३. | सवारी इन्धन/दाना | |
| ४. | पर्चा छपाई | |
| ५. | ढुवानी | |
| ६. | आमसभा, गोष्ठी | |
| ७. | अन्य प्रचार-प्रसार छापा एवं विद्युतीय माध्यम | |
| ८. | कार्यालय सञ्चालन | |
| ९. | कार्यकर्ता परिचालन | |
| १०. | बुथ खर्च | |
| ११. | विविध | |
| | **जम्मा :** | |

ख. समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत राजनीतिक दलले गर्न पाउने खर्चको अधिकतम सीमा

समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत राजनीतिक दलले आफूले पेश गरेको बन्द सूचीमा उम्मेदवारी दिएको उम्मेदवारको संख्या अनुसार प्रति उम्मेदवार रु. पचहत्तर हजारका दरले हुन आउने रकम सम्म खर्च गर्न सक्नेछ।

अनुसूची - ३

## दफा ९६ को उपदफा (२) सँग सम्बन्धित.
## निर्वाचन खर्चको विवरण

श्री जिल्ला निर्वाचन कार्यालय,
.................... जिल्ला,

संविधानसभा सदस्यको निर्वाचनको लागि ............................. जिल्ला, निर्वाचन क्षेत्र नं. .................... बाट म/श्री/श्रीमती/सुश्री ........................................... उम्मेदवार भएकोमा सो सम्बन्धमा मैले/निज उम्मेदवारले गरेको सम्पूर्ण खर्चको विवरण संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० को दफा ६९ को उपदफा (४) तथा संविधानसभा सदस्य निर्वाचन आचार संहिता, २०७० को दफा ९६ बमोजिम प्रस्तुत गरेको छु। निर्वाचन खर्चको विवरण देहाय बमोजिम छ :-

| क्र.स. | खर्चको शीर्षक | कार्य परिमाण | खर्च (रू) | कैफियत |
|---|---|---|---|---|
| १. | मतदाता नामावली खरिद | | | |
| २. | सवारी साधन/घोडा | | | |
| ३. | सवारी इन्धन/दाना | | | |
| ४. | पर्चा छपाई | | | |
| ५. | ढुवानी | | | |
| ६. | आमसभा, गोष्ठी | | | |
| ७. | अन्य प्रचार-प्रसार छापा एवं विद्युतीय माध्यम. | | | |
| ८. | कार्यालय सञ्चालन | | | |
| ९. | कार्यकर्ता परिचालन | | | |
| १०. | बुथ खर्च | | | |
| ११. | विविध | | | |
| | कुल जम्मा | | | |

**सही :**
**नाम, थर :**
**मिति :**
**उम्मेदवार/निर्वाचन प्रतिनिधि :**

अनुसूची - ४

**दफा ९६ को उपदफा (३) सँग सम्बन्धित**
**निर्वाचन खर्चको विवरण**

श्री निर्वाचन आयोग,
कान्तिपथ, काठमाडौं ।

संविधानसभा सदस्यको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत ................................ राजनीतिक दलले गरेको सम्पूर्ण खर्चको विवरण संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० को दफा ६९ को उपदफा (४) तथा संविधानसभा सदस्य निर्वाचन आचार संहिता, २०७० को दफा ९६ बमोजिम प्रस्तुत गरेको छु। निर्वाचन खर्चको विवरण देहाय बमोजिम छ :-

| **क्र.स.** | **खर्चको शीर्षक** | **कार्य परिमाण** | **खर्च (रू)** | **कैफियत** |
|---|---|---|---|---|
| १. | मतदाता नामावली खरिद | | | |
| २. | सवारी साधन/घोडा | | | |
| ३. | सवारी इन्धन/दाना | | | |
| ४. | पर्चा छपाई | | | |
| ५. | ढुवानी | | | |
| ६. | आमसभा, गोष्ठी | | | |
| ७. | अन्य प्रचार-प्रसार छापा एवं विद्युतीय माध्यम | | | |
| ८. | कार्यालय सञ्चालन | | | |
| ९. | कार्यकर्ता परिचालन | | | |
| १०. | बुथ खर्च | | | |
| ११. | विविध | | | |
| | कुल जम्मा | | | |

**सही :**
**नाम, थर :**
**राजनीतिक दलको नाम :**
**पद :**
**मिति :**
**(नेपाल राजपत्रमा प्रकाशित एवं स्वीकृत मिति–२०७०।३।२६)**

# सन्दर्भ सामाग्रीहरू


- Taiwan Legislative Election 2004, Report of international Observation Mission, ANFREL
- Getting The Facts Down, Documenting Human Rights Violations, Forum-Asia
- संविधानसभा निर्वाचन-२०६४, निर्वाचन पर्यवेक्षण प्रतिवेदन, नियोक
- संविधानसभाको खाका : लोकतन्त्रको भाका – २०६३, डा. गोपाल कृष्ण सिवाकोटी
- निर्वाचन एक परिचय, सचेतन पुस्तिका, इन्सेक
- संविधानसभा सदस्य निर्वाचनका विषयमा बरोबर सोधिने प्रश्न र सोको उत्तर-२०६४, निर्वाचन आयोग नेपाल
- निर्वाचन पर्यवेक्षण निर्देशिका-२०५६, नियोक
- पत्रकार आचारसंहिता-२०६०, प्रेस काउन्सिल नेपाल
- नेपालको अन्तरिम संविधान-२०६३, नेपाल राजपत्र
- संविधानसभा निर्वाचन-२०६४, पर्यवेक्षण पासपोर्ट, नियोक
- सूचनाको स्वतन्त्रता एक तुलनात्मक कानुनी सर्वेक्षण, सेडुर्डेस
- संविधानसभा सदस्य निर्वाचन-२०६४, निर्वाचन परिणाम पुस्तिका, निर्वाचन आयोग नेपाल
- मानवअधिकारको दृष्टिमा संविधानसभा निर्वाचन, अनुगमन प्रतिवेदन-२०६५, राष्ट्रिय मानवअधिकार आयोग
- नियोकद्वारा विभिन्न समयमा उत्पादन गरिएका प्रतिवेदन तथा सामग्रीहरू


**हामीलाई -**

तपाईको सुरक्षा निकै महत्वपूर्ण लागेको छ।

महत्वपूर्ण प्रतिवेदन र समाचारको पनि आवश्यकता छ।

## नियोक केन्द्रीय कार्यसमिति

| नाम | पद | मोबाइल नं. | इमेल |
|---|---|---|---|
| सूर्य प्रसाद श्रेष्ठ | अध्यक्ष | ९८५१०२६२८२ | suryapshrestha@hotmail.com |
| प्रा. कपिल श्रेष्ठ | उपाध्यक्ष | ९८५१०१७२७७ | kapil.shrestha6@gmail.com |
| डा. नेत्र तिम्सिना | उपाध्यक्ष | ९८५१०००६३३ | nptimsina@gmail.com |
| गंगा कसजू | उपाध्यक्ष | ९८४१२२७५७३ | ganga@kasajoo.com |
| विष्णुपुकार श्रेष्ठ | उपाध्यक्ष | ९८४१५१०६८२ | himal2005@gmail.com |
| केदार खड्का | उपाध्यक्ष | ९८५१०७२२२५ | kedarkhadka@hotmail.com<br>kedarkhadka11@gmail.com |
| डा. गोपाल कृष्ण सिवाकोटी | महासचिव | ९८५१०३५८७६ | ceasefire_nepal@yahoo.com<br>gopal.nepal@gmail.com |
| शोभा गौतम | सचिव | ९८५१०४०१६५ | shobha.gautam@gmail.com |
| भवानी प्रसाद खरेल | कोषाध्यक्ष | ९८५१०७७५७० | bhawani.kharel@gmail.com |
| चरण प्रसाइ | सदस्य | ९८५१०४२६८१ | cprasai@gmail.com |
| डा. गौरीशंकर लाल दास | सदस्य | ९८०३२५८७४४ | gsl_das@yahoo.com |
| शान्तलाल मुल्मी | सदस्य | ९८५१०५६३०३ | s_mulmi@yahoo.com |
| सुदर्शन सुवेदी | सदस्य | ९८५१०५९३६०<br>९७५१०५९३६० | shudarsons@gmail.com |
| तेज सुनार | सदस्य | ९८५१०६७५३९ | tejsunar@hotmail.com,<br>tejsunar@yahoo.com |
| रणबहादुर थेवें | सदस्य | ९८४१२३७१५९ | ran_thebe@yahoo.com<br>rbthebe@yahoo.com |
| स्टेला तामाङ | सदस्य | ९८५१०३०४३७ | reachstella@yahoo.com |
| दुर्गा सोब | सदस्य | ९८५१०८३२३१ | durgasob@hotmail.com<br>durga_sob@yahoo.com |

## नियोक केन्द्रीय सचिवालय/स्वयंसेवक

| नाम | जिम्मेवारी | मोबाइल नं. | इमेल |
|---|---|---|---|
| डा. गोपाल कृष्ण सिवाकोटी | परियोजना निर्देशक | ९८५१०३५८७६ | ceasefire_nepal@yahoo.com<br>gopal.nepal@gmail.com |
| कृष्ण प्रसाद सुवेदी | प्रकाशन/पर्यवेक्षक व्यवस्थापन | ९८५१०५०६८५ | sudedik@gmail.com |
| स्नेहा पौडेल | लेखा तथा प्रशासन | ९८४१७३५३०६ | sneha.poudyal14@gmail.com |
| दीपिका नाइडु | कार्यक्रम अधिकृत | ९८४१३०८८८१ | deepsnaidu@gmail.com |
| बिकल श्रेष्ठ | कार्यक्रम अधिकृत | ९८४१४५५५०४ | itisbikal@yahoo.com |
| गीता बिष्ट | कप्यूटर/जनसम्पर्क | ९८४९८८३१७३ | sangharshi.gb@gmail.com |
| बिन्दा नेपाली | स्वयंसेवक | ९८१३८९९६२४ | binda.lakhe@gmail.com |
| पार्वती पौडेल | कार्यालय सहयोगी | ९८४९१२१३६७ | neocnepal1991@gmail.com |

## Organizational Profile

A coalition consisting of human rights groups, civil society organizations and distinguished individuals, NEOC has come into being in pursuant to the principles of universal adult suffrage enshrined in the UDHR and ICCPR. It was established in 1991 in view of observing the General Elections of that year as a pioneering civil society body. It has been continuously observing all local and national elections held in the country including the historic CA election of 2008 with deployment of domestic and international observers. The activities of NEOC are designed not only to merely observe the actual polls but also to enhance systematic campaign to ensure free, fair and peaceful elections in combination through observation of voter registration process and the enhancement of electoral education programs. NEOC is engaged as a democracy watch flagship organization primarily focused on the study, training, advocacy and lobbying for the development of an appropriate electoral model in the new constitution of the country.

A founding member of Asian Network for Free Elections (ANFREL), it serves in the organization's Board of Directors since 2008 and has participated in many international observation missions. NEOC was also involved in the drafting process of the recently promulgated Bangkok Declaration on Free and Fair Elections under the auspicious of ANFREL.

Currently, NEOC is implementing a three year-long project titled "Enhancing Electoral Education and Observation of Elections in Nepal" with the financial assistance of the European Union. Formally commenced from the 24th of February 2012, the project is being implemented across all existing 240 electoral constituencies of the country in close coordination with NEOC's regional and district chapters and other concerned stakeholders. The overall objective of the project is to enhance public knowledge, understanding and empowerment on freedom of elections; promote accountability of political parties on the sanctity of elections as well as ensure compliance with the fundamentals of electoral democracy by all the stakeholders.

**National Election Observation Committee (NEOC)**
***National Secretariat***
Satoaki Memorial Building, Kupondole-10, Lalitpur, Nepal
GPO Box: 26550, Tel: +977-1-5541502, Fax: 01-5541503
E-mail: neoc@wlink.com.np, neocnepal1991@gmail.com
Website: www.neocelection.org

**Financial Assistance:**
**European Union (EU)**